CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४७ पूर्णाङ्क

वि.सं. २०८१ आषाढ

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका









संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३७ वर्ष

३ अङ्क

वि.सं. २०८१ आषाढ

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

मूल्य रु. ६००।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१.	वि.सं. १५६२ को भैँचालो	३०१-३०६
२.	पाल्पाली राजा वीर सेनको लागि वि.सं. १५९३ मा सारिएको *वाजसनेयिसंहिता*को पुष्पिका	३०७-३०९
३.	Four Inscriptions from Hanuman Dhoka Treasury	३१०-३२७
४.	जगज्जय मल्लको ताम्रपत्र	३२८-३३०
५.	जयप्रकाश मल्लको दानपत्र– जगन्नाथमन्दिरको कृष्णमन्दिरको	३३१-३४३
६.	थलाराका रेग्मीहरूको वंशावली	३४४-३४९
७.	Endowing Temples in Nepal: a Selection of Historical Documents	३५०-३५७
८.	पृथ्वीनारायण शाहको लालमोहर	३५८-३५९
९.	युवराज प्रतापसिंह शाहको लागि सारिएको *ताराभक्तिसुधार्णव*	३६०-३६२
१०.	वि.सं. १८८० देखि १९३६/३७ भित्रका १८ वटा राजकीय पत्र	३६३-४०८
११.	नयराज पन्तको वि.सं. २००४ को टिपोट	४०९-४२८
१२.	पण्डित महानन्द र चिरञ्जीवी पाँडे	४२९-४३६
१३.	कस्तो सम्पादन !	४३७-४३८

कम्प्युटर टाइपिङ र लेआउट गर्ने–

शर्मिला मल्ल कर्माचार्य

शोभाभगवतीमार्ग, काठमाडौँ

मोबाइल नं. ९८४१४२६१०२

विकास महर्जन

सानागाउँ, ललितपुर

मोबाइल नं. ९८६२९०५२३२

मुद्रक–

के. एम. प्रिन्टर्स

ताम्सीपाखा-१८, काठमाडौँ

मोबाइल नं. ९८५१०६६३२४

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल

१०८ राजावीरेन्द्रमार्ग, काठमाडौँ, नेपाल

मोबाइल नं. ९८४००१७३३४, ९८४१४२६१०२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १५६२ को भैँचालो

- महेशराज पन्त र बलराम लामिछाने

भैँचालोले भत्केको चाँगुनारायणको मन्दिरको जीर्णोद्धार ने.सं. ६२७ (वि.सं. १५६४)मा भक्तपुरका राजा राय मल्ल (वि.सं. १५०६-१५६६, राज्यकाल वि.सं. १५३८-१५६६)की नातिनी (छोराकी छोरी) देवकीले गरिन् भन्ने चाँगुनारायणको भण्डारमा राखिएको एउटा सुवर्णपत्र (सुनको जलप लगाएको ताम्रपत्र)बाट बुझिन्छ–

मूलपाठ

१. **१ ॐ नमो भगवते वासुदेवाय ।।**

यो लीलया विश्वमिदं सृजत्यवति हन्ति

२. **च**

तस्मै नमोऽस्तु देवाय दोलाशिखरवासिने ।।

आसीच्छ्रीजयरायमल्लनृप-

३. **तिः सूर्यान्वये धर्मधी-**

स्तत्पौत्री कमलोपमा गुणवती श्रीदेवकी विश्रुता ।

भूकं-

४. **पेन विदारितं हरिगृहाद्वारं[१] प्रचक्रे तया**

अब्देऽद्रौ युगले रसे सितशुचौ मासे

५. **ऽम्बिकायास्तिथौ ।। ।।**

श्रीश्रीगरुडनारायणस देवल ، भूमिकंपन स्य-

६. **डाव ، श्रीश्रीदेवकीदेवी ठकुरिणीस्यं ह्वंङा जुरो ।।**

सम्वत् ६२७ आषाढशुक्लतृ-

७. **तीयायां तिथौ ، पुष्यनक्षत्रे आदित्यवासरे ध्वकोह्नु देवल सिधु जुरों ، शुभ ।।**

(यो अभिलेख मोहनप्रसाद खनाल २०४०:२०१ मा [अभिलेख]संख्या ५२ को रूपमा प्रकाशित छ । त्यही पुस्तकमा दिइएको यस अभिलेखको फोटो (चित्रसंख्या ४५)सँग रुजू गरी माथिको पाठ दिइएको हो ।)

---

१. हरिगृहद्वारं हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उल्था

ॐ भगवान् वासुदेवलाई नमस्कार ।

जसले लीलाद्वारा यस विश्वको सृष्टि गर्नुहुन्छ, रक्षा गर्नुहुन्छ र नाश गर्नुहुन्छ, उहाँ दोलाशिखर (चाँगुको डाँडो)मा बस्ने देवता (चाँगुनारायण)लाई नमस्कार छ ।

सूर्यवंशमा श्रीजयराय मल्ल भन्ने धर्ममा बुद्धि भएका राजा भइबक्सन्थ्यो ।[२] उहाँकी नातिनी (छोराकी छोरी), लक्ष्मीसँग दाँजिने, गुण भएकी, श्रीदेवकी प्रख्यात भइबक्सन्छ । भैँचालोले चिरेको हरिको मन्दिरको द्वार संवत् ६२७ मा, असार महीनामा, शुक्ल[पक्ष]मा, अम्बिकाको तिथिमा (तृतीयामा) उहाँबाट बनाइबक्स्यो ।

श्रीश्रीश्रीगरुडनारायण (चाँगुनारायण)को देवल भैँचालोले बिग्रेकोले श्रीश्रीदेवकीदेवी ठकुर्नीबाट जीर्णोद्धार गरिबक्स्यो । संवत् ६२७ आषाढशुक्लतृतीया तिथिमा, पुष्यनक्षत्रमा, आइतवारमा यस दिन देवल [बनाउने काम] सिद्धियो । शुभ ।।

यस सुवर्णपत्रमा भैँचालोले भत्केको मन्दिरको जीर्णोद्धार ने.सं. ६२७ (वि.सं. १५६४) आषाढशुक्ल-तृतीयामा पूरा भयो भनी लेखिए तापनि त्यो भैँचालो कहिले गएको थियो भन्ने यसबाट स्पष्ट हुँदैन । यसैले नेपालमा गएका भैँचालोको नालीबेली दिँदा **वि.सं. १५६४ आषाढशुक्लतृतीयाभन्दा अगाडि** गएको भैँचालो भनी काम चलाइएको थियो (महेशराज पन्त २०६९:७, २०७२:४) ।

भोटभाषामा त्यसैताका लेखिएका ४ थरी वृत्तान्तको आधारमा वि.सं. १५६२ मा गएको भैँचालोको विषयमा वि.सं. २०६६ मा छापिएको, भोटसम्बन्धी लेखका सङ्ग्रह भएको एउटा पुस्तकमा एउटा लेख छापिएको रहेछ (डेभिड ज्याक्सन २०६६:१४७-१५९) ।

ती ४ थरी वृत्तान्तमध्ये पहिलो माङ युल गुङ थाङमा बसिरहेका लामा चुन पा छ्यो लेग[३] (वि.सं. १४९४-१५७८)[४]को आत्मचरित हो । बाँकी ३ वटा लोबो (मुस्ताङ)का लामाहरूका आत्मचरित वा अरूले लेखेका उनीहरूका चरित हुन् । खुलाएर भन्दा, ती ३ वटामध्ये पहिलो ज्याम याङ रिन छेन ग्याल छेन (वि.सं. १५०२-१६१५)को चरित, दोस्रो लोबो खान्छेन सोनाम ल्हुन्ड्रुब (वि.सं. १५१३-१५८९)

---

२. राय मल्ल ने.सं. ६३० (वि.सं. १५६६) मार्गकृष्णसप्तमीको दिन परलोक भएकाले (महेशराज पन्त २०३७:२१) र राजाको हैसियतले उनका अभिलेख ने.सं. ६३० (वि.सं. १५६६) कार्तिककृष्णअष्टमीसम्मका पाइएकाले (महेशराज पन्त २०५६:१४-१५), ने.सं. ६२७ (वि.सं. १५६४) आषाढशुक्लतृतियाको यस सुवर्णपत्रमा उनको विषयमा लेख्दा भूतकाल बुझाउने **आसीत्**को प्रयोग अलि सुहाएन ।

३. विराटराज वज्राचार्यको सहयोगबाट भोटभाषाका शब्द यहाँ र तल हाम्रो लिपिमा बदलिएको हो ।

४. यी लामाहरूको समय ई.सं.मा दिँदा महीना आदि नखुलाई खालि संवत् मात्र दिइएकोले ई.सं.मा ५७ जोडेर यहाँ र तल वि.सं. बनाइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

को आत्मचरित र तेस्रो कुन्गा ड्रोल्छोग (वि.सं. १५६४-१६२३)ले लेखेको, आफ्ना गुरु लोबो खान्छेन सोनाम ल्हुन्डुबको चरित हो ।

यी ४ थरी वृत्तान्तमध्ये चुन पा छ्यो लेगको आत्मचरित र ज्याम याङ रिन छेन ग्याल छेनको चरितमा दिइएका भैँचालोसम्बन्धी वर्णनबाट बढी सूचना पाइने हुनाले यी २ पुस्तकबाट मात्र उद्धरण गरिन्छ । यी दुवै उद्धरणको आधार डेभिड ज्याक्सनको अङ्ग्रेजी रूपान्तर हो भनी भनिरहनु नपर्ला ।

सबभन्दा पहिले चुन पा छ्यो लेगको आत्मचरितबाट–

> षष्टिवर्षचक्रानुसारी काठ-साँढे वर्षको पाँचौँ चान्द्र मासको छैटौँ दिनमा बिहान भैँचालो शुरू भयो । त्यस दिन बिहान चौध-पन्ध्रचोटि नै भैँचालोको झट्का आएको थाहा भयो । त्यस भैँचालोको झट्का माङ युल गुङ थाङदेखि पुरङ र गुगेसम्म गयो । माङ युल गुङ थाङमा त्यति बिदि असर परेन जति लोबो (मुस्ताङ)को पश्चिमपट्टिका प्रदेशमा पर्‍यो । यस भैँचालोको ठूलो असर लोबो, पुरङ र गुगेलगायत मोन (भोट र भारतको बीचको, गैरभोटेहरूको बसोबास भएको पश्चिम नेपालको पहाड)मा र सि रिब (कालीगण्डकीदूनमा लोबोको ठीक दक्षिणमा पर्ने, थकालीहरूको बसोबास भएको ठाउँ)मा पर्‍यो । त्यहाँ धेरै घर भत्केकाले थुप्रै मानिस मरे । माङ युल गुङ थाङका राजाको राज्यमा त्यति धेरै खति नभए पनि त्यस राज्यका दक्षिण र पश्चिम भूभाग (नुब्रि र क्यिरोङ)मा धेरै घर ध्वस्त भए, त्यति धेरै मानिस भने मरेनन् । आफू बस्ने घरको छाना बनाउने बन्दोबस्त गरिरहेको वेलामा भैँचालो आउँदा मुसीको चेपुवामा परी माङ युल गुङ थाङका राजा बिते । भैँचाला जानुभन्दा अगाडि पटक पटक आएको बिजुलीको गड्याङगुड्डुङले भैँचालोको, खास गरी राजाको मृत्युको सङ्केत दियो (डेभिड ज्याक्सन २०६६:१५०-१५१ बाट) ।

अब ज्याम याङ रिन छेन ग्याल छेनको चरितबाट–

> साँढे वर्षमा वर्ष दिनभित्र ३० पटक जति भैँचालो गयो । तीन महीनाभित्र कि ठूलो भैँचालो आउँछ कि चट्याङ र असिना पर्छ, यसबाट केही मानिस अवश्य मर्छन् भनी यो वर्ष शुरू हुँदा ज्याम याङ रिन छेन ग्याल छेनले भनेका थिए । मानिसहरूलाई अग्लो घरमा नबस्नू, भिराला डाँडामा नजानू भनी उनले भनेका थिए । ठूलो भैँचालो जानुभन्दा ३ महीनाअगाडि लोबोका राजा र अरू मुख्य मुख्य मानिसहरूलाई यस्तो सल्लाह उनले दिएका थिए । आफू बस्नको लागि उनले होचो घर बनाए र पाल टाँगी उनी बसे । अहिले भइरहेको अवस्थामा धेरै नै फरक आउने भएकोले तिनीहरूलाई धर्मकर्म गर्नू भनी उनले सल्लाह दिए, तर मेरा आफ्नै छोराहरू र चेलाहरूसमेत मेरो कुरा सुन्दैनन् भनी उनी गुनासो गर्थे ।
>
> उनको गुम्बामा माथिल्लो र तल्लो घरमा बस्ने सबैलाई तिमीहरू घरभित्रै बसिरह्यौ भने राम्रो हुँदैन, नबस भनी साँढे वर्षको पाँचौँ महीनाको पाँचौँ दिनमा झिसमिसेमा उनले चिच्याएर भने । पहाडको टुप्पोमा सूर्य उदाएपछि उनी एउटा चटाई लिई खेततिर लागे । त्यसको केही बेरपछि खप्नै नसक्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरी, मानो आकाश तल र पृथ्वी माथि गए जस्तो गरी पाँचपटक ठूलठूलो भैँचालो गयो । धेरै मानिसको खति भयो । धेरै गुम्बा र राजाका दरबार पनि जमीनमा मिले, खुद उनकै घर पनि झण्डै भत्केको थियो । आफ्नो गुम्बा, आफ्ना अनुयायी र जजमान– मुस्ताङका राजा र उनका छोरा–लाई केही नहोओस् भनी आफ्नो अभ्यास र आध्यात्मिक परम्पराको शुद्धतालाई आवाहन गर्दै उनी चिच्याए । तिनीहरू कसैलाई केही भएन । सारा प्रदेश नै नष्ट भए पनि उनको आफ्नो घर, गुम्बा र भिक्षुहरू बस्ने घरहरूमा नोक्सानी हुँदै भएन भनी भने पनि हुन्छ । यसरी उनको आफ्नो बोलीको सत्यता र उनको परम्पराको प्रामाण्य स्थापित भयो (डेभ़िड ज्याक्‌सन २०६६:१५१-१५२) ।

माथि उद्धरण गरिएका २ थरी वृत्तान्तमध्ये पहिलोमा पाँचौँ महीनाको छैटौँ दिनमा र दोस्रोमा चाहिँ पाँचौँ महीनाको पाँचौँ दिनमा यो भैँचालो गएको हो भनी लेखिएकोले मिति दिँदा २ थरी आकरमा एक मत नभई १ दिनको फरक पर्न गएको देखिन्छ । भोटको कालगणनासम्बन्धी सारणी (दीतर शुह २०३०)अनुसार काठ-साँढे वर्षको पाँचौँ महीनाको पाँचौँ दिन भनेको ई. सं. १५०५ जून ६ तारीख शुक्रवार र त्यही वर्षको त्यही महीनाको छैटौँ दिन भनेको ई.सं. १५०५ जून ७ तारीख शनिवार हुन्छ (डेभ़िड ज्याक्‌सन २०६६:१५४) । पहिलेलाई डेभ़िड ज्याक्‌सनले ई.सं. १५०५ जून महीनाको मोटामोटी ८ तारीख र दोस्रोलाई त्यसै गरी ई.सं. १५०५ जून महीनाको मोटामोटी ७ तारीख भनी निष्कर्ष निकालेका छन् (उही:१५१) ।

भैँचालो गएको दिन तात्कालिक वृत्तान्तमध्ये एउटामा एक दिनअगाडि र अर्कोमा एक दिनपछाडि कसरी लेखियो भन्ने कुराको स्पष्टीकरण अझै बाँकी छ । त्यसमाथि, कालगणनाअनुसार पाँचौँ महीनाको पाँचौँ दिन भनेको जून ६ तारीख र यही महीनाको छैटौँ दिन भनेको जून ७ तारीख हुँदा हुँदै पनि ती दुवै तारीखमा **मोटमोटी** भन्ने विशेषण किन लगाइयो ?

अब ई.सं. १५०५ जून ६,७ र ८ तारीखलाई हाम्रो तिथिमितिमा परिणत गरौँ ।

ई.सं. १५०५ जून ६ को हाम्रो तिथिमिति

वि.सं. १५६२ आषाढशुक्ल

	गते	वार	तिथि	घडी	पला
आषाढ	९	बृहस्पति	चतुर्थी	५४।	५५

ई.सं. १५०५ जून ७ को हाम्रो तिथिमिति

वि.सं. १५६२ आषाढशुक्ल

	गते	वार	तिथि	घडी	पला
आषाढ	१०	शुक्र	पञ्चमी	४८।	४९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ई.सं. १५०५ जून ८ को हाम्रो तिथिमिति

वि.सं. १५६२ आषाढशुक्ल

गते	वार	तिथि	घडी	पला
आषाढ ११	शनि	षष्ठी	४२।	५६

जे भए पनि डेभिड ज्याक्सनको यस खोजीअनुसार भोटभाषाका आकरको आधारमा वि.सं. १५६२ को आषाढ महीनामा पश्चिम नेपाल र पश्चिम भोटमा ठूलो भैँचालो गएको प्रमाण भेटिएको छ ।[५]

माथि चर्चा गरिएको, पश्चिम नेपाल र पश्चिम भोटमा गएको ठूलो भैँचालोको १ महीनापछि ई.सं. १५०५ जुलाई ६ तारीखको दिन[६] आएको भैँचालोबाट आगरा शहर ध्वस्त भयो भन्ने पनि हामीलाई थाहा छ (जेम्ज़ बर्जेस १९६९:८, डेभिड ज्याक्सन २०६६:१५४) ।

आगरामा आएको भैँचालोले नेपालखाल्डोमा पनि ध्वंस गर्न सक्ने हुनाले चाँगुनारायणको मन्दिर १ महीनाअघि पश्चिम भोट र पश्चिम नेपालमा गएको भैँचालोबाट ध्वस्त भयो कि १ महीनापछि आगरामा गएको भैँचालोबाट ध्वस्त भयो भन्ने कुरा भूकम्पको वैज्ञानिक परिशीलन गर्ने विद्वान्‌हरूको जिम्मा लगाई यो सानो लेख यहीँ टुङ्ग्याइन्छ ।

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

जेम्ज़ बर्जेस १९६९

= ई.सं. १९१२ (वि.सं. १९६९)मा एडिन्बर्गबाट जोन ग्रान्ट्‌द्वारा प्रकाशित, जेम्ज़ बर्जेसको द *क्रोनल्अजि अफ् मड्अर्न् इन्डिअ* (आधुनिक भारतका [घटनाका] तिथ्यावली) ।

डेभिड ज्याक्सन २०६६

= ई.सं. २०१० (वि.सं. २०६६)मा काठमाडौँबाट वज्र पब्लिकेशन्ज़द्वारा प्रकाशित, आबेल जादोक्स (Abel Zadoks)को सहयोग लिई हेन्क ब्लेजर (Henk Blezer)द्वारा सम्पादित *टिबेट्, पास्ट् यान्ड् प्रेज़ेन्ट्*

५. आर्धरात्रिक र औदयिक पद्धतिले गर्दा डेभिड ज्याक्सनले र हामीले दिएको वारमा एक दिनको फरक पर्न गएको हो ।

६. ई.सं. १५०५ जुलाई ६ को हाम्रो तिथिमिति

वि.सं. १५६५ अधिकश्रावणशुक्ल

गते	वार	तिथि	घडी	पला
श्रावण ७	शनि	चतुर्थी	११	३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(भोट– विगत र वर्तमान)का १४७-१५९ पृष्ठमा छापिएको, डेभिड ज्याक्सन (David Jackson)को र ग्रेट् *वेस्टर्न्-हिमालयन् अर्थ्क्वेक् अफ् १५०५: अ रप्चर् अफ् द सेन्ट्रल् हिमालयन् ग्याप्?* (वि.सं. १५६२ मा पश्चिमी हिमालयक्षेत्रमा गएको ठूलो भैँचालो– मध्य हिमालयको सन्धिमा छेद?) ।

दीतर शुह २०३०

= ई.सं. १९७३ (वि.सं. २०३०)मा वीस्‌बादेनबाट फ्रन्त्स स्ताइनरद्वारा प्रकाशित, दीतर शुह (Dieter Schuh)को *उन्तर्‌सुचुङ्गेन् त्सुर् गेशिख़्ते देर् तिबेतिशेन् कालेन्दर्‌रेख़्नुङ्* (भोटको कालगणनाको इतिहासमा परीक्षा) ।

महेशराज पन्त २०३७

= वि.सं. २०३७ मा प्रकाशित *पूर्णिमा* ४७ पूर्णाङ्कका १९-२२ पृष्ठमा छापिएको, महेशराज पन्तको *राय मल्लको मृत्यु कहिले भयो ?*

महेशराज पन्त २०५६

= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* ९७ पूर्णाङ्कका १३-४१ पृष्ठमा छापिएको, महेशराज पन्तको *भक्तपुरका राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, ४६ वटा लिखतपत्र (वि.सं. १५४७-१६९०)* ।

महेशराज पन्त २०६९

= वि.सं. २०६९।१०।१।२ मा ललितपुरबाट उत्सर्गप्रकाशनद्वारा प्रकाशित *राजधानी* १२ वर्ष २१६ अङ्कको ७ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेपालमा भुइँचालो* ।

महेशराज पन्त २०७२

= वि.सं. २०७२।१।१५।३ मा ललितपुरबाट राजधानी न्यूज पब्लिकेशनद्वारा प्रकाशित *राजधानी* १४ वर्ष ३१९ अङ्कको ४ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेपालमा भूकम्पको नालीबेली* ।

मोहनप्रसाद खनाल २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *चाँगुनारायणका ऐतिहासिक सामग्री* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाल्पाली राजा वीर सेनको लागि वि.सं. १५९३ मा सारिएको *वाजसनेयिसंहिता*को पुष्पिका

- महेशराज पन्त

राजा वीर सेनको लागि परशुराम ठक्कुरले वि.सं. १५९३ पौषशुक्लत्रयोदशीको दिन सारिसिद्ध्याएको *वाजसनेयिसंहिता*को यस पुष्पिकाको फोटो नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनामा काम गर्दा मैले लिएको हुँ ।

यहाँ लेखिएको राजाको प्रशस्ति हेर्दा र यी राजाको नामको पछाडि जोडिएको शब्द हेर्दा यी राजा सेनवंशका देखिन्छन् । नेपालका सेनवंशी राजाहरूको इतिहास पल्टाउँदा तात्कालिक लेख भएका पहिला राजा रुद्र सेन हुन् । यिनको पालाको एउटा स्याहामोहर पाइएको छ । त्यसको मिति वि.सं. १५७१ वैशाखशुदिको छ (बाबुराम आचार्य १९९७:६५) । *प्राचीनसेनवंशावली* भनी नाउँ राखिएको वंशावलीमा सेनान्तनामधारी पहिला राजा खाम सेन, दोस्रा राजा चन्द्र सेनपछि तात्कालिक लेख पाइएका रुद्र सेनको उल्लेख छ । त्यस वंशावलीमा रुद्र सेनलाई चन्द्र सेनका छोरा र मुकुन्द सेनलाई रुद्र सेनका छोरा भनी लेखिएको छ (*सेन-वंशावली*:३) ।

मुकुन्द सेनको पालाका दुइवटा शिलालेख पाइएका छन् । तिनमध्ये एउटामा संवत्को पछिल्ला दुइ अङ्क अर्थात् ६०, राजाको नाउँको पहिलो अक्षर अर्थात् **मु** र थर अर्थात् **सेन** मात्र बाँकी रहेको छ । त्यस शिलालेखको पाठ यसरी **(श्रीशाके १४) ६० अ······ महाराजाधिराज श्री मु(कुन्द) सेन वि (जयराज्ये)** विष्णुप्रसाद घिमिरे (२०४५:१८६ = परिशिष्ट 'क' २ सङ्ख्या)ले पढेका छन् । त्यसअनुसार यस शिलालेखको समय शाके १४६० तदनुसार वि.सं. १५९५ भएकोले वि.सं. १५७१ को लेख पाइएका रुद्र सेनको राज्यकालपछि यसको समय मिलान गर्नुपर्छ । अर्कोचाहिँ, वि.सं. १६०६ फाल्गुनशुक्लसप्तमी आदित्यवारको हो (डी.आर. पोखरेल २०७९:४६-४७) ।

यिनै मुकुन्द सेनको हमला नेपालखाल्डोमा वि.सं. १५८१ माघदेखि वि.सं. १५८४ चैतसम्म चलेको कुरा साँखुका (काशीनाथ तमोट २०६४:३, तुलसीलाल सिंह २०७३:३) र काठमाडौँका (महेशराज पन्त र दिनेशराज पन्त २०३७:८-९) टिपोटबाट बुझिन्छ । मुकुन्द सेनको अर्को चर्चा काठमाडौँकै अर्को टिपोटमा पाइन्छ । अतिसंक्षिप्त त्यस टिपोटबाट खालि वि.सं. १६०३ मा पाल्पाबाट मुकुन्द सेन आए भन्ने मात्र बुझिन्छ (उही:२३-२४) । मुकुन्द सेनको पालाको शिलालेखभन्दा १४ वर्षअगाडिदेखिका, हमलावरको रूपमा नेपालखाल्डोका लेखमा चर्चा आएका मुकुन्द सेनसम्बन्धी लेखोटभन्दा १२ वर्षअगाडिको पुष्पिकाका यी राजा वीर सेनको चर्चा वंशावलीहरूमा पनि पाइँदैन । यसो विचार गर्दा रुद्र सेनको अवसानपछि पाल्पाली गद्दीमा मुकुन्द सेन बसे पनि कुनै समयमा वीर सेनको पनि दाबी भएको यताबाट अनुमान हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



वि.सं. १५१३ मा सारिएको वाजसनेयिसंहिताको पुष्पिकाको फोटो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. **चत्वारिंशोध्यायः ।।४।। शुभमस्तु ।। ।। ।। सिद्धिरस्तु ।। ।। संवत १५९३ समये पोषशुदि १३ सनौ ।। श्रीरूपनारा-**
२. **यणेत्यादिविविधविरुदावलीविराजीमानमानोन्नतमहाराजाधिराजश्रीमद्वीरसेनदेवानां पुस्तक संहिता**
३. **लेखापित ।। ।। सदाचारसच्चरितठक्कुरपरसरामेनालेखि ।। ।। लेखकपाठकयोः शुभमस्तु ।। ।। ।।**

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

काशीनाथ तमोट २०६४

= वि.सं. २०६४ जेठ २४ गते बिहीबारको दिन काठमाडौँबाट प्रदीपमान श्रेष्ठद्वारा प्रकाशित *देशयूमरु झ्याः* (देशमै नभएको झ्याल) १४ वर्ष, २० अङ्क, ६२६ पूर्णाङ्कको ३ पृष्ठमा छापिएको, काशीनाथ तमोटको *सूर्य मल्लं मुकुन्दसेनयात बुकेत कुमारीसमेतयाके बल फ्वंगु अभिलेख* (सूर्य मल्लले मुकुन्द सेनलाई हराउन कुमारीसमेतसँग बल मागेको अभिलेख) ।

डी. आर. पोखरेल २०७९

= वि.सं. २०७९ मा भरतपुरबाट हाम्रो सिर्जनाद्वारा प्रकाशित, डी.आर.पोखरेलको *संस्कृतिका सोपानमा चितवन*।

तुलसीलाल सिंह २०७३

= वि.सं. २०७३ मा ललितपुरबाट नेपालभाषा केन्द्रीय विभागको लुमन्ति दबूद्वारा प्रकाशित, तुलसीलाल सिंहद्वारा सम्पादित *सक्व बज्रयोगिनीया*[१] *शान्ति-स्वस्ति-सफू* (साँखु वज्रयोगिनीको शान्ति-स्वस्तिको पुस्तक) ।

बाबुराम आचार्य १९९७

= वि.सं. १९९७ मा दार्जीलिङ्गबाट नेपाली साहित्यसम्मेलनद्वारा प्रकाशित, सूर्य्य विक्रम ज्ञवालीद्वारा सम्पादित *भानुभक्त स्मारक ग्रन्थ*का ६०-७९ पृष्ठमा छापिएको, बाबुराम आचार्यको *तनहुँको सेन-वंश*।

महेशराज पन्त र दिनेशराज पन्त २०३७

= वि.सं. २०३७ मा प्रकाशित *पूर्णिमा* ४५ पूर्णाङ्कका १-२४ पृष्ठमा छापिएको, महेशराज पन्त र दिनेशराज पन्तको *नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला*।

विष्णुप्रसाद घिमिरे २०४५

= वि.सं. २०४५ मा भरतपुरबाट घिमिरे प्रकाशनद्वारा प्रकाशित, *पाल्पा राज्यको इतिहास (सेनकालीन*)* १ भाग ।

सेन-वंशावली

= वि.सं. २०२० मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्व र संस्कृतिविभाग वीरपुस्तकालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीद्वारा सम्पादित *सेन-वंशावली*का १-१८ पृष्ठमा छापिएको *प्राचीनसेनवंशावली*।

---

१. जहाँ जहाँ यस्तो * चिह्न यहाँ दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Four Inscriptions from the Hanuman Dhoka* Treasury

-Mahes Raj Pant

The following inscriptions are among one hundred eighty-six plates kept in the treasury of the Hanuman Dhoka Palace (Report of the Ḥanuman Dhoka Treasury 2013: no. 469). The Licchavi copper-plate published in the previous issue of *Pūrṇimā* is also housed in the same treasury (M.R. Pant 2022a: 26-42). I received the photos of these four inscriptions and the Licchavi copper-plate through late Professor Mukunda Raj Aryal (1944-2020).

Of these four inscriptions issued by kings, the earliest is dated 810 N.S., the second 1790 V.S., the third 875 N.S. and the last 881 N.S.

The first inscription records a donation to a Śākta shrine in Bhaktapur. The second and last inscriptions are concerned with inter-state relations. The third is a deed of gift of house to a Daśanāmin. If we categorize these four inscriptions by political entities, the first was issued by a king of Bhaktapur, the second issued by a king of Tanahun for a king of Lamjung, and the final two by a king of Kathmandu. The last of the Kathmandu documents is issued for a king of Bijayapur.

At the outset I have to tell my readers that the comments preceding these individual inscriptions vary in their respective length. I devote more space to the politically significant documents.

No. 1

This inscription is embossed on a square metal object. The script is a late variety of Newari characters and the language used is also Newari. The inscription marks King Jitāmitra Malla's donation of a *matāsāti* (?) together with a *chattra* on the occasion of the consecration (*pratiṣṭhā*) of Caṇḍeśvarī temple (*devara*) by performing an around the clock (*ahorātra*) *yajña*. At that time the minister was Bhāgirāma Pradhānāṅga. The date is the 1st of the waning moon of the month Mārgaśīrṣa in the year 810 N.S.

* The usage of diacritics is confined to those non-English words which are not in common parlance.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

The photo of the inscription on pp. 323-324

Text

१ स्वस्ति ।। श्रीश्रीश्रीचण्डेश्वरिसके ҁ श्रीश्रीसुमति जयजितामित्र मल्लदेवसन ҁ श्रीश्रीश्रीचण्डेश्वरस ҁ देवर दयकाव ҁ प्रतिस्था अहोरात्र यज्ञ याङाव थ्व मतासाति छत्रसहितन दुंता जुरों ҁ भागिराम प्रधानागया बेरस याङा ।। सम्वत ८१० मार्ग्गसिरकृष्णपक्ष ҁ पादु कुह्नु शुभ ।।

No. 2

Judging from its photo, the inscription is likely a copper-plate. The script is Nāgarī and the language is Nepali. Following the contemporary practice, the names of the deities which are to be inserted in the body of the text are placed at the top of the plate.[1] The plate is then affixed with a round seal encircled with 13 *akṣara*-s. Unfortunately, the central part of the seal has broken off so that partially it affects one *akṣara*– the second *śrī*– in it. The *akṣara*-s encircling the seal have almost identical text what is inscribed in the first line atop.

Issued by Kāmarājadatta Sena, the king of Tanahun for Dāvānala Sāha, the king of Lamjung, this plate can be termed as a treaty between Tanahun and Lamjung. It marks the Daraudi river as the boundary between these two political entities. The text identifies the document as the *baṃda* between Lamjung and Tanahun (lines 8, 14). The *baṃda* no doubt derives from the Sanskrit *bandha* meaning 'bond'. It further states that if Tanahun does not abide by the *baṃda* the *gacha* will be eaten by Lamjung (lines 14-15).

Though I cannot gloss etymologically what *gacha* means, three other documents have the same word with slight variations in spelling. The first is a treaty between the Bhaktapur King Bhūpatīndra Malla and King Bhāskara Malla of Kathmandu, dated 823 N.S. mentioning this treaty as *gachaṃpatra* and the money allocated therein as *gacha* (Tewari, *et al.* 1964: no. 7). The editors of this document translate the word *gachaṃpatra* in Nepali as *dharoṭasametako sandhipatra*, i.e. 'treaty with the pledged money' and *gacha* as 'pledged money' (*ibid.*: 46). Accepting this definition we may conclude that Tanahun pledged a sum of money which was known as *gacha*.[2] The second is a treaty between the Bhaktapur King Raṇajit Malla and King Jagajjaya Malla of Kathmandu, dated 846 N.S. This treaty consisted of a commitment by the two kings to fight unitedly against Gorkha. To this end, King Jagajjaya Malla wrote a *gacchapatra* pledging 13 thousand rupees (Tewari 1979:31). The last is a treaty between

1. For this practice, see M.R. Pant 1996: 105-106.
2. The word *gach* has been employed twice in a short poem by Udayānanda Arjyāla (1755-1837) as 'agreement' (Nepali n.d.: 6,7 = verses 7 and 9).

CC-0. Nepal Sanskrit Academy, Kathmandu

King Pratap Singh Shah and the Lama of Tibet, dated 895 N.S. It states that either of the two parties who does not abide by the term of the treaty, is liable to pay 50 *dhāni* (*dhārni*) of gold which is pledged as a *gaccha*[3] (D.R. Pant 1988: 829, 833-834).

In this *gacchapattra*, the two kingdoms agree that neither will attempt to expand its territory without the consent of the other. In case Tanahun transgresses the boundary, the deities named atop the plate will become angered, and will bring consequences to bear. When Lamjung seeks to expand its territory it can he done only with the consent of Tanahun. The same is true in case of Tanahun to have an approval of Lamjung in its enterprise. The text is explicit that Lamjung will have right to the *gacha* [deposited by Tanahun] if the latter transgresses the stipulations. Needless to stress, all this speaks of Lamjung being the stronger party, at least in this version of treaty.

Concluded in Lamjung, this bond was witnessed by five people, among them an Upādhyāya Brahmin, a Malla, a Gharti, and a Khawas. The fifth person, with the last name Chāpādār was likely the title of the stamp bearer rather than his *jāti* name. Similarly, the last name Jaisi attributed to the scribe Lakṣmīnārāyaṇa —who was also an additional witness to the document— likely indicated his profession as an astrologer, a *jyotiṣī.* In the presence of these witnesses and the two kings, the treaty was concluded on Wednesday, the 3rd of the waxing moon of the month of Mārgaśīrṣa in 1790 V.S.

Kāmarājadatta Sena ascended the Tanahun throne after the death of his father Digvijaya Sena. According to a historian with hereditary connections to Tanahun court Kāmarājadatta became king in 1714 C.E. (Upadhyaya 1929: 79). To date, only a single text mentioning Kāmarājadatta has been published: a colophon of an *upaniṣad* manuscript copied in 1660 Śāke in the reign of the aforesaid king (D.R. Pant 1985: 301). The present plate was prepared five years before the manuscript was copied.

Until now, King Dāvānala Sāha of Lamjung was only known from references created after his death. No contemporaneous documents had been published. In the present document, issued in 1790 V.S., Dāvānala is named as the king of Lamjung. A late document places two kings, namely Keharīnārāyaṇa Sāha and Dāvānala Sāha who succeed Narāja Sāha (D.R. Pant 1985: 28). In another document of a similar nature Dāvānala Sāha is placed as a king after Keharī (*Goraṣāvaṃśāvalī*: 417). We have a contemporary document of Keharīnārāyaṇa Sāha dated 1606 Śāke (Tewari, *et al.* 1964: no. 3). As Kāmarājadatta Sena married the daughter of Keharīnārāyaṇa Sāha (*Sena-vaṃśāvalī*: 16), we may conclude that Kāmarājadatta and Dāvānala were related by marriage.

3. Since in Newari characters the simple *cha* and the conjunct *chha* in most of the cases are expressed by the same letter, it is a writer's choice between *gacha* and *gaccha.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

The photo of the inscription on p. 325

Text

श्रीकलंषीकुलना साहाइः

श्रीलक्ष्मीनारायण महादेव



१. ।। स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनाराय-

२. णेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत-

३. श्रीमहाराजाधिराजश्रीश्रीश्रीमद्दावानलसाहदेवे-

४. षु सदा समरविजइषु० स्वस्ति श्रीरूपनारायणेत्त्यादि-

५. विविधविरुदावलीविराजमानमानोन्नतश्रीमहा-

६. राजाधिराजश्रीश्रीश्रीकामराजदत्तशेनदेववि

७. सदा समरविजइनां ।।०।। लिषितं बंद र पावनमिद उप्रा-

८. त लंतर्जुंग तनहुंको बंद भयो लंतर्जुंगको उद्धार

९. मध्य लंतर्जुंका नाश तनहुंले नपस्नु लंतर्जुंग-

१०. तनहुं मिलि दरंदि साध लावनु दरंदि साध ला-

११. याका देशमाहा तनहुंले घटिबढि गर त ------

१२. -------- देषन् लंतर्जुंग बढदाका दिन तनहुंका

१३. मतले बढनु तनहुं बढदाका दिन लंतर्जुंगका

१४. मतले बढनु एस बदमाहा तनहुँ नरहं त चोक

१५. गछ लंतर्जुंगले षानु एहि बातका साछि भगीर-

१६. थ पाध्या नाण मह्ल दधि घर्ति रामानंद छापादा-

१७. र विजै षवास लिषक साछि लक्ष्मीनारायन

१७. जैसि० इत संवत् १७९० साल मार्गशुद्धि ३

१८. रोज ४ मु० लंतर्जुंग० शुभम् ।। ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

No. 3

There is a circular seal on the left-hand margin of the copper-plate parallel to the interlinear space after the first line that goes up to the similar space preceding the fourth line. The seal is encircled by dots. As the photo does not cover the whole of the seal only 36 dots are visible. The central part of the seal is occupied by the image of a *devī*. There is a legend bearing the name of king around the image of the *devī* : in her right and left sides exactly above the image *śrī* and *ja*, parallel to the upper part of the image on the right and left *ya* and *pra*, on the middle part *kā* and *śa* in her right and left, beneath the *āsana* on the right *ma* and on the left *lla*.

The script of this inscription belongs to a late variety of Newari characters. The language is Sanskrit but highly mixed with Newari– a diction employed in the then legal documents. This inscription was issued by King Jayaprakāśa Malla to certify the gift (*bakasisa*) of a house measuring two *khā*-s, three *cula*-s and 17 and a half *ku*-s (cubits) at Kaminani in Chikanmugal (*Cikanamūgudi*) in Kathmandu to a certain Daśanāmin named Jagannātha Gusāhi living at the southern house in Mañjeśvarī in Ikubāhālatola. The gifted house also includes a plot with demolished house (*pātāla*) measuring one *khā*, two *cula*-s and one *ku*. This house came under the ownership of the king owing to the confiscation of the property of a Lakṣmīdāsa after the latter committed some crime (*aparādhibāvata*). As a portion of the house had been already given to one Upendra Kālaki (Kārkī?), the king kept with him this portion and gifted the rest to the Gusāhi. The deed was witnessed by Jyotiḥprakāśa Malla. The date is the 4th of the waxing moon of the month of Āṣāḍha in the year 875 N.S.

The photo of the inscription on p. 326
Text

१. ९ स्वस्ति । श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरीष्टदेवता \\ वरलब्धप्रसाददेदीप्यमानोन्नतश्री-

२. रघुवंशावताररविकुलतिलक \\ हनूमद्ध्वजनेपालेश्वरमहाराजाधिराजराजराजेन्द्रसकलराजचक्राधीश्वर \\ निजेष्टदेव-

३. देवेश्वरीकृपाकटाक्षवलितविक्रमोपार्ज्जित \\ वारणाकर \\ समुद्भूत \\ गजेन्द्रपति· श्रीश्रीजयप्रकाशमल्लदेवपरमभट्टार-

४. कदेवानां सदा समरविजयिनां \\ प्रभु थाकुरसन \ इकुबाहालतोल \\ मञ्जेश्वलि र यिताछेस चोङ \\ जगनाथ श्रिगुसाहि-

५. नाम्ने प्रसादिकृतं \\ चिकनमूगुदि कमिननि \\ यन्ता \\ गृहे \\ गनपतिया छें \\ पूर्व्व \\ ननिभुमेन \\ उर्त्तर \\ कृष्ण भाया \\ करातया छें \\ पश्चिम

६. धनेश्वरया छेन \\ दक्षिनत एतेषां मध्ये \\ थ्वते चात्राघातन दु \\ कमिननि यन्ता जाओ छेखा २ चुल ३ कु १७ × पातालखा १ चुल २ कु १

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७. तुथि ग्वल बाग्व× प्रर्त्ति ˎˎ लक्ष्मीदासया ˎˎ अपराधिबावतस दुकायाओ ˎˎ उपिंद्र कालकियात बियाओ तको दुकास्यं ˎˎ बकसिस

८. निस्तार प्रसन्न जुस्य बिज्याङा ।। अत्र पत्रार्थे दृष्टसाक्षि श्री २ ज्योतिप्रकाश मल्लदेव ।। सम्वत् ८७५ आषाढशुदि ४ शुभ ।।

No. 4

As in No. 3 this copper-plate bears the seal of Jayaprakāśa Malla. Placed on the left-hand margin the seal starts above the first line and ends parallel to that line. As encrusted dust has collected on the surface of the seal it is difficult to describe the image satisfactorily.

The script of this copper-plate is Nāgarī and the language is Nepali. Judging from the photo given below, though the plate is well preserved, areas of encrusted dust on its surface make some *akṣara*-s quite indistinct. In such cases I will present those *akṣara*-s in parentheses while presenting the text. I will put *akṣara*-s I cannot decipher satisfactorily within a square bracket. Though the inscription is written in a language not so different from the present-day Nepali, a few words are difficult to comprehend.

This copper-plate was issued by King Jayaprakāśa Malla of Kathmandu to King Viśvadatta Sena of Bijayapur. Strikingly, King Jayaprakāśa Malla addresses the Bijayapur King as *timi*, refraining from using the honorific form of address. The copper-plate is dated Thursday, the 7th of the waning moon of the month of Māgha in the year 881 N.S.

To the best of my knowledge, no king named Viśvadatta Sena is attested in contemporary documents from Bijayapur. Two published documents do, however, mention King Viśvambhara Sena of Bijayapur. The first is dated to the 2nd of the waxing moon of the month of Āśvina in 1807 V.S. (Chemjong 1975: 88-89). The second is dated to the 11th of the waxing moon of the month of Māgha in 1808 V.S. (Naraharinath 1955:90-91).[4] The present document is dated Thursday, the 7th of the waning moon of the month of Māgha in 881 N.S. (1817 V.S.). However, the documents of Kāmadatta Sena, another contestant for the Bijayapur throne, are dated the 8th of the waning moon of the month of Pauṣa in 1813 V.S. (Rajbanshi 1962:11), the 1st of the waxing moon of the month of Phālguna in 1814 V.S. (Ingnam 2020:40-41), the 10th of the waning moon of the month of Māgha[5] in 1818

4. However, Rajbanshi 1962:9 reads in the second document the king's name as Visantara Sena.
5. To be exact, the document spells the name of the month as *mahāmāgha*. The *mahā* prefixed to the month of Māgha poses a question. However, this dating is by no means related to *māghavarṣakāla* one of the components of the twelve-year cycle of Jupiter. On the usage of this cycle in Indian and Nepalese inscriptions, see M.R. Pant 2022: 5-10, 16-17.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

V.S. (Chemjong 1975:93-94) and the 1st of the waxing moon of the month of Mārga in 1825 (M.R. Pant 1990:18).[6]

Through this copper-plate, Jayaprakāśa Malla confirms the authority of Viśvadatta Sena over the territory occupied by the latter. After the formulaic openings, the inscription begins by saying: 'Through this copper-plate I have bestowed you the kingdom (*rājya*) that you have earlier enjoyed (*ṣāyāko*). In the next sentence I do not know the meaning of the word, *amāṣa*. It may, However, fairly be concluded that Jayaprakāśa vows to grant the authority of the Kirāta region to Viśvadatta. The next sentence too contains a word I cannot decipher, namely *dānyā*. But this section describes the boundary of Gorkha as being the Triśūlagaṅgā river. These core terms are followed by the names of the five most prominent deities of the Kathmandu valley— Taleju, Paśupati, Garuḍanārāyaṇa, i.e. Changu Narayan, Guhyeśvarī and Karuṇāmaya, better known as Rato Machhindra. Calling on the listed deities, the copper-plate says: if I transgress the terms, may their evil eye caste upon me, and may the favour of the deities fall on me if I abide by the terms.

This copper-plate was witnessed by King Raṇajit Malla of Bhaktapur and 12 courtiers including six Newars and an equal number of Parbates. No surnames follow the names of Newars. The name of one of the witnesses, Gajādhara, is prefixed with the honorific *śrī*. It is highly probable that he was a Brahmin. Among the Parbates all are Kṣatriya-s: three Thāpā-s, one Kārkī, one Khanakā, i.e. Khaḍkā, and one Khatri.

Since King Yoganarendra Malla of Patan had no legitimate son, the state had 11 successive kings in the 63 years following his death in 826 N.S. Ten kings either faced untimely death or were dethroned by the king-maker ministers. One king was murdered by his lover's husband. King Jayaprakāśa Malla of Kathmandu was one such kings enthroned in Patan. He was installed on the Patan throne on the 14th of the waning moon of the month of Bhādra in 880 N.S. A coin of Jayaprakāśa struck in 880 N.S. proves he was made the king of Patan in that year (N. R. Pant, *et al.* 1969:822-824). There is also a copper-plate in the Mul Chowk of Patan Palace issued by Jayaprakāśa on the full moon day of the month of Māgha in 881 N.S. (Vajrācārya 1963:265-266). This plate was, therefore, issued while Jayaprakāśa was the king of both Kathmandu and Patan.

To maintain the validity of the treaty between himself and the king of Bijayapur, Jayaprakāśa wanted to have witnesses of high stature. Thus, he made the king of Bhaktapur the paramount witness to the treaty. Since Jayaprakāśa was also the king of Patan, he had to find credible witnesses of stature from there as well. Thus, he selected three kazi-s who were de facto

6. According to Dikpal 2024, the earliest document belonging to King Kāmadatta Sena is dated Vaiśākha, 1808 V.S. Dikpal's source is Ambikaprasad Angdembe's *Limbūko saṃkṣipta itihāsa ra āṅdembe vaṃśāvalī* (A concise history of the Limbus and a genealogy of the Angdembe-s), 2066 V.S.:188, I have no access to this publication yet.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

rulers of Patan: Dhanavaṃtasiṃha,[7] Devīdāsa[8] and Bhīṃkhvāla[9]. Dhanavaṃta had played a key role in crowning Jayaprakāśa king of Patan (N. R. Pant, *et al.* 1969:822).

Of the six witnesses from the Parbate side I can identify only two: Paraśurāma Thāpā and Harī Khaḍkā. Paraśurāma Thāpā was a hereditary resident of Palanchowk which was under the dominion of Kathmandu. His family, at least from his father's time, had been in the service of the Kathmandu king. Kāśīrāma, Paraśurāma's older brother, was a military commander in King Jayaprakāśa Malla's service. Jayaprakāśa had sent Kāśīrāma with large numbers of troops to recapture Nuwakot which was conquered by the Gorkhalis on the 5th of the waning moon of the month of Āśvina in 1801 V.S. Kāśīrāma lost the battle and made an undignified retreat. He did not show himself in the Kathmandu palace when he came back but went straight to his home in Palanchowk. The furious Jayaprakāśa had him killed in Śrāvaṇa 1803 V.S. when Kāśīrāma was celebrating the Janai Purnima festival in Gaurighat, Pashupati. The assassination of his brother made Paraśurāma turn against Jayaprakāśa. To take revenge on Jayaprakāśa, he joined the service of the Bhaktapur King Raṇajit Malla (N. R. Pant, *et al.* 1969: 718-734, 753-768).

Paraśurāma Thāpā played a key role on the 1st of the waning moon of the month of Bhādra in 1803 V.S. in capturing Naldum and Mahadev Pokhari, territories belonging to Kathmandu, through the joint force of Bhaktapur and Gorkha. Though Prithvi Narayan Shah bestowed these conquered territories to Bhaktapur in order to win over the favour of Raṇajit Malla, he kept his soldiers in the forts there (N. R. Pant, *et al.* 1969: 768-769).

In this context, it is interesting to note that Udayānanda Arjyāla's versified tome on Prithvi Narayan Shah, titled *Pṛthvīndrodaya* by its editor, contains a longish section in which the poet portrays a dialogue between King Raṇajit Malla and Paraśurāma Thāpā. In it Udayānanda makes Paraśurāma praise Prithvi Narayan's gallant soldiers and able administrators (verses 667-693).

Taking the loss of Naldum and Mahadev Pokhari to heart, Jayaprakāśa wanted these territories back. To that end, he provoked Raṇajit by pointing out the fact that Prithvi Narayan gave him only nominal authority over the conquered regions while keeping the fort in his own control. This strategy worked. Both Bhaktapur and Patan united with Kathmandu to free Naldum and Mahadev Pokhari from the yoke of Gorkha. Finally, the united force of these three political entities became victorious in both battles. Gorkha faced a heavy loss in both places and even its commanders could not escape death (N. R. Pant, *et al.* 1969:770-771). Some time after this incident Prithvi Narayan successfully clashed with Bhaktapur to recapture Naldum (N. R. Pant, *et al.* 1969:771-772).

---

7. For Dhanavaṃta, see N. R. Pant, *et al.* 1969:750-751, 753, 800, 821, 822, 825-826, 872-874, 881-882.
8. For Devīdāsa, see Acharya 2004:317-318.
9. For Bhīṃkhvāla, see N. R. Pant, *et al.* 1969:751, 810, 822, 823, 825.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

During this period Paraśurāma Thāpā played a key role in conquering Sankhu and Changu, the regions belonging to Kathmandu, with the united force of Bhaktapur and Gorkha. Jayaprakāśa failed in his attempts to regain these lost territories (N. R. Pant, *et al.* 1969:773-774).

On Monday, the 1st of the waning moon of the month of Bhādra in 1804 V.S., Prithvi Narayan Shah urged Paraśurāma Thāpā to join him and guaranteed the latter a good job and protection of his property. To convince him, Prithvi Narayan took an oath on divine powers stating: if I fail in what I promised, may Lord Gorakhnath's evil eye be caste upon me, if I fulfill this pledge, may the gracious eyes of the Lord fall on me. He further threatened Thāpā saying: if you do not come when summoned, you will see what happens (N. R. Pant, *et al.* 1969:938-941).[10]

In 1803 V.S., the rebellious courtiers of Kathmandu enthroned the child Jyotiḥprakāśa after deposing his father Jayaprakāśa. Paraśurāma Thāpā was one of the key people in this political machination. Then the Kathmandu courtiers attacked Sankhu and Changu, freeing both regions by defeating the Gorkhalis (N. R. Pant, *et al.* 1969:774-781).

Jayaprakāśa regained authority over his kingdom in 1807 V.S. by subduing rebellious courtiers. In Śrāvaṇa 1811 V.S. Kathmandu freed Naldum from the Gorkhali control. But the Gorkhalis managed to recapture it in July of the same year (N. R. Pant, *et al.* 1969:781-786). Though Raṇajit Malla wanted control of Naldum, Prithvi Narayan was not willing to give it up. The latter, instead, enticed Raṇajit to jointly invade Sankhu and Changu, territories of Kathmandu. Accordingly, when the united force of Bhaktapur and Gorkha planned to attack Sankhu and Changu, Paraśurāma Thāpā, who had been deputed to lead the charge by Raṇajit, did not support the plan. Instead he informed Kathmandu and its alley Patan of the imminent invasion. And Kathmandu and Patan jointly attacked the Gorkhali force which was forced to retreat (N. R. Pant, *et al.* 1969:803-805).

Hoping to have the economic blockade imposed by the Gorkhalis lifted, the ministers of Patan made Dalamardan, the younger brother of Prithvi Narayan, king. This, however, had no impact on the blockage. Then they, being enticed by Paraśurāma, severed the tie with Prithvi Narayan by making Dalamardan free from the prevailing influence of his brother (N. R. Pant, *et al.* 1969:826-827, 1121-1123).

---

10. This letter dispatched by Prithvi Narayan Shah from Nuwakot to Paraśurāma Thāpā makes no mention of the year of its issuance but gives other chronometrical details, namely week-and lunar-days, fortnight and month: *bhādravadi 2 roja 2.* Basing themselves on the above particulars N. R. Pant, *et al.* say the date is given in accordance with the *Pūrṇāntamāna* system, and fix the exact date of this letter as Monday, 18 *ghaṭī*-s and 28 *pala*-s past of the 1st of the waning moon of the month of Bhādra in 1804 V.S. (N. R. Pant, *et al.* 1969:941). However, Acharya (2004:198-199) ascertains that the weekday have been *roja 4,* i.e. 'Wednesday', and stresses *roja 2* was a clerical error. Thus he arrives at Wednesday, the 2nd of the waning moon of the month of Bhādra in 1803 V.S. Taking the contemporary political developments into account the V.S. 1803 seems more logical.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Realizing the ever-increasing power of Gorkha Paraśurāma Thāpā repeatedly beseeched Prithvi Narayan Shah to forgive him for acting against Gorkhali interests by invading Naldum and making Dalamardan independent from his older brother. On Sunday, the 12th of the waxing moon of the month Āṣāḍha in 1822 V.S., Prithvi Narayaṇ diplomatically answered Paraśurāma, saying: I have not taken this seriously because what you did was for the interest of your own country, i.e. Kathmandu. However, the only thing you did wrong is never joining me though you wrote several times that you would. He urged Paraśurāma to join Gorkha before the latter waged war against the Kathmandu valley. He also tempted Paraśurāma by offering him a good job and the gift of an elephant (N. R. Pant, *et al.* 1969:1121-1129).

Paraśurāma Professed loyalty to Prithvi Narayan. But he secretly tried to turn the political entities lying west of Gorkha against Prithvi Narayan. For this mission, he sent his younger brother westward. Paraśurāma's duplicity greatly annoyed Prithvi Narayan who had Paraśurāma's brother killed through a disguised mercenary, when the latter arrived in Pokhara (N. R. Pant, *et al.* 1969:321-322).

As Paraśurāma swiched his political loyalty quite often, this copper-plate testifies that in 1817 V.S. when this treaty was concluded he was again on Jayaprakāśa's side.

Hari Khaḍkā, another witness from the Parbate side, was a resident of Mudkhu, a region controlled by Kathmandu. Since he was a highly influential man in the area, Prithvi Narayan tried to win him over to his side by offering a good job and a gift of an elephant. Though Hari promised to join Prithvi Narayan, he changed the date when the would side with Gorkha twice. As time rolled on, Prithvi Narayan realized that Hari's support would never materialize. Finally, the Gorkhalis captured the military post (*ṯhānā*) of Mudkhu in Jyeṣṭha 1822 V.S. Hari Khaḍkā was one of the 40 people who asked the victors for political asylum. The Gorkhalis asked all of them to surrender along with their families. But only half the Party complied with the command. Hari, who was among them, returned with his son. The large number of returnees were taken to Nuwakot, the then seat of the Gorkhali administration. The 13 men who came back without their families were put in fetters. And another 164[11] people including Hari were imprisoned in Nuwakot (N. R. Pant, *et al.* 1969:1003-1006).

11. N. R. Pant, *et al.* 1969:1003 give the number of prisoners as 864 and Acharya 2004:317 as only 164. Since I have no access to the original document they had based their facts on, I follow the reading of Acharya that seems more rational.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

The photo of the inscription on p. 327

Text

श्री ३ तलेजु श्री ३ पशुपति श्री ३ गरुडनारायण श्री ३ गुह्येश्वरी श्री ३ करुणामय ।।

१. ᳵ स्वस्ति ।। श्रीरूपनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतमहाराजाधिराजश्रीश्रीश्रीमद्विश्वद-

२. त्तसेनदेवेषु सदा समरविजयीशु ॽ स्वस्ति श्रीमत्पशुपतिचरणकमलेत्यादिश्रीमत्महाराजाधिराजश्रीश्रीश्री-

३. जयजयप्रकाशमल्लपरमभट्टारकदेवानां सदा समरविजयीनाम्ॽ उप्रांत तिमिले षायाको राज्य ॽ मैले तांवाप-

४. त्र मारिकन तिमिकनै दिव्रा. किरातको अ(मा)ष तिम्रो गराइदिउंला गोर्षा त्रिशूलगंगा दान्यापार. यस बुंदमा-

५. हा म [त्र]ध(स) नगरुला [12]इत देवताकी कुदृष्टि प्रानमाहा नरहौं त सुदृष्ठि साक्षी श्रीश्रीरणजि-

६. तमल्लदेव धनवंतसिंह देवीदास भींष्वाल सिंजु विष्णुधर श्रीगजाधर परशुराम थापा अजीतसिंह थापा

७. कृष्णमान थापा (नी)वारसिंह कार्कि हरि षनका (सि)दाराम षत्री ।। ।।संवत् ८८१ माघवदि ७ रोज ५ मोकाम श्रीकां-

Bibliography

Acharya, Baburam

2004 *Śrī 5 baḍāmahārājādhirāja pṛthvīnārāyaṇa śāhako saṃkṣipta jīvanī* (A short biography of the five-times illustrious, the great and supreme king of great kings Prithvi Narayan Shah). Reprint, Kathmandu: Press Secretariat of His Majesty King, 2061 V.S.

Chemjong, Iman Sing

1975 *Kirātakālīna vijayapurako saṃkṣipta itihāsa* (A concise history of Bijayapur of the Kirat time). Darjeeling: Nepali Sahitya Parishad.

Goraṣāvaṃśāvalī

Goraṣāvaṃśāvalī- lamajuṅ kā taṣata mā śrī 5 mahārājā rajāyā kā sahakāla (A Gorkha chronicle: Regnal period of the five-times illustrious great kings in the throne of Lamjung). *Itihāsa Prakāśa,* aṅka 2, bhāga 3. Kathmandu: Itihāsaprakāśasaṃgha, 2013 V.S. (1956), pp. 417-419.

Dikpal, Rajkumar

2024 'Kāmadatta sena kahile bhaekā thie vijayapurakā rājā ? (When Kāmadatta Sena became Bijayapur's King ?). https://www.himalkhabar.com/news/141139, accessed April 21, 2024.

12. The blank space denotes the insertion of the names of deities stated atop.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Ingnam, Bhagiraj

2020 *Limbuvānako aitihāsika dastāveja saṅgraha* (A collection of historical documents concerning Limbuwan). Kathmandu: Atit Ingnam and Shantakala Mudensan Sanwa.

Naraharinath

1955 [A document of Viśvambhara Sena]. *Itihāsa Prakāśa*, aṅka 1, Kathmandu: Itihāsa-Prakāśa-Maṇdala, 2012 V.S.:90-91.

Nepali, Chittaranjan

n.d. 'Nepālī bhāṣāko euṭā purāno kavitā' (An old poem of the Nepali language). *Pragati*, vol. 3, no. 1:1-11.

Pant, Dinesh Raj

1985 *Gorakhāko itihāsa* (History of Gorkha), pt. 1. Kathmandu: self-published, 2041 V.S.

Pant, Dinesh Raj

1988 *Gorakhāko itihāsa*, pt. 3. Kathmandu: self-published, 2045 V.S.

Pant, Mahes Raj

1990 'Sena rājāharūkā ahilesamma prakāśamā naāekā tīnavaṭā patra'(Three hitherto unpublished documents of the Sena kings). *Pūrṇimā* 77 (2047 V.S. Āśvina): 18-19.

Pant, Mahes Raj

1996 'A Late-Nineteenth-Century Deed from the Nepalese Part of Tirhut Recording the Purchase of a Slave'. *Journal of the Nepal Research Centre*, vol. 10:105-120.

Pant, Mahes Raj

2022 'Cābahilako [śaka]saṃvat 421 ko śilālekha' (A stone inscription from Chabahil dated 421 [Śaka] era. *Pūrṇimā* 145 (2079 V.S. Śrāvaṇa): 4-25.

Pant, Mahes Raj

2022 a. 'Preliminary Studies of the Earliest Copper-Plate Inscription from Nepal'. *Pūrṇimā* 145: 26-42.

Pant, Naya Raj, *et al.*

1969 *Śrī 5 pṛthvīnārāyaṇa śāhako upadeśa* (Counsel of the five-times illustrious Prithvi Narayan Shah). Lalitpur: Jagadamba Prakashan, 2025 V.S., Pauṣa 27.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Rajbanshi, Shankar Man, ed.

1962 *Purātattva-patrasaṃgraha* (A collection of antique documents), pt. 2, Kathmandu: His Majesty's Government, Department of Archaeology and Culture, 2018 V.S., Phālguna.

Report of the Hanuman Dhoka Treasury

2013 [...] *Hanumānaḍhoka darabāra sthita ḍhukuṭīmā prāpta bhaekā sāmagrīharuko lagata evaṃ vyavasthāpana sambandhi prativedana* (An inventory of the objects found in the treasury of the Hanuman Dhoka Palace and a report concerning [its] management). 2070 V.S. (Typescript).

Sena-vaṃśāvalī

Prācīnasenavaṃśāvalī in *Sena-vaṃśāvalī*, ed. Shankar Man Rajbanshi. Kathmandu: His Majesty's Government, Department of Archaeology and Culture, Bir Library, 2020 V.S., Śrāvaṇa, pp. 1-18.

Tewari, Ramji

1979 'Gorakhāko virodhamā v.s. 1782 mā bhaeko Kāntipura ra Bhaktapurako sandhipatra' (A treaty between Kathmandu and Bhaktapur against Gorkha, dated 1765 C.E.), *Pūrṇimā* 41(Caitra, 2035 V.S.):31.

Tewari, Ramji, *et al.*, eds.

1964 *Aitihāsika patrasaṃgraha* (A collection of historical documents), pt. 2, Kathmandu: Nepal Samskritik Parishad, 2021 V.S., Jyeṣṭha.

Udayānanda Arjyāla *Pṛthvīndrodaya*

Pṛthvīndrodaya mahākāvya. Ed. Jnānmaṇi Nepāl. Kathmandu: Nepal Academy, 2068 V.S.

Upadhyaya, Ambikaprasad

1929 *Nepālako itihāsa ra (rāmanagarako itihāsa)*, (History of Nepal and History of Ramnagar), 2nd ed. Banaras: Deviprasad Upadhyaya, 1986 V.S.

Vajrācāya, Dhanavajra, ed.

1963 *Paṇḍita sundarānandaviracita triratna-saundarya-gāthā* (*Triratnasaundarya-gāthā* by Pandit Sundarānanda). Kathmandu: Nepal Samskritik Parishad, Pauṣa 27, 2019 V.S.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Photos of the inscriptions

The text of this inscription on p. 311

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

The text of this inscription on p. 313



CC-0. Nepal Sanskrit Academy, Kathmandu



The text of this inscription on pp. 314-315

CC-0. Nepal Sanskrit Academy, Kathmandu



The text of this inscription on p. 320

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जगज्जय मल्लको ताम्रपत्र

-महेशराज पन्त

काभ्रे पलाञ्चोक जिल्ला बुचाकोट बेलागाउँका भानुभक्त आचार्यसँग रहेको यस ताम्रपत्रको पाठ ६४ वर्षअघि छापिइसकेको हो (शङ्करमान राजवंशी २०१६:१३-१४)। हाल उनै भानुभक्तका छोरा शरण आचार्यको पुर्खौली सङ्ग्रहमा रहेको यस ताम्रपत्रको फोटो मैले पहिलोपटक प्रकाश खड्कामार्फत र दोस्रोपटक श्रीकृष्ण धिमालमार्फत गरी दुइपटक पाएँ। यस ताम्रपत्रको अहिलेसम्म नछापिएकोले फोटो दिई, फोटोसँग पाठ रुजू गरेर उल्थासमेत अहिले यहाँ छापिएको छ।

यस ताम्रपत्रमा बायाँपट्टि किनारामा गोलो छाप कुँदिएको छ। त्यो छाप लेखभागको पहिलो पङ्क्तिदेखि तेस्रो र चौथो पङ्क्तिको बीचको खाली अंशको हाराहारीसम्म आएको छ। त्यस छापको वरिपरि वृत्ताकार रूपमा बिन्दु छन्। तर ती बिन्दु एकैनासले नकुँदिई भित्र बाहिर पर्न गएका छन्। त्यो छाप एक ठाउँमा खिइँदा त्यस्ता बिन्दु यति नै थिए भनी किट्न नसकिए पनि अहिले गन्दा ३९ वटा बिन्दु साबुत देखिन्छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा देवी विराजमान छिन्। देवीको वरिपरि राजाको नाउँ कुँदिएको छ। काठमाडौँका राजा जगज्जय मल्ल (वि.सं. ?-१७९२, राज्यकाल वि.सं. १७७९-१७९२)ले बुचाकोटमा बस्ने अनिरुद्र आचार्यलाई बकुरेटार (मूलमा- **बकुन्यातार**)को सैसेबु (मूलमा- **सैस्याबु**) भन्ने ठाउँको १५ रोपनी खेत र ७२ कर्ष पाखो ७१४ टङ्कामा बेची ने.सं. ८४८ (वि.सं. १७८५) आश्विनशुक्लपञ्चमीको दिन गरिदिएको ताम्रपत्र यो हो। बेचेर आएको ७१४ टङ्कामध्ये ३०० मोहर पदु भाजूलाई दिई डेढ सय मोहर दसैँखर्चको लागि राजाले लिई बाँकी दिनका दिनको खर्च[१] र माहुतेको दैनिक खर्च[२]को लागि छुट्ट्याइएको थियो। यसमा दृष्टसाक्षी जयप्रकाश मल्ल छन्।

प्रताप मल्लदेखिका, काठमाडौँका केही राजाहरूका कुनै कुनै फार्से पत्रमा घरजग्गा बेच्नुपरेको कारण खुलाइएको पाइन्छ (महेशराज पन्त २०६४:१०९-११३)। यिनै जगज्जय मल्लका पनि त्यस्ता फार्से पत्र केही छन् (उही:११०-११२)। यस ताम्रपत्रमा जस्तै, उनले खेत बेची गरिदिएका केही फार्से पत्रमा दसैँखर्च टार्न र माहुतेलाई दिन खेत बेच्नुपरेको कुरा लेखिएको छ (उही)। दसैँको पञ्चमीको दिनको मिति भएको यस ताम्रपत्रमा खेत बिक्री भई आएको रकमको केही अंश राजाले दसैँखर्च टार्नमा उपयोग गर्ने भनी लेखिएको चाखलाग्दो छ। खेत बिक्री भई आएको रकमको विनियोगको बारे लेखिसकेपछि **कर्ष २ घ्यादि कर्ष २ ह्यापोस्या** भनी लेखिएकोको सङ्गति मात्र मिलाउन नसकिएको होइन कि पछिल्लो शब्दको अर्थ पनि लागेन।

---

१. मूलमा **रोजयात** छ। यसको शब्दशः अर्थ गर्दा **दिनको लागि** हुन्छ।

२. मूलमा **किसिमाहुतयात हिदुवार** छ। **रोजयात** र **हिदुवार**ले उस्तै उस्तै अर्थ बुझाउने देखिएकोले **माहुतेको रोजाना खर्च** बुझाएको हुनुपर्छ (महेशराज पन्त २०६४:११०-१११)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

फार्सेपत्रको छापको फोये



फार्सेपत्रको फोये



मूलपाठ

१. ॰ स्वस्ति ।। श्रीमत्पशुपतिचरणकमलधूसरितशिरोरुह-

२. श्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमानमा-

३. नोन्नतश्रीरघुवंशावताररविकुलतिलकहनुमद्ध्वज-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. नेपालेश्वरमहाराजाधिराजराजराजेन्द्रसकलराजचक्राधीश्व-
५. र श्री २ जयजगज्जयमल्लपरमभट्टारकदेवानां सदा समरविज-
६. यिनां प्रभु ठाकुरसन बुचाकोटस चोङ श्रीअमिरुद्र[३]आचार्य्यनाम्ने
७. प्रसादीकृतं बकुन्यातार सैस्याबुनामसज्ञकं श्रीराजायान पश्चि-
८. मोत्तरपूर्व्वदक्षिणतो थ्वते चात्राघातन दु पंचदशरोपनिकं क्षेत्रां-
९. कतोपि बु रो १५ थ्व खेल ह्मयनिकलस अंकतोपि कर्ष ७२ थ्वया मू-
१०. ल टंका ७१४ थ्वतेस सोस्र मोहर पदु ˎ भाजुयात बिल सत्या मोहर
११. श्रीन दुकासे बिज्यात महनीखरचयात ˎ बाकि रोजयात ˎ किसिमाहु-
१२. तयात ह्निदुवार दिहि कर्ष २ घऱ्यादि कर्ष २ ह्न्यापोस्या अत्र थ-
१३. त्राथे[४] दृर्ष्टसाक्षि श्रीश्रीजयप्रकाश मल्लदेव सम्वत् ८४८ आश्विनशु-

क्ल ५ शुभ ॥

उल्था

स्वस्ति । श्रीपशुपतिको चरणकमलको धूलोले कपाल फुस्रो भएका, श्रीमानेश्वरी इष्टदेवताको वरबाट पाइएको निगाहले जाज्वल्यमान, मानले उन्नत, श्रीरघुवंशमा जन्मेका, सूर्यवंशमा श्रेष्ठ, झण्डामा हनूमान् भएका, नेपालका राजा, महाराजाधिराज, राजाका राजाका पनि राजा, सबै राजसमूहका मालिक, श्रीश्रीजयजगज्जय मल्ल परमभट्टारक देव सधैँ लडाइँमा जित्ने प्रभु ठाकुरबाट बुचाकोटमा बस्ने श्रीअनिरुद्र आचार्य नाउँ भएकालाई निगाह गरिबक्स्यो । बकुरेयर सैसेबु नाउँ भएको, पश्चिम उत्तर पूर्व दक्षिणपट्टि श्रीराजाको जमीन भएको । यति चारकिल्लाभित्र पन्ध्र रोपनी खेत अङ्केऽपि खेत रोपनी १५ यो चौर बहत्तर अङ्केऽपि कर्ष ७२ । यसको मोल टङ्का ७१४ । यसमध्ये तीन सय मोहर पदु भाजूलाई दिइयो । डेढसय मोहर श्री[राजा]बाट दसैँखर्चको लागि भित्र्याइबक्स्यो । बाँकी दिनका दिनको लागि, माहुतेको लागि दिनका दिनको खर्चको लागि । डिही कर्ष २, घडेरी कर्ष २ । यस पत्रको बेहोरामा दृष्टसाक्षी श्रीश्रीजयप्रकाश मल्लदेव । संवत् ८४८ आश्विनशुक्लपञ्चमी । शुभ ॥

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२६ पूर्णाङ्कका १०४-१२२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण– २ वटा थप पत्र*।

शङ्करमान राजवंशी २०१६

= वि.सं. २०१६ मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्व र संस्कृतिविभागद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *पुरातत्त्व-पत्रसंग्रह* १ भाग।

---

३. अनिरुद्र हुनुपर्ने ।

४. पत्रार्थे हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जयप्रकाश मल्लको दानपत्र

-महेशराज पन्त

तानाबहाल अर्थात् तारिणीदेवीको मन्दिरको भण्डारमा राखिएको ताम्रपत्रमा कुँदिएको यस ताम्रपत्रको फोटो मैले श्रीतानादेवी (तारिणी भवानी) संरक्षणसमितिका अध्यक्ष भुवनलाल श्रेष्ठबाट पाएको हुँ।

काठमाडौँका राजा जयप्रकाश मल्ल (वि.सं. ?-१८२६, राज्यकाल वि.सं. १७९२-१८२५)ले ने.सं. ८७८ (वि.सं. १८१४) कार्तिकपूर्णिमाको दिन जगन्नाथमन्दिरमा र राधाकृष्णमन्दिरमा गूठी राखी गरिदिएको दानपत्र यो हो। ती दुइ मन्दिरमा राखिएका गूठीका बेहोरा यस ताम्रपत्रमा भिन्नाभिन्नै लेखिएको भए पनि दुवै गूठी एकै दिन राखेकोले हो कि किन हो, एउटै ताम्रपत्रमा दुइटै गूठीको बेहोरा कुँदिएको छ।

जगन्नाथमन्दिरमा र राधाकृष्णमन्दिरमा यस दानपत्रमा गूठी राखेको बेहोरा भिन्नाभिन्नै लेखिएको भए पनि ताम्रपत्रमा बायाँपट्टि किनारामा जगन्नाथमन्दिरको गूठीको बेहोराको अगाडि एउटा छाप लगाई काम चलाइएको छ। त्यो गोलो छाप लेखभागको पहिलो पङ्क्तिको अलिकति तलदेखि उठी तेस्रो र चौथो पङ्क्तिको आधा-आधीको हाराहारीसम्म आएको छ। त्यस छापको वरिपरि वृत्ताकार रूपमा ४५ वटा बिन्दु छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा देवी विराजमान छिन्। देवीको वरिपरि राजाको नाउँ कुँदिएको छ।

तानाबहालबाट मखनटोलमा पूर्वोत्तरतर्फ केही कदम अगाडि बढ्दा अलि अग्लो गरी खुला ठाउँको वेदिकामा रहेको पञ्चमुखी शिवलिङ्गको ठीक उत्तरपट्टिको घरमुनिबाट भित्र चोकमा पुगेपछि शिखरशैलीको, जगन्नाथको पूर्वाभिमुख मन्दिर देखिन्छ। वि.सं. १७७२ चैतदेखि वि.सं. १७७९ भदौसम्म चम्केको महामारीबाट वि.सं. १७७९ भाद्रकृष्णनवमीको दिन बितेका राजा भास्कर मल्ल (वि.सं. १७५३-१७७९, राज्यकाल वि.सं. १७५७-१७७९)को उद्धारको लागि उनका चौतारा अर्थात् प्रधानमन्त्री झगल ठाकुरले आफ्नो घर मखनटोलको लगापातमा वि.सं. १७९२ चैत्रकृष्णषष्ठीको दिन जग खनाई त्यसको एक हप्तामा द्वादशीको दिन जग हालेको त्यो जगन्नाथमन्दिर वि.सं. १७९५ कार्तिककृष्णद्वादशीको दिन तयार भएको हो (महेशराज पन्त २०७७:ग, उही २०६९:१५८, डिल्लीरमण रेग्मी २०२३:१०६)। यही जगन्नाथमन्दिरको लागि यो गूठी राखिएको हो भन्ने कुरा दानपत्रको बेहोराबाट नखुले पनि यो गूठी मखनटोलको हाताको यही जगन्नाथ-मन्दिरको लागि नै राखिएको अडकल हुन्छ।

मलाई थाहा भएअनुसार मखनटोलको इलाकामा दुइवटा कृष्णमन्दिर छन्। पहिलो, तारिणीदेवीको मन्दिरको ठीकपछाडि रहेको, पश्चिमाभिमुख कृष्णमन्दिरको नाउँले प्रसिद्ध सानो देवस्थल हो। अगाडि खुला भएको त्यस देवस्थलमा एउटा सानो शिलामूर्ति छ। त्यो शिलामूर्ति गरुडमा उभिएको, अष्टबाहु वेणुधर कृष्णको हो। त्यसमै जोडिएर दायाँबायाँ दुइ स्त्रीमूर्ति रहेका छन्। दायाँपट्टिको स्त्रीमूर्ति हाँसमाथि र बायाँपट्टिको चाहिँ कछुवामाथि उभिएको छ। यस शिलामूर्तिको आवरण जस्तो भइरहेका, आयताकार शिलामा र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दायाँबायाँका लम्बाकार शिलामा कुँदिएको लेखमा मखनटोलका गोवर्धन भारो र उनका दुइ पत्नीले इनारको जीर्णोद्धार गरी ने.सं. ८२६ (वि.सं. १७६२) मार्गशुक्लद्वितीया ज्येष्ठानक्षत्र सुकर्मयोग बुधवारको दिन राखेको कुरा मात्र लेखिएकोले[१] कृष्णमन्दिरसँग यस शिलालेखको कुनै सम्बन्ध देखिँदैन ।

जगन्नाथमन्दिरबाट बाहिर निस्केर इन्द्रचोकतर्फ एक सय कदम जति हिँडेपछि बायाँपट्टि पहिले रैनबसेरा भनी कहलिएको, रौनियारहरूको ठूलो घरको मुनि बाटो छोडेकोबाट भित्र पसेपछि एउटा चोक आउँछ । त्यहीँ पूर्व फर्केको लामो घर छ । दोस्रोचाहिँ, त्यसको भुइँतलामा आजभोलि धेरैजसो दिन नखोलिने राधाकृष्णमन्दिर हो ।

यी दुइथरी कृष्णमन्दिरमध्ये कुन मन्दिरको लागि जयप्रकाश मल्लले गूठी राखेको हो भन्ने स्पष्ट नभए पनि तारिणीदेवी झगल ठाकुरको कुलदेवता भएको हुनाले (रोशनी श्रेष्ठ २०७३:९६-९७) उनले स्थापना गरेको जगन्नाथमन्दिर तारिणीदेवीको मन्दिरसँग जोडिनु स्वाभाविक हुँदा मखनटोलको जगन्नाथमन्दिर र तारिणीदेवीको मन्दिरको हातामै रहेको कृष्णमन्दिरमा वा मखनटोलको राधाकृष्णमन्दिरमा गूठी राखी एउटै ताम्रपत्रमा कुँदिएको दानपत्र तारिणीदेवीको भण्डारमा रहन गएको देखिन्छ ।

सङ्कल्पवाक्यको शैलीमा लेखिएको यस दानपत्रमा खुलाएर देशकालको विवरण दिइएको छ । देशको हकमा जम्बूद्वीपबाट उठाई जुन ठाउँको देवस्थलमा गूठी राखिएको हो, त्यस ठाउँको नाउँ दिइएको छ । कालको हकमा पराद्धदेखि उठाएर यो गूठी राख्दा सूर्य र चन्द्रमा कुन कुन राशिमा छन् भन्नेसम्म खुलाइएको छ ।

तात्कालिक धेरैजसो दानपत्रमा जस्तै यी दानपत्रमा पनि माथिल्लो खण्ड संस्कृतभाषामा र तल्लो खण्ड नेवारी भाषामा छ । त्यस ताका सामान्यत: संस्कृत त्यति शुद्ध नलेखिने हुनाले यी दानपत्र पनि त्यसका अपवाद छैनन् । ताम्रपत्र कुँद्नेले गल्ती गरेकोले होला, जगन्नाथमन्दिरसम्बन्धी दानपत्रमा एक ठाउँमा **दीपदानादिपूजा** हुनुपर्नेमा **दा**को ठाउँमा **मा** भई लेखिई **दीपमानादिपूजा** (मूलको ७ पङ्क्ति) हुन गएकोतर्फ आँल्याउनुपर्छ ।

---

१. १. ᳲ सम्वत् ८२६ मार्गशिरमासे शुक्लपक्षाद्वितीयायां तिथौ ज्यष्ठनक्षात्रे शुकर्म्मयोगे बुधवार ॽ थ्व कुह्रु मखनतोल क्वाथ काया

२. गोवर्द्धन ॽ भालो ॽ तस्य भार्य्या सलस्वती ॽ जाह्नदेवी थ्वपनि स्वह्मसन थ्व तुथि ॽ जिर्ण्णउर्द्धार याङा तया थ्व वस्तु सेनकलसा यि

(दायाँबायाँका लम्बाकार शिलामा कुँदिएका अक्षर खिइएकाले पढिएनन् ।)

–महेशराज पन्त र प्रकाश खड्का

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१. जगन्नाथमन्दिरको

जगन्नाथको नित्यनैमित्तिक पूजा गर्नको लागि स्थान[२]को पश्चिमपट्टिको प्रदेशमा रहेका १६ ठाउँका गरी जम्मा १३५ रोपनी खेत गूठी राखिएको कुरा संस्कृतखण्डमा लेखिएको छ । गूठी राखिएको खेतको विवरण खुलाउँदा संस्कृत र नेवारी खण्डमा के फरक छ भने अघिल्लोमा फलानो फलानो ठाउँको खेत र डिही, घडेरी, बगँचा गरी जम्मा १३५ रोपनी जग्गा गूठी राखिएको कुरा लेखिएको छ त नेवारी खण्डमा भने फलानो ठाउँको यति, ढिस्कानो ठाउँको यति भनी पूरै खुलाई, डिही र कर्षको लागि यति, बगँचाको लागि यति भनी लेखिए पनि संस्कृत खण्डमा जस्तो एकमुष्ट यति भनी लेखिएको छैन । नेवारी खण्डमा लेखिएअनुसार खेत, डिही, घडेरी र बगँचाको परिमाण जम्मै जोड्दा १३९ रोपनी हुन आउँछ । यसरी संस्कृतखण्डमा भन्दा नेवारी खण्डमा ४ रोपनी बढी किन देखियो भन्ने प्रश्न उठेको छ ।

गूठी राखिएका खेतका नाउँ दिँदा संस्कृतखण्डमा र नेवारी खण्डमा कहीँ कहीँ फरक परेको छ । जस्तै– संस्कृतखण्डको **फिव** (मूलको ४ पङ्क्ति), नेवारी खण्डमा **फित** (मूलको ८ पङ्क्ति) भएको छ । संस्कृतखण्डको **चन्द्रलखु** (मूलको ५ पङ्क्ति), नेवारी खण्डमा **चदलखु** (मूलको ८ पङ्क्ति) हुनु त संस्कृतखण्डमा संस्कृतीकरणको असर हो कि जस्तो लाग्छ । संस्कृतखण्डको **झालखा** (मूलको ५ पङ्क्ति), नेवारी खण्डमा **झ्यालखा** (मूलको ९ पङ्क्ति), संस्कृतखण्डको **माधरओपि** (मूलको ५ पङ्क्ति), नेवारी खण्डमा **माधओओपि** (मूलको ९ पङ्क्ति) भएको छ । संस्कृतखण्डको **क्वाथक्व** (मूलको ५ पङ्क्ति), नेवारी खण्डमा **क्वाठक्व** (मूलको ८ पङ्क्ति) हुनु त दन्त्यको ठाउँमा मूर्धन्य हुनु हो । संस्कृतखण्डको **मागरद्वर** (मूलको ४ पङ्क्ति) र **वोसितर** (मूलको ५ पङ्क्तिमा २ चोटि), नेवारी खण्डमा **मागलद्वल** (मूलको ९ पङ्क्ति) र **वोसितल** (मूलको ९ पङ्क्तिमा २ चोटि) हुनु त **र** र **ल** मा अभेद भएको दृष्यान्त हो । संस्कृतखण्डको **दुगाथ** (मूलको ५ पङ्क्ति), नेवारी खण्डमा **दुग्वाथ** (मूलको ९ पङ्क्ति), संस्कृतखण्डको **फुतक** (मूलको ५ पङ्क्ति), नेवारी खण्डको **फतक्व** (मूलको ९ पङ्क्ति) भएको छ ।

कहाँको बगँचा गूठी राखिएको हो भनी खुलाउँदा **मरुढोकाको बगँचा** (मूलमा– **मदुध्वाकावातिका**) भनी संस्कृतखण्डमा लेखिएको छ त नेवारी खण्डमा पनि झण्डै त्यस्तै गरी **मरुढोकाबाहिरको बगँचा** (मूलमा– **मण्डुध्वाकापिने केव**) भनी लेखिएको छ । नगरसन्निवेशको सिद्धान्तअनुसार त्यस वेलाको काठमाडौँ शहर परखालले घेरिएको थियो र आवतजावत गर्न ठाउँठाउँमा ढोका थिए । त्यस्तै एउटा ढोका मरुटोलमा थियो । त्यही ढोकालाई यस दानपत्रमा **मदुध्वाका** वा **मण्डुध्वाका** भनिएको हो । **मरुढोकाबाहिरको बगँचा** भनेर **भगवतीबारी** अर्थात् अहिले जहाँ **शान्तिनिकुञ्जविद्यालय** छ त्यही बगँचालाई भनेको हुनुपर्छ ।

गूठी राखिएको घरको नापो दिँदा संस्कृतखण्डमा **द्विपादाधिकचतुर्दशखण्डसंख्यकानि गृहानि** (मूलको ६ पङ्क्ति) अर्थात् **दुइ पाउ बढी चौध खण्ड घर** र नेवारी खण्डमा **छेखा १४ चु २** (मूलको १०

२. **स्थान**को अर्थ बुझ्न महेशराज पन्त २०६४:२०२-२०४ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पङ्क्ति) अर्थात् **घर खा १४, चुल २** लेखिएको छ ।[३] घरको नापो बुझाउने नेवारी शब्द **खा**[४]लाई संस्कृतमा **खण्ड** भनी बुझाइएको यताबाट देखिएको छ । संस्कृतखण्डमा कहाँको घर गूठी राखिएको हो भनी खुलाइएको छैन, नेवारी खण्डमा भने **मखनटेलको बाटेको पश्चिमपट्टि रहेको घर** भनी लेखिएको छ । मखनटेलको जगन्नाथमन्दिरको लागि मखनटेलकै घर गूठी राखिएको यताबाट देखिन्छ ।

गूठी राखिएको खेतको आयस्ताबाट जगन्नाथमन्दिरको वर्षबन्धनको दिन वैशाखशुक्लद्वादशीमा होम र पूजा गर्ने; कृष्णाष्टमीमा र जयन्तीमा, इन्द्रजात्रामा, कार्तिकपूर्णिमामा, सुखरात्रिमा र फाल्गुनपूर्णिमामा बत्ती बाल्ने र पूजा गर्ने; लगत (मूलमा– **धरक**)मा जस्तो लेखिएको छ त्यस्तै गरी ब्राह्मणहरू, ब्राह्मणी (मूलमा– **मयजु**)हरू, जोशी र कर्माचार्य (मूलमा– **आचार्य्य**)लाई भोजन गराउने कुरा यहाँ छ । गूठीमा राजाले नारायण भट्टलाई नियुक्त गरेको र उनका सन्तान भएसम्म उनीहरूबाट नै गूठी चलाउनुपर्ने कुरा यहाँ लेखिएको छ ।

जगन्नाथको यो मन्दिर कार्तिककृष्णद्वादशीको दिन तयार भएको कुरा हामीले माथि (३३१ पृ.मा) लेखिसकेका छौँ । यस दानपत्रमा वर्षवन्धनको पूजा वैशाखशुक्लद्वादशीमा गर्नुपर्ने भनी लेखिएकोले (मूलका ६, ७ पङ्क्ति) मन्दिरको प्रतिष्ठा विधिपूर्वक यस दिन भएको देखिन्छ ।

कृष्णाष्टमी आदि पर्वविशेषमा बत्ती बाल्नु र पूजा गर्नुपर्छ भनी यहाँ लेखिँदा **कृष्णाष्टमी**मा र **जयन्ती**मा (मूलमा- **कृष्णाष्टम्यां जयंत्यां च**) भनी लेखिएकोको अलिकति व्याख्या गर्नुपर्छ । भाद्रकृष्ण (अमान्तमानले श्रावणकृष्ण) अष्टमीको दिन गरिने कृष्णजयन्तीको व्रत र कृष्णजीको जन्म त्यही अष्टमीमा रोहिणीनक्षत्र हुँदा भएको भन्ने परम्परा भएकोले त्यही दिन रोहिणीनक्षत्र पर्दा गरिने कृष्णजयन्तीको व्रतमा भेद देखाउने पुरानो परम्परा हुँदा अघिल्लोलाई **कृष्णाष्टमी** र पछिल्लोलाई **जयन्ती** भन्ने चलन छ (पाण्डुरङ्ग वामन काणे २०३१:१३१-१३३) । यसैले भाद्रकृष्ण (अमान्तमानले श्रावणकृष्ण) अष्टमीको दिन रोहिणीनक्षत्र नपरेको अवस्थामा मानिने कृष्णाष्टमीलाई **कृष्णाष्टमी** र रोहिणीनक्षत्रसमेत पर्दा मानिने कृष्णाष्टमीलाई **जयन्ती** भनी बुझाएको स्पष्ट हुन्छ ।

पर्वविशेषको नाउँ तोक्दा अन्त क्रमअनुसार लेख्दा लेख्दै कार्तिक-अमावास्यामा मानिने **सुखरात्रि** अर्थात् **लक्ष्मीपूजा**[५]लाई **शिवरात्रि**पछि यहाँ किन राखियो, स्पष्ट भएन ।

---

३. यस ताम्रपत्रको राधाकृष्णमन्दिरसम्बन्धी अंशमा पनि संस्कृतमा **एकपादाधिकचतुस्त्रिंशत्खण्ड** (मूलको १३ पङ्क्ति) अर्थात् **एक पाउ बढी चौँतीस खण्ड** र नेवारी खण्डमा **केब खा ३४ चु १** (मूलको तल्लो किनारामा थपिएको) अर्थात् **बगैँचा खा ३४ चुल १** लेखिएको छ ।

४. **खा**को परिभाषाको लागि महेशराज पन्त २०४९:६७ हेर्नू ।

५. कार्तिक महीनाको औँसी (अमान्तमानले असोज महीनाको औँसी)मा लक्ष्मीपूजा गरिन्छ । यस दिन गरिने लक्ष्मीपूजाको नामविशेष **सुखरात्रि** हो (पाण्डुरङ्ग वामन काणे २०३१:१९४-१९५, ४४९) । हाम्रा अभिलेखमा **सुखरात्रि** शब्द यक्ष मल्लले आफ्नी आमा संसारदेवीको प्रतिमास्थापना गरी राखेको ताम्रपत्रमा पनि आएको मैले देखेको छु (महेशराज पन्त २०६२:१६) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको फोये ३४३ पृष्ठमा

मूलपाठ

१. १ स्वस्ति ।। ॐ अद्य ब्रह्मणो द्वितीयप्रहरार्द्धे श्वेतवराहकल्पे वैवस्वतमन्वतरे ‸ अष्यविंशतितमे ‸‸ चतुर्युगस्य कलेः प्रथमपादे ‸‸ जम्बूदीपे ‸‸ भरतखण्डे भारतवर्षे ‸‸ हीमवत्द्दक्षिनपादे ‸‸ नेपालमण्डले

२. श्रीश्रीपशुपतिसन्निधाने श्रीवाशुकिक्षेत्रे ‸ श्रीवाग्मत्याः पश्चिमकूले श्रीविष्णुमत्याः पूर्व्वकूले ‸‸ श्रीगांगुलपर्त्तने आर्य्यावत्तदेशे श्रीमत्कान्तिपुरमहानगरे ‸‸ काष्ठमण्डपस्थाने इ-

३. हैव पुण्यभूमौ ।। कार्त्तिकमासे शुक्लपक्षे पूर्ण्णेमायां तिथौ कृत्तिकानक्षत्रे शेवयोगे वित्तिकर्ण्णे मित्रमुहूर्त्ते शुक्रवासरे विश्चिकराशिगते सवितरि वृषराशिगते चन्द्र-

४. मसि ।। अस्मिन्महापर्व्वदिने ।। श्री ३ जगन्नाथप्रीत्यर्थ नित्यनैमित्तिकपूजानिमित्तक श्रीश्रीजयजय-प्रकाशमल्लदेवेन स्थानस्य पश्चिमदिशि प्रदेशे ‸‸ इबुनामक्षेत्रे ‸‸ फिवनाम

५. चन्द्रलखु ‸‸ मोलपाकु ‸‸ क्वाथक्व ‸‸ झालखा ‸‸ वलशाल ‸‸ माधरओपि ‸‸ मागरद्वर ‸‸ दुगाथ ‸‸ फुतक ‸‸ तुप्याक ‸‸ चखुचा ‸‸ वोसितर ‸‸ फषखा वोसितर ‸‸ देहि ‸‸ घल्यालि ‸‸ मदुध्वाकावातिका ‸‸ एतेषां क्षेत्र-

६. नां अङ्कतोपि ‸ पंचत्रिंशदधिकैकशतपरिमितं रोपनिकं ‸‸ संख्यकानि क्षेत्राणि च द्विपादाधिकचतुर्दश-खण्डसंख्यकानि गृहानि संप्रदत्तानि एतत्क्षेत्रोत्पनान्नेन वैशाखशुक्लद्वादश्यां

७. वर्षबन्धननैमित्तिकहोमपूजां कर्तुं ‸‸ कृष्णाष्टम्यां ‸‸ जयंत्यां च ‸‸ इन्द्रयात्रायां ‸‸ कात्तिक-पूर्ण्णिमायां ‸‸ शिवरात्रिचतुर्दश्यां सुखरात्र्यां ‸‸ फाल्गुणपूर्ण्णिमायां दीपमानादिपूजा कर्त्तव्या ।।

अतः परं देश-

८. भाखा ‸‸ श्री ३ जगन्नाथप्रीतिन नित्यनैमित्तिकपूजा याययात श्रीश्रीजयजयप्रकाश मल्लदेवसन ‸‸ स्थानस्य पश्चिमदिशि इबु बु रो ७२ फित बु रो ३ चदलखु बु रो ४ मोलपाकु बु रो ७ क्वाठ क्व बु रो

९. २ झ्यालखा बु रो ८ वलशाल बु रो १ ‸ माधओओपि बु रो ४ मागलद्वल बु रो १ दुग्वाथ बु रो ५ फतक्व बु रो ३ तुप्याक बु रो ४ चखुचा बु रो २ वोसितल बु रो ८ फसखा बु रो २ वोसितल बु रो ५ घल्यालि

१०. देहि कर्ष ४ मण्डुध्वाकापिने केव । ७ बु दुन्ता जुलो मखनटेल ‸ ल यौता जाओ छेखा १४ चु २ ध्वते छे दुन्ता जुलो ।। ध्वते बुया ओलसानन ‸‸ वैशाखशुक्लद्वादशी कुह्नु वर्षबंधन ‸‸ नैमितिक होम जोरण

११. पूजासामग्रि दयकाओ कृष्णाष्टमीस जयंतीस ‸‸ इन्द्रयात्रासं कार्तिकपूर्ण्णिमासं ‸‸ शिवरात्रिचतुर्दशीसं सुखरात्रिसं फाल्गुणशुक्लपूर्ण्णिमासं दीपमाला दिनपूजा यायमाल ‸‸ धरकस चोयाओ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१२. तक श्रीब्राह्मणजुपनि श्रीमयजुपनि जोसि आचार्य्य भक्ष्याभोजन याचकेमाल उपरान्त थ्व गुथि श्रीश्री-जयजयप्रकाश मल्लदेव प्रभु ठाकुलसन श्रीनारायण भट्टजुया ៶៶ संतान दतोले थका

१३. कोका मदयकाओ दानपत्रस छापपत्र चोस्य प्रशन्न जुसे बिज्याङा ।। थ्व दानपत्रस धाको निस्तर याङाओ काले उत्तरोत्तर कल्यान जुयिओ कोटि शिवस्थापन याङाया पुण्य ៶៶ कोटि अश्वमेध ៶៶ यज्ञ या-

१४. ङाया फल लाक जुलो थ्व दानपत्रस धाको मयातसा ៶៶ कोटि पञ्चमहापातक लाक जुलो कोति शिवध्वंसन याङाया पाप लाक जुलो ।।

स्वदत्तां परदत्तां यो हरंति वसुधरा

षष्ठीवर्षसहस्राणा वि-

१५. ष्ठायां जायते क्रिमि ।।

अत्र पत्रार्थे दृष्टसाक्षि यावच्चन्द्राकमेदीनी ।।

सम्वत् ८७८ कार्त्तिकशुक्लपूर्ण्णिमा कुह्नु दुन्ता ।। शुभ ७

उल्था

स्वस्ति ।। ॐ आज ब्रह्माको दोस्रो परार्द्धमा, श्वेतवाहकल्पमा, अट्ठाइसौँ वैवस्वतमन्वन्तरमा, चारौँ युग कलिको पहिलो पाउमा । जम्बूद्वीपमा, भरतखण्डमा, भारतवर्षमा, हिमालयको दक्षिणपट्टिको सानो पहाडमा, नेपाल-मण्डलमा, श्रीश्रीपशुपतिको नजीकमा, श्रीवासुकिक्षेत्रमा, श्रीवाग्वतीको पश्चिम किनारामा, श्रीविष्णुमतीको पूर्व किनारामा, श्रीगाङ्गुलपत्तनमा, आर्यावर्तदेशमा, श्रीकान्तिपुरमहानगरमा, काष्ठमण्डपस्थानमा, यही पुण्यभूमिमा । कार्तिक महीनामा, शुक्लपक्षमा, पूर्णिमातिथिमा, कृत्तिकानक्षत्रमा, शिवयोगमा, भद्राकरणमा, मित्रमुहूर्तमा, शुक्रवारमा, वृश्चिकराशिमा सूर्य जाँदा, वृषराशिमा चन्द्रमा जाँदा, महापर्वको यस दिनमा ।

श्री ३ जगन्नाथको प्रीतिको लागि नित्य र नैमित्तिक पूजाको निमित्त श्रीश्रीजयजयप्रकाश मल्लदेवबाट स्थानको पश्चिम दिशाको प्रदेशमा इबु नाउँ भएको ठाउँमा (मूलमा– क्षेत्रे), फिव नाम [भएको ठाउँमा], चन्द्रलखु, मोलपाकु, क्वाथक्व, फ्मालखा, वलशाल, माधरओपि, मागलडोल, दुगाथ, फुतक, तुप्याक, चखुचा, वोसितरमा, फषखा वोसितर । डिही, घडेरी, मरुढोकाको बारी । यी खेतको अङ्केऽपि एक सय पैंतीस रोपनी[६] खेत र चौध खण्ड (खा) र दुइ पाठ (चुल) [नापो भएका] घर बक्स्यो । यति खेतबाट उब्जनी भएको अन्नले वैशाखशुक्लद्वादशीमा

६. अङ्केऽपि (मूलमा– अङ्कतोपि) लेखेर अङ्कमा नलेखी पंचत्रिंशदधिकैकशतपरिमितं रोपनिकं भनी अक्षरेऽपि लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वर्षबन्धनको नैमित्तिक होमपूजा गर्न, कृष्णाष्टमीमा र जयन्तीमा, इन्द्रजात्रामा, कार्तिकपूर्णिमामा, शिवरात्रि-चतुर्दशीमा, सुखरात्रिमा, फाल्गुनपूर्णिमामा दीपदान आदि पूजा गर्नूपर्छ ।

यसपछि देशभाषा ।

श्री ३ जगन्नाथको प्रीतिपूर्वक नित्य र नैमित्तिक पूजा गर्नको लागि श्रीश्रीजयजयप्रकाश मल्लदेवबाट स्थानको पश्चिम दिशामा इबुको खेत रोपनी ७२, फितको खेत रोपनी ३, चन्द्रलखुको खेत रोपनी ४, मोलपाकुको खेत रोपनी ७, क्वाथको फाँटको खेत रोपनी २, झ्यालखाको खेत रोपनी ८, वलशालको खेत रोपनी १, माधओओपिको खेत रोपनी ४, मागलडोलको खेत रोपनी १, दुग्वाथको खेत रोपनी ५, फतको फाँटको खेत रोपनी ३, तुप्याकको खेत रापनी ४, चखुचाको खेत रोपनी २, वोसितलको खेत रोपनी ८, फसखाको खेत रोपनी २, वोसितलको खेत रोपनी ५, घडेरी र डिही कर्ष ४, मरुढोकाको बाहिरपट्टिको बगैँचा [रोपनी] ७ खेत चढाइबक्स्यो । मखनटोलको बायेको पश्चिमपट्टि रहेको घर खा १४, चुल २ यति घर चढाइएको भयो । यति खेतको आयस्ताबाट वैशाखशुक्लद्वादशीको दिन वर्षबन्धनमा नैमित्तिक होम गर्नको लागि पूजासामग्री बनाएर कृष्णाष्टमीमा, जयन्तीमा, इन्द्रजात्रामा, कार्तिकपूर्णिमामा, शिवरात्रिचतुर्दशीमा, सुखरात्रिमा, फाल्गुनपूर्णिमामा चाकमत बाली दिनपूजा गर्नुपर्छ । लगतमा लेखे जति श्रीब्राह्मणज्यूहरूलाई, श्रीमय्जुहरूलाई, जोशी र आचार्यलाई भोजन गराउनुपर्छ । उप्रान्त यो गूठी श्रीश्रीजयजयप्रकाश मल्लदेव प्रभु ठाकुरबाट श्रीनारायण भट्टज्यूको सन्तान भएसम्म तलमाथि नगरी दानपत्रमा छापपत्र लेखेर प्रसन्न भइबक्स्यो । यस दानपत्रमा भने जति गर्दा उत्तरोत्तर कल्याण हुन्छ, करोड शिव स्थापना गरेको, करोडपटक अश्वमेध यज्ञ गरेको फल लाग्छ । यस दानपत्रमा भने जति गरेन भने करोड पञ्चमहापातक लाग्छ, करोड शिव[मूर्ति]को ध्वंस गरेको पाप लाग्छ ।

आफूले दिएको [वा] अरूले दिएको जग्गाजमीन जसले हर्छ, [त्यो] साठी हजार वर्ष गुहुमा कीरा हुन्छ ।

यस पत्रको बेहोरामा दृष्टसाक्षी चन्द्रमा, सूर्य, पृथ्वी रहेसम्म ।

संवत् ८७८ कार्तिकशुक्लपूर्णिमाको दिन चढाइयो ।

शुभ ।

२. राधाकृष्णमन्दिरको

राधा-कृष्णको नित्यनैमित्तिक पूजा गर्नको लागि स्थानको उत्तरपट्टिको प्रदेशमा रहेका २ ठाउँका गरी जम्मा साढे १३८ रोपनी खेत गूठी राखिएको कुरा संस्कृतखण्डमा लेखिएको छ । डिही र घडेरीको लागि जग्गा छुट्ट्याइएको कुरा लेखिएको भए पनि यति भनी खुलाइएको छैन, खालि नापोविशेष **कर्ष** मात्र लेखिएको छ ।

नेवारी खण्डमा चाहिँ एक ठाउँमा ७२ रोपनी खेत र ६० कर्ष **खेल** (चरन/चौर), त्यही ठाउँमा डिही र घडेरीको लागि थप ४ कर्ष जग्गा; अर्को ठाउँमा साढे २ रोपनी खेत गूठी राखिएको कुरा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारी खण्डमा थपिने गरी ताम्रपत्रको तल्लो किनारामा तेत्वंढोकाबाहिर खा ३४ चुल १ हात २० नापो भएको, धारानिरको बगैँचा चढाएको कुरा छ ।

संस्कृतखण्डमा साढे १३८ रोपनी खेत गूठी राखिएको स्पष्टसँग लेखिएको छ त नेवारी खण्डबाट भने १ ठाउँको ७२ रोपनी र अर्को ठाउँको साढे २ रोपनी गरी जम्मा साढे ७४ रोपनी मात्र गूठी राखिएको बुझिन्छ । खेलको लागि कर्ष नापोमा जग्गा राखिएको छ भनी संस्कृतखण्डमा लेखिए पनि नेवारी खण्डमा जस्तो स्पष्टसँग ६० कर्ष राखेको हो भनी लेखिएको छैन । त्यस्तै गरी संस्कृतखण्डमा डिही र घडेरीको लागि जग्गा छोडिएको भनी लेखे पनि यति भनी नकिटिएकोमा नेवारी खण्डमा भने डिही र घडेरीको लागि ४ कर्ष जग्गा छोडेको कुरा लेखिएको छ । सामान्यतः ४ कर्षको १ रोपनी हुने हुनाले (शङ्करमान राजवंशी २०२१:३०-३३) ६० कर्षको १५ रोपनी हुन्छ । नेवारी खण्डबाट आएको साढे ७४ रोपनीमा १५ रोपनी जोड्दा साढे ८९ रोपनी मात्र हुन जान्छ । यसरी संस्कृत र नेवारी खण्डमा जग्गाको फरक फरक परिमाण किन आयो, स्पष्ट छैन ।

गूठी राखिएको यति जग्गाको आयस्ताबाट राधाकृष्णमन्दिरको वर्षबन्धनको दिन आषाढशुक्लसप्तमीमा होम र पूजा गर्ने; लगतमा लेखे जति सामग्री जोरजाम गरेर कृष्णाष्टमीमा, शिवरात्रिमा, माघे सङ्क्रान्तिमा, वैशाखसङ्क्रान्तिमा र इन्द्रजात्रामा पूजा गर्नुपर्छ भनी यहाँ लेखिएको छ । पर्वहरूको नाउँ लिँदा कृष्णाष्टमीपछि इन्द्रजात्रा र माघे सङ्क्रान्तिपछि शिवरात्रि आउनुपर्नेमा यहाँ क्रमभङ्ग भएको छ । यहाँ नाउँ लिइएका पर्वमध्ये नेवारी पात्रोअनुसार वैशाखसङ्क्रान्ति पुछारमा आउनुपर्नेमा माघेसङ्क्रान्ति र इन्द्रजात्राको बीचमा आएको पनि भन्नुपर्छ ।

लगतमा ज़स्तो लेखिएको छ त्यस्तै गरी ब्राह्मणहरू, ब्राह्मणी (मूलमा– **ब्राह्मणी मयजु**)हरू, जोशी र कर्माचार्य (मूलमा–**आचार्य्य**)लाई भोजन गराउने कुरा यहाँ लेखिएको छ । यस गूठीमा राजाले नारायण भट्टलाई नियुक्त गरेको र उनका सन्तान भएसम्म उनीहरूबाट नै गूठी चलाउनुपर्ने कुरा यहाँ लेखिएको छ ।

संस्कृतखण्डमा थपिने गरी ताम्रपत्रको अन्तिम पङ्क्तिमा **च एकपादाधिकचतुस्त्रिंशत्खण्डवादिकानि** ८ (मूलको १३ पङ्क्ति) अर्थात् **एक पाउ बढी ३४ खण्ड, ८ वादिक** लेखिएको छ । थपिएको त्यो अंश कहाँनिर जोड्नुपर्ने हो, स्पष्ट भएन ।

नेवारी खण्डमा जोडिने गरी ताम्रपत्रको तल्लो किनारामा थपिएको अंशमा सबभन्दा अगाडि **६** को अङ्क लेखिएको छ, त्यसको प्रसङ्ग मिलाउन सकिएन । अनि **उपरान्त**बाट उठाई बगैँचा ९ खा, सत्तलमा बस्ने वैरागीलाई चिताइदार बनाई राखिएको कुरा लेखिएको छ । लेखाइको हिसाबबाट ३४ खा १ चुल २० हात बगैँचामध्ये ९ खा बगैँचा चिताइदारलाई भोगचलन गर्न दिएको हो कि जस्तो लाग्छ ।

नेवारी **खा**को पर्याय संस्कृतमा **खण्ड** भएकोले र नेवारी **चुले चौथाइ** बुझाउने हुनाले त्यसको संस्कृत पर्यायमा **पाद** दिइएकोमा त सन्देह भएन । त्यसभन्दा कमको नापोमा नेवारीमा **कु** लेखिएको छ त संस्कृतमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चाहिँ **वादिक/बादिक** दिइएको छ । **कु**को अर्थ **हात** (नापो बुझाउने) भएकोले यताबाट ८ **वादिकबराबर २०** **कु** हुने बुझियो । नापोविशेषको अर्थमा **वादिक** शब्द अन्त नदेखिएकोले **वादिक** र **कु**को अन्तर थाहा भएन ।

मूलपाठ

१. **१ स्वस्ति ॥ ॐ अद्य ॥ ब्रह्मणो द्वितीयप्रहरार्द्धे स्वेतवराहकल्पे ៶៶ वैवस्वतमन्वतरे अष्यविशतितमे चतुयुगस्य कले प्रथमपादे यम्बुद्वीपे भरतखण्डे भारतवर्षे हीमवद्दक्षिणे पादे नेपालम-**

२. **ण्डले श्रीश्रीपशुपतिसनिधाने ៶៶ श्रीश्रीवाशुकिक्षेत्रे श्रीवाग्मत्याः पश्चिमकूले श्रीविष्णुमत्याः पूर्व्वकूले श्रीगाङ्गुलवत्तने आर्य्यावर्त्तदेशे श्रीमत्कान्तिपुरमहानगरे काष्टमण्डपस्थाने इहैव पुण्य-**

३. **भुमौ ॥ कार्त्तिकमासे शुक्लपक्षे पूर्ण्णिमायां तिथौ कृर्त्तिकानक्षत्रे शिवयोगे ៶៶ विष्टिकर्ण्णे मित्रमुहूर्त्ते शुक्रवासरे ៶ विश्चिकराशिगते सवितरि वृषराशिगते चन्द्रमसि ॥ अस्मि महापर्व्वदिने ॥ श्री ३ राधा-**

४. **कृर्ण्णप्रीत्यर्थ नित्यनैमित्तिकपूजानिमित्तक श्रीश्रीजयजयप्रकाशमल्लदेवेन स्थानस्योत्तरदिसि प्रदेशे सिराम्यानामक्षेत्र ៶៶ गागलबुनामक्षत्र ៶៶ खेल कर्षनाम क्षत्र ៶ देहि घल्यालि ៶ एतेषां क्ष-**

५. **त्राणां अंकतोपि द्विपादाधिकाष्टत्रिंशदधिकैकशतपरिमितरोपनिकं संख्यकानि ៶៶ संप्रदत्तानि ៶ एतत्क्षत्रो-त्पन्नान्येन ៶៶ आषाढशुक्लसप्तम्यां वर्षबधन ៶៶ नैमितिक ៶៶ होमपूजा कर्तुं ៶៶ कृष्णा-**

६. **ष्टम्यां ៶៶ शिवरात्रिचतुद्दश्यां मकरसंक्रान्तौ ៶៶ मेषसंक्रान्तौ ៶៶ इन्द्रयात्रायां ៶៶ दीपदानादिपूजा कर्त्तव्याः ॥**

अतः पर देशभाखा श्री ३ राधाकृर्ण्णप्रीतिन नित्यनैमित्तिक पूजा यायथार ៶៶ श्री-

७. **श्रीजयजयप्रकाश मल्लदेवसन स्थानस्योत्तरदिशि प्रदेशे ៶៶ सिराम्या बु रो ७२ खेल कर्ष ६० देहि घल्यालि कर्ष ४ गोगल बु रो २ चु २ थ्वते बु दुन्ता जुलो ॥ थ्वते बुया ओलसानन आषाढशु-**

८. **क्लसप्तमी कुह्नु वर्षबन्धननैमितिक होमजोरण पूजासामग्रि दयकाओ पूजा यायमाल ॥ धरतस धायाओ तक सामगि दयकाओ कृष्णाष्टमीसं ៶ शिवरात्रिचतुर्द्दशीसं ៶៶ मकलस-**

९. **क्रांतिसं ៶ मेषसंक्रान्तिसं इन्द्रयात्रासं पूजा यायमाल ॥ धरतस धायाओ तको श्रीब्राह्मणजुपनि श्रीब्राह्मणी मयजुपनि ៶៶ जोसि ៶៶ आचार्य्य भक्ष्याभोजन याचकेमाल उपरान्त ៶៶ थ्व गुथि**

१०. **श्रीश्रीजयजयप्रकाश मल्लदेव प्रभु ठाकुलसन श्रीनारायन भट्टजुया संतान दतोले ៶៶ थका कोका मदयकाओ दानपत्रस छापपत्र चोस्य प्रशन्न जुसे बिज्याङा ॥ थ्व दानपत्रस धायाओ**

११. **तक निस्तर याङाओ काले उर्त्तरोत्तर कल्यान जुयिओ ៶៶ कोटि शिवस्थापन याङाया पुण्य लाक ៶៶ कोटि अश्वमेध यज्ञ याङाया पुण्य लाक जुलो ៶៶ थ्व दानपत्रस धाको निस्तर पाओ मओनसा**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१२. कोटि पञ्च महापातक लाक जुलो कोटि शिवध्वंसन याङाया पाप लाक जुलो ॥

स्वदत्तां परदत्तां वा यो हरन्ति वसुंधरा

षष्टिवर्षसहस्राणि विष्ठयां जायत्ते क्रिमि ॥

अत्र पत्रार्त्थे दृष्ट-

१३. साक्षि यावच्चन्द्राक्कमेदिनी ॥ सम्वत् ८७८ कार्तिकशुक्लपूर्ण्णिमा कुन्हु दुन्ता ॥ शुभ च एक-
पादाधिकचतुत्रिंशत्खण्डवादिकानि ८

६ तेत्वंध्वाकापिने ৲ हितिफुस केब खा ३४ चु १ कु २० ध्वते

केब दुन्ता उपरान्त केब खा ९ सतरस चोङह्म वयरा-

उल्था

स्वस्ति ॥ ॐ आज ब्रह्माको दोस्रो परार्द्धमा, श्वेतवराहकल्पमा, अट्ठाइसौँ वैवस्वतमन्वन्तरमा, चारौँ युग कलिको पहिलो पाउमा । जम्बूद्वीपमा, भरतखण्डमा, भारतवर्षमा, हिमालयको दक्षिणपट्टि रहेको सानो पहाडमा, नेपालमण्डलमा, श्रीश्रीपशुपतिको नजीकमा, श्रीश्रीवासुकिक्षेत्रमा, श्रीवाग्वतीको पश्चिम किनारामा, श्रीविष्णुमतीको पूर्व किनारामा, श्रीगाङ्गुलपत्तनमा, आर्यावर्तदेशमा, श्रीकान्तिपुर महानगरमा, काष्ठमण्डपस्थानमा, यही पुण्यभूमिमा। कार्तिक महीनामा, शुक्लपक्षमा, पूर्णिमातिथिमा, कृत्तिकानक्षत्रमा, शिवयोगमा, भद्राकरणमा, मित्रमुहूर्तमा, शुक्रवारमा, वृश्चिकराशिमा सूर्य जाँदा, वृषराशिमा चन्द्रमा जाँदा, महापर्वको यस दिनमा ।

श्री ३ राधाकृष्णको प्रीतिको लागि नित्य र नैमित्तिक पूजाको निमित्त श्रीश्रीजयजयप्रकाश मल्लदेवबाट स्थानको उत्तर दिशाको प्रदेशमा सिराम्या नाउँ भएको ठाउँमा गागलबु नाउँ भएको खेत चौर कर्ष डिही घडेरी यति खेतको अङ्केऽपि एक सय अठतीस दुइ पाउ रोपनी खेत बक्स्यो । यति खेतबाट उब्जनी भएको अन्नले आषाढशुक्ल-सप्तमीको दिन वर्षबन्धनको नैमित्तिक होम र पूजा गर्न कृष्णाष्टमीमा, शिवरात्रिको चतुर्दशीमा, मकरसङ्क्रान्तिमा, मेषसङ्क्रान्तिमा, इन्द्रजात्रामा दीपदान आदि पूजा गर्नू ।

यसपछि देशभाषा ।

श्री ३ राधाकृष्णको प्रीतिले नित्य र नैमित्तिक पूजा गर्नुपर्छ । श्रीश्रीजयजयप्रकाश मल्लदेवबाट स्थानको पश्चिम दिशामा सिराम्याको खेत रोपनी ७२, चौर कर्ष ६०, डिही घडेरी कर्ष ४, गोगलको खेत रोपनी २, चुल २ यति खेत चढाइबक्सेको भयो । यति खेतको आयस्ताबाट आषाढशुक्लसप्तमीको दिन वर्षबन्धनमा नैमित्तिक होम गर्नको लागि पूजासामग्री बनाएर दिनपूजा गर्नुपर्छ । लगतमा लेखे जति सामग्री बनाएर कृष्णाष्टमीमा, शिवरात्रिचतुर्दशीमा, मकरसङ्क्रान्तिमा, मेषसङ्क्रान्तिमा, इन्द्रजात्रामा पूजा गर्नुपर्छ । लगतमा भने जति श्रीब्राह्मणज्यूहरूलाई, श्रीब्राह्मणी मयज़ुहरूलाई, जोशी र आचार्यलाई भोजन गराउनुपर्छ । उप्रान्त यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गूठी श्रीश्रीजयजयप्रकाश मल्लदेव प्रभु ठाकुरबाट श्रीनारायण भट्टज्यूको सन्तान भएसम्म नछुटाउने गरी दानपत्रमा छापपत्र लेखेर प्रसन्न भइबक्स्यो । यस दानपत्रमा भने जति गर्दा उत्तरोत्तर कल्याण हुन्छ, करोड शिव स्थापना गरेको पुण्य लाग्छ, करोडपटक अश्वमेध यज्ञ गरेको पुण्य लाग्छ । यस दानपत्रमा भने जति गरेन भने करोड पञ्चमहापातक लाग्छ, करोड शिव[मूर्ति]को ध्वंस गरेको पाप लाग्छ ।

आफूले दिएको वा अरूले दिएको जग्गाजमीन जसले हर्छ, [त्यो] साठी हजार वर्ष गुहुमा कीरा हुन्छ ।

यस पत्रको बेहोरामा दृष्टसाक्षी चन्द्रमा, सूर्य, पृथ्वी रहेसम्म ।

संवत् ८७८ कार्तिकशुक्लपूर्णिमाको दिन चढाइयो ।

शुभ ।

सवा चौँतीस खण्ड वादिक ८

६ तेत्वंढोकाबाहिर धारामाथिको बगैँचा खा ३४ चुल १ हात २० यति बगैँचा चढाइयो । उप्रान्त बगैँचा खा ९ सत्तलमा बस्ने वैरागीलाई चिताइदार राखियो ।

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

डिल्लीरमण रेग्मी २०२३
= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभ्ल् नेपाल्* (मध्यकालको नेपाल) ३ भाग २ खण्ड ।

पाण्डुरङ्ग वामन काणे २०३१
= ई.सं. १९७४ (वि.सं. २०३१) मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, पाण्डुरङ्ग वामन काणेको *हिस्टरि अफ् धर्मशास्त्र (एन्शन्ट् यान्ड् मेड्इईभ्ल् रिलिजूअस् यान्ड् सिभ्इल् ल)* (धर्मशास्त्र (प्राचीन र मध्यकालको धर्मसम्बन्धी र देवानी कानून)को इतिहास) ५ ठेली १ भाग २ संस्करण ।

महेशराज पन्त २०४९
= वि.सं. २०४९ मा प्रकाशित *पूर्णिमा* ८२ पूर्णाङ्कका ६७-७० पृष्ठमा छापिएको, महेशराज पन्तको *लक्ष्मीनरसिंह मल्लका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका चारवटा लिखतपत्र (वि.सं. १६८०, १६८७, १६९६)* ।

महेशराज पन्त २०६२
= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११८ पूर्णाङ्कका १-१७ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको सिद्धिहर्ष वज्राचार्य (वि.सं. १९३६-२००९)ले पढेको पाठ र गरेको उल्था* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२७ पूर्णाङ्कका १९०-२०९ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण– अर्को एउटा पत्र- भूपालेन्द्र मल्लको ने.सं. ८२० (वि.सं. १७५६) चैत्रपूर्णिमाको पत्र*।

महेशराज पन्त २०६९

= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३८ पूर्णाङ्कका १२९-१७४ पृष्ठमा छापिएको, महेशराज पन्तको *नयाँ ठ्यासफू*।

महेशराज पन्त २०७७

वि.सं. २०७७।३।२७।७ मा काठमाडौँबाट नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रालिद्वारा प्रकाशित *अन्नपूर्ण पोस्ट्* १९ वर्ष ७२ अङ्कको ग पृष्ठमा छापिएको, महेशराज पन्तको *महामरक : अनेक आकर, अनेक असर*।

रोशनी श्रेष्ठ २०७३[७]

= वि.सं. २०७३ मा काठमाडौँबाट नेपालसरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय, पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* ३३ पूर्णाङ्कका ८७-१०० पृष्ठमा छापिएको, रोशनी श्रेष्ठको *तारिणीदेवीमन्दिरका ७ अभिलेख*।

शङ्करमान राजवंशी २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* १ पूर्णाङ्कका ३०-३३ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *कर्षको अर्थ*।

---

७. यसमा प्रकाशनमिति वि.सं. २०७२ लेखे पनि वि.सं. २०७३।३।२९।४ मा मात्र निस्केको हो।



जयप्रकाश मल्लको दानपत्रको फोटो

यसको पाठ माथि ३३५-३३६ र ३३९-३४० पृष्ठमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थलाराका रेग्मीहरूको वंशावली

-महेशराज पन्त

कमलनयन शर्माले शाके १६८१, वि.सं. १८१६ मा सारेको यस वंशावलीको फोटो नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनामा काम गर्दा मैले लिएको हुँ ।

बझाङ र डोटीको बीचमा रहेको, बाइसी राज्यमध्ये एक थलाराका बासिन्दा, उदुम्बर देवल र विश्वामित्र त्रिप्रवर भएका, कौशिकगोत्रका रेग्मी (जोशी)हरूको यो वंशावली हो । यही वंशका अठाहौँ पुस्ताका पण्डित नीलकण्ठले संस्कृत पद्यमा यो वंशावली रचेका रहेछन् ।

वंशावलीको फोटो



CC-0. Nepal Sanskrit Academy, Kathmandu



रे०वं०॥ ॥श्रीगणेशायनमः॥ ॥गणेश्वरं सुसिद्धिदं सरस्वतीं च बुद्धिदां॥ वरं गुरुं प्रणम्य वै रे
१॥ ग्मिवंशकीर्तनं॥१॥ श्रीमत्कौशिकगोत्रपावनतरो रेग्मीति कीर्तिंगतो ह्यासी छौडय
देवशर्म १ गणकः पृथ्वीसुराणां वरः॥ तत्सूनुः खलु देवचन्द्र २ गणकस्तस्यात्मजः को
विदः श्रूरः श्रीउयचन्द्रको ३ ननु ततः श्रीवत्सनामा ४ ह्यभूत्॥२॥ तत्पुत्रः खलु विल्व
णो ५ द्विजवरस्तस्याङ्गजो वालण ६ स्तज्जो वै सुमतिः ७ प्रकृष्टसुतवान्सिद्धान्तविद्या
र्मिकः॥ तज्जो भूत्प्रतिमान्प्रभाकर ८ इति ख्यातिं गतो वेदवित्तज्जः श्रीजुठुरायको
र जुठुज निः श्रीशानराय १० स्ततः॥३॥ पुत्रस्तस्य तु रश्मिराजगणको ११ रोला भि ॥राम०॥
धानादयं ग्रामाद्धे द्विजवर्यवृन्दतिलको दूर्वालये स्थापितः। धामी भूपतिहरिके ॥१॥



न कृतिनाम्नारङ्गदेवेन वै गुर्वर्थं च पुरोहितार्थमपि चानीयाग्रणीया दरं॥४॥ तस्मात्
श्रीवहुशास्त्रवेदचतुरश्चन्द्राकरो १२ दर्शके चन्द्रदर्शितवान्महामतिरभूद्भूपालतुष्टे
निशि॥ सूनुस्तस्य विभाकरो १३ मितमतिः सिद्धान्तवित्तीर्थकृत्तत्सूनुः सुजितो १४ न्दपा
नगरे येनार्दिताः शत्रवः॥५॥ तत्सूनुश्च सुदर्शनो १५ वहुधनश्श्रेरोमनस्वी तथा त
ज्जः श्रीमणिरामको १६ ति गणकः सत्तीर्थसेवी ह्यभूत्॥ तत्पुत्रो धरणीश संघवि
दित्तः काश्यां हि वासः कृतस्त्यागश्च स्वशरीरकस्य तु कृतो योगीश्वरो १७ येन सः॥६॥
तत्पुत्राः खलु पण्डिताः समभवन्गोविंदपार्दावुजे त्वासक्ताव १८ लभद्रशर्म जयशर्मा नर
शर्मा १९ कृयाः॥ ज्योतिःशास्त्रवरान्नृपाल निवहैः संमानिता भूसुरा जातः श्रीवलभद्रश



रे०वं०॥ र्मसुसुतः श्रीलक्ष्मणो वै सुधीः॥७॥ येन श्रीजगदीशशंभुनगरे तुर्येन्दुसंख्या समा
॥२॥ स्थित्वा भक्तितया प्युदारमतिना पित्रोश्च सेवा कृता॥ विद्वद्वृन्दशिरोमणिस्तज
यशर्मा भूत्सुधीः सोऽभयस्तत्पुत्रो ननु नीलकण्ठविवुधो दूर्वालये चाभवत्॥
॥८॥ श्रीगुरोश्चरणपद्मसेवनात्सूरिवंद्यजयशर्मसूनुना॥ रेग्मिवंशमभिव
र्णितं वरं नीलकण्ठविवुधेन सादरं॥९॥ शुभं॥ मस्तु॥ ॥ ॥ ॥ ॥ ॥ ॥ राम०
उदुंवर देवल विश्वामित्रा स्त्रिप्रवराः॥ कौशिक गोत्रं॥ ॥ ॥ ॥ ॥ २
श्रीशाके १६८१ संवत् १८१६ लिखितमिदं पुस्तकं श्रीकमलनयनसर्मणाम॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

(अतिरिक्त पत्रमा ठाडो पारी लेखिएको)

१. (यत्र)ासीदमृतोपमं हि सलिलं सी-

२. ता च पुण्या नदी

त्वासन्सुंदरक-

३. ट्फलानि विदितो देवः सह-

४. स्रेश्वरः ।।

देवीभक्तजनप्रिया

५. सुहरिगा श्रीमालिकाख्या च

६. सा

देशश्चाप्यतिसुंदरो हि शु-

७. शुभे रम्या थलारा पुरी ।।१।।

[१ख पत्र]

१. ।। श्रीगणेशाय नमः ।। ।।

गणेश्वरं सुसिद्धिदं सरस्वतीं च बुद्धिदां ।।

वरं गुरुं प्रणम्य वै क-

२. रोमि वंशकीर्त्तनम् ।।१।।

श्रीमत्कौशिकगोत्रपावनतरो रेग्मीति कीर्त्तिं गतो

ह्यासीच्छ्रीजय-

३. देवशर्म १ गणकः पृथ्वीसुराणां वरः ।।

तत्सूनुः खलु देवचन्द्र २ गणकस्तस्यात्मजः को-

४. विदः

शूरः श्रीजयचंद्रको ३ ननु ततः श्रीवत्सनामा ४ ह्यभूत् ।।२।।

तत्पुत्रः खलु विल्व-

५. णो ५ द्विजवरस्तस्यांगजो बालण ६

स्तज्जो वै सुमतिः ७ प्रकृष्टसुतवान्सिद्धांतविद्धा-

६. र्मिकः ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तज्जोभून्मतिमान्प्रभाकर ८ इति ख्यातिं गतो वेदवि-

त्तज्जः श्रीजुठुरायको

७. ९ जुठुजनिः श्रीशानराय १० स्ततः ।।३।।

पुत्रस्तस्य तु रश्मिराजगणको ११ रोलभि-

८. धानादयं

ग्रामाद्वै द्विजवर्यवृंदतिलको दूर्वालये स्थापितः ।

थामीभूपतिहीरके-

[२क पत्र]

९. न कृतिना सारंगदेवेन वै

गुर्वर्थं[1] च पुरोहितार्थमपि चानीयागणेयादरं[1] ।।४।।

तस्मात्

१०. –[2] बहुशास्त्रवेदचतुरश्चंद्राकरो १२ दर्शके

११. चन्द्रं दर्शितवान्महामतिरभूद्भूपालतुष्ट्यै ([3]

निशि ।।

सूनुस्तस्य विभाकरो १३ मितमतिः सिद्धांतवित्तीर्थकृ-

त्तत्सूनुः सुजितो १४ नृपाल-

१२. नगरे येनार्दिताः शत्रवः ।।५।।

तत्सूनुश्च सुदर्शनो १५ बहुधनः शूरो मनस्वी तथा

त-

१३. ज्जः श्रीमणिरामको १६ तिगणकः सत्तीर्थसेवी ह्यभूत् ।।

तत्पुत्रो धरणीशसंघवि-

१४. दितः काश्यां हि वासः कृत-

स्तत्त्यागश्च स्वशरीरकस्य सुकृती योगीश्वरो १७ येन सः ।।६।।

---

१. यहाँ सार्दा गल्ती भएकोले अर्थ लागेन, छन्दोभङ्ग पनि भएको छ ।

२. जोडेमोडेको यो अक्षर ▪ खुट्याउन नसकिएकोले श्लोकको यस पाउको पाठ अपूरो भएको छ ।

३. पङ्क्तिको पुछारमा राखिने चिह्न यो हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१५. तत्पुत्राः खलु पंडिताः समभवन्गोविंदपादांबुजे
त्वासक्ताः १८ बलभद्रशर्मजयश-
१६. र्मानंदशर्मा १८ ह्वयाः ।।
ज्योतिःशास्त्रवरा नृपालनिवहे संमानिताः भूसुरा
जातः श्रीबलभद्रश-

[३क पत्र]

१. र्मसुसुतः श्रीलक्ष्मणो वै सुधीः ।।७।।
येन श्रीजगदीशशंभुनगरे तुर्येन्दुसंख्या समाः
२. स्थित्वा भक्तितयाप्युदारमतिना पित्रोश्च सेवा कृता ।।
विद्वद्वृंदशिरोमणिस्तु ज-
३. यशर्माभूत्सुधीः सोऽभय-
स्तत्पुत्रो ननु नीलकंठविबुधो दूर्वालये चाभवत् ।।
४. ।।८।।
श्रीगुरोश्चरणपद्मसेवनात्सूरिवंद्यजयशर्मसूनुना ।।
रेग्मिवंशमभिव-
५. र्णितं वरं नीलकण्ठविबुधेन सादरं ।।९।।
शुभं।।मस्तु।। ।। ।। ।।ॐ।।ॐ।।ॐ।।
६. उदुंबरदेवलविश्वामित्रास्त्रिप्रवराः ।। कौशिकगोत्रं ।।ॐ।।ॐ।।ॐ।।ॐ।।ॐ।। ।।
७. श्रीशाके १६८१ संवत् १८१६ लिखितमिदं पुस्तकं श्रीकमलनयनसर्मणाः ।। ।।

उल्था

जहाँ अमृतसँग दाँजिने पानी थियो, त्यहाँ पुण्य दिने सीता नदी, राम्रा काफल, प्रख्यात सहस्रेश्वर देव थिए। देवीका भक्तजनहरूले मन पराउने, हरिमा जाने, उहाँ श्रीमालिका नाउँ भएकी हुनुहुन्छ। देश पनि ज्यादै सुन्दर छ। राम्रो थलारा शहर सुहाएको छ। १

श्रीगणेशलाई नमस्कार।

राम्रो सिद्धि दिने गणेशलाई, बुद्धि दिने सरस्वतीलाई र मुख्य गुरुलाई ढोगेर वंशकीर्तन गर्छु। १

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीकौशिकगोत्रमा पवित्रतर, रेग्मी भनी कहलाएका, ब्राह्मणहरूमा श्रेष्ठ श्रीजयदेव शर्मा जोशी (मूलमा– **गणक**) हुनुभयो १; उहाँका छोरा देवचन्द्र जोशी (मूलमा– गणक) २; उहाँका छोरा विद्वान् र शूरा श्रीजयचन्द्र ३; उहाँबाट श्रीवत्स नाउँ भएका ४ हुनुभयो । २

उहाँका छोरा ब्राह्मणहरूमा श्रेष्ठ विल्वण ५; उहाँबाट जन्मेका बालण ६; उहाँबाट जन्मेका सुमति ७; उहाँबाट जन्मेका, उत्तम छोरा भएका, सिद्धान्त जान्ने, धार्मिक, बुद्धिमान्, वेद जान्ने, प्रभाकर भनी प्रख्यात [हुनुभयो] ८; उहाँबाट जन्मेका श्रीजुठुराय ९; त्यसपछि जुठुबाट जन्मेका श्रीशानराय १०; उहाँका छोरा रश्मिराज जोशी (मूलमा– **गणक**) ११; श्रेष्ठ ब्राह्मणहरूको समूहमा टीका (श्रेष्ठ) उहाँलाई रोला/रोल भन्ने गाउँबाट [ल्याई] थामी (?) राजाहरूमा हीरा (श्रेष्ठ), सफल सारङ्गदेवले गुरुको लागि र पुरोहितको लागि (गुरु र पुरोहित बनाएर) आदरपूर्वक ल्याएर दूर्वालय(?)मा राख्नुभयो । ३-४

उहाँबाट जन्मेका, धेरै शास्त्र [र] वेदमा सिपालु, ठूला बुद्धिमान् चन्द्राकरले राजाको सन्तोषको लागि औँसीको राति चन्द्रमा देखाउनुभयो १२ । उहाँका छोरा धेरै बुद्धि भएका, सिद्धान्त जान्ने, तीर्थ गर्ने विभाकर १३ । उहाँका छोरा सुजित १४; उहाँले राजाको शहरमा शत्रुहरूलाई पिर्नुभयो । ५

उहाँका छोरा धेरै धनी, शूरा, दिलदार सुदर्शन १५; उहाँबाट जन्मेका ठूला ज्योतिषी, असल तीर्थको सेवा गर्ने श्रीमणिराम १६; उहाँका छोरा राजाहरूको जमातमा चिनिएका, धर्मात्मा उहाँ योगीश्वरले काशीवास गरी त्यहीँ शरीरत्याग गर्नुभयो १७ । ६

उहाँका छोराहरू विष्णुको चरणकमलमा आसक्त, ज्यौतिषशास्त्रमा श्रेष्ठ, राजाहरूको जमातमा मान पाएका, ब्राह्मण, पण्डित बलभद्र शर्मा १८; जय शर्मा र आनन्द शर्मा १८ नाउँ भएका हुनुभयो । श्रीबलभद्र शर्माका सुपुत्र विद्वान् श्रीलक्ष्मण हुनुभयो । ७

उदार बुद्धि भएका उहाँले श्रीजगदीश शम्भुको शहरमा (काशीमा) १५ वर्ष रहेर भक्तिपूर्वक बाआमाको सेवा गर्नुभयो । विद्वान्हरूको समूहका शिरोमणि विद्वान् जय शर्मा हुनुभयो । उहाँका छोरा निडर, विद्वान् नीलकण्ठ दूर्वालय(?)मा हुनुभयो । ८

श्रीगुरुको चरणकमलको सेवा गर्नाले विद्वान्हरूले ढोगिन लायक जय शर्माका छोरा विद्वान् नीलकण्ठले आदरपूर्वक रेग्मीवंशको श्रेष्ठ वर्णन गरे । ९

कल्याण होओस् ।

उदुम्बर देवल विश्वामित्र त्रिप्रवर । कौशिक गोत्र ।

श्रीशाके १६८१ [विक्रम]संवत् १८१६ मा यो पुस्तक श्रीकमलनयन शर्माले सारे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Endowing Temples in Nepal
A Selection of Historical Documents

– **Bernhard Kölver and Mahes Raj Pant**
in collaboration with Dinesh Raj Pant,
Kashinath Tamot and Janaklal Vaidya

[From 1994 to 1998 the five individuals named above as co-authors prepared abstracts of the documents deposited with the office of Guthi Bandobasta Adda. The work was undertaken as part of a project supported by the Deutsche Forschungsgeminschaft (German Research Foundation). This project ended over 25 years ago. The five co-authors intended to publish the abstracts as a monograph. This never materialized. Bernhard Kölver (1938-2001) and Janaklal Vaidya (1934-2021) passed away. The remaining three co-authors are either at the threshold of *vānaprastha* or have entered the age of *saṃnyāsa.* It is not wise to await a polished monograph. The co-authored abstracts will be published serially in the *Pūrṇimā.*

– Mahes Raj Pant]

Documents dated in Śakasaṃvat

1

1378 Bhādraśudi 12 Wednesday

Copy of a copper-plate

Pokā: Guthi Lagat 50 — NGMPP K 211/18

Guṭhi: Bhavānī Devī — Size in cm: 19.5 x 12

Language: Nepali with standardised sentence in Sanskrit

Bibliography: Bhattarai 1981: 99-100, from a different source.

Abstract: King Kalyāṇa Malla grants to a *dhārnī* (?) [a plot of land] – at best the words under scrutiny can be read as *mālā ṣānīlai* – releasing him from all levies – *nāṭha, aputāli, muḍāli* and *poṭāli* – and letting him have any fruit or vegetable which grows above ground (*saragako ḍhiḍo*) and any mine (*pātālakā nida*). The grantee seemingly had to pay 3 *ṭaṃkā*-s to the king for the favour he had made. This transaction was witnessed by both the sun and the moon and some 12 persons having surnames such as Bakoṭi, Seṭī, Biṣṭa, Bhadaū, Sāuda, Maṭyāli and Boharo.

Note: A statement on the copy certifies that the copper-plate is devoid of the royal seal. Bhattarai's version reads the year as 1379. The text having been badly copied both in the present document and in published version, some portions are not distinctly intelligible.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

2

1378 Kārttikaśudi 15 Wednesday

Pokā: 2 NGMPP K 160/23

Guṭhi: Sahasraliṅgeśvara Size in cm: 42 x 7

Language: Nepali with standardised sentence in Sanskrit

Bibliography: Bhattarai 1981: 97-98, from a different source.

Abstract: King Kalyāṇa Malla grants to Kākanī Malla (?) (text: *Kākanī malla mīlāi*) [a plot of land] sparing him from the *nāṭha* and *aputāli* levies. The deed states that Vetāla received 5 seers of gold in Ajaimira, and that in the village of Rājapurī 18 *raiḍya*-s of land (*bhūmī*) with a performance of *saṃkalpa* were donated to Vetāla. Reference is made to Bhākesora (in the Bhattarai version: Bhāgeśvara), the context of which is not clear to us. This transaction is witnessed by both the sun and the moon and some 9 persons having surnames such as Bakoṭi, Seṭi, Biṣṭa, Bhaḍāri, Sāuda, Borā and Māli. The immediately following passage is only partly intelligible: it mentions the offer of something to somebody in an interval of three years, for which a *sahasraliṅga* is to be received along with 4 *raidyā*-s, a cow (*gaudāna*) and 3 *dharnī*-s of ghee.

Note: As the text is not reproduced faithfully either in the present copy or in the version in Bhattarai, some portions are not intelligible.

Vetāla is regarded in the Doti area as one of its prominent deities, comparable in influence with the *maṣṭo*-s. (Panta 1975: 94-98). The temple of Bhāgeśvara is in the district of Dadeldhura and it lies one and a half day's walk from the town of Dadeldhura. The *liṅga* of Bhāgeśvara is located amidst a on the side of a cliff. A special *pūjā* is held thrice a year, i.e. on jyeṣṭhaśukla 10, śrāvaṇaśukla 15 and mārgaśukla 14 (Panta 1975: 161), in the Bhāgeśvara temple.

We know a *ḍhusko* (folk poem) that deals with Bhāgeśvara, relating the mighty King Nāga Malla's challenge to the deity. In order to establish his superiority over him and his humiliating defeat at the hands of the god (Panta 1975: 94-98).

3

Between 1612 and 1641

Copy of a stone inscription

Pokā: Guthi Bandobasta 2 ga NGMPP K 136/3

Guṭhi: Dillasainī 2 Size in cm: 20 x 12.5

Language: Nepali

Abstract: King Madana Sāhi reconfirms the *guṭhi* founded by Nāga Malla for performing the *pūjā* of Malladehī Dilāsainī Bhagavatī on the occasion of different *parva*-s.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Note: The name Madana Sāhi is not attested among the kings of Doti. We do find, however, a king named Māndhātā Sāhī reigning between Śakasaṃvat 1612 and 1641, and it is during this period that we place the document.

Ojha (1992: 65) tells us that King Nāga Malla offered a *ghaṇṭā* to the Nigalasainī Bhagavatī in Dehimandu in Baitadi.

4

1625 Mārgaśudi Wednesday

(no mention of *tithi*)

Pokā: Pahad Bandobasta — NGMPP K 85/A, K 85/B

Guṭhi: Dākhā guṭhi (Pyuthana) — Size in cm: 25 x 21.5, 26 x 21.5

(Microfilmed in two halves)

Language: Nepali with Sanskrit *praśasti* and a sprinkling of Hindi

Abstract: King Sahideva issues a copper-plate for the security of the *sthāna* (text: *thana*) of Prapatanātha's *guru* Nirmalanātha. He warns of the danger of his lineage becoming extinct if anybody intrigues to get hold of the *sthāna*. The *sthāna* is guarded by two *celā*-s approved by the king, *pañcạ*, *bāhrapantha* and *daśanāmin*. This arrangement has the support of Rājaguru Manasānātha, Pīra Hariharanātha, two other *nātha*-s and one *rāvala* and one *bhaṇḍārī*. This regulation was witnessed by 11 persons, among them 5 Sāha-s, and one each of a Sabali, a Jośī, a Rāṇā, a Khaḍkā, a Rokāya and a Thapā. The king through the same copper-plate grants 100 *murī*-s of land together with the *dihī* and *bārī* along the Sāldi Kholā to the Bābājī. The grantee is spared from taxes and fines named as *gayari* (?) *aputāli*, *cākacakvāhi*, *daṇḍa*, *kuṇḍa* and *mora aputāli*.

The grant is witnessed by the sun and the moon from the sky, by Vāsuki from *pātāla* and by Vāyu from the middle realm. Towards the end of the text the plate cites a few more witnesses: banyan and peepal trees, and the Ihimoruk Gaṅgā.

He who overturns the grant, which has been given by issuing a copper-plate, will be dispatched with, including his root and head (*jarā muḍasaga jālā*), and depending on whether he is a Hindu or Mussalman will be guilty of the sin of eating beef and pork respectively.

Except for the *pantha* (*bāhrapantha* ?), whoever else enjoys this grant of the *kṣetra* in Uttarākhaṇḍa, i.e. the land belonging to Nātheśvara (?) (text: Nāṭesvari), will be dispatched with, including his root and head.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Note: (1) The donor king's name is not attested elsewhere. The *praśasti* is after the fashion of the Shah kings: *girirājacakacūḍāmaṇinaranārāyaṇa.* Most probably the document does not mention the name of the king, Sahideva being a miscopying of Sāhadeva.

A V.S. 1935 document issued by the Rana Prime Minister Ranoddip Singh (K 85/22 C) names the grantor as King Pṛthvīpati: *uprāṃta pyuṭhānākā raja pṛthvīpatīharubāṭa śāke 1625 mā.*

(2) The document oddly names both *mārgaśīrṣa* and *māgha* as the month and omits the *tiṭhi*, while including the word *tithi*: *māghamāse śāke 1625 sāla mārgasīra tithi iti.*

(3) **A second copy** of the portion filmed under K 85/B is Pokā 36, guṭhi: Dhalāhārī Siddha no. 4, size 19.5 x 17 cm, filmed as K 114/62.

5

1674 Jyesṭhaśudi 2

Extended date down to *nakṣatra*

Copy of a stone inscription

Pokā: 36 NGMPP K 113/55

Guṭhi: Bhairaveśvara Size in cm: 25 x 20

Language: Sanskrit

Bibliography: Vajrācārya and Shrestha 1976: doc. no. 30; *id.* 1980:52-53.

Abstract: During the reign of Pṛthvīnārāyaṇa Śáha, Bhānu, the best of Brahmins (*vipravara*), the foremost of the *jyotiṣī*-s (*gaṇakāgraṇī*) and a son of Jamadagni who belonged to the Ātreya *gotra* (*ātreyānvaya*) and mastered astral science (*nakṣatravidyāntaga*), consecrated Bhairaveśvara on the bank of the Triśūlī River. He endowed 20 *murī*-s of land on the bank of the Dharmadravā River for the protection of the temple (*devālayasya rakṣāyai*). The Brahmin priest who regularly swept and smeared the temple and performed *abhiṣeka* over the *liṅga* while reciting the *mantra* from the *ṣaḍaṅga* who entitled to have the land named Sāgarika on the bank of the Dharmadravā River amounting to 50 *murī*-s. The tilling within 50 *hasta*-s of the temple was prohibited.

Note: The donor is King Pṛthvīnārāyaṇa Śāha's private *jyotiṣī.*

The Dharmadravā is the Sankritised name of the Daraundī River (Pant, *et.al.* 1969: 316).

A second copy of this document is accompanied by a Nepali translation made by Siddhiharṣa Vajrācārya. It is Pokā 36, guṭhi: Bhuvaneśvara 3, size 27.5 x 23 cm, filmed under K 113/56.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

6

1680 Phālgunaśudi 15 Monday

Pokā: 11 NGMPP K 113/23

Guṭhi: Viśveśvara Mahādeva Size in cm: 24 x 13

Language: Nepali

Abstract: Ṭhākura Giri Gosāī̃ donates 1/2 *ropanī* of land named Dogāna byāsī, in Bishankhu, and a slave girl to the Ādiviśveśvara. This transaction was witnessed by 7 or 8 Giri-s, among whom 2 have the title of Mahanta, 2 are Purī-s and 1 is a Bhāratī; and by an additional Mahanta whose order of the Daśanāma Saṃnyāsin is not written; and finally by all the Pañca-s including the Mukhiyā of Bishankhu.

Note: The document drops the first digit of the year.

7

1683 Vaiśākakṛṣṇa 15 Thursday

Pokā: ? NGMPP K 114/5

Guṭhi: Bisaṅkhu Maṭha 5 Size in cm: 24 x 6

Abstract: Sadārāma Khatrī donates a plot of land (*ṣet*) measuring 5 *ropanī*-s to Bāṇeśvara for the lighting of lamp wicks during the Śivarātri festival. This donor gives the Mahanta Dhanarāja Giri Gosāññī the responsibility for looking after the donation he made. The document was witnessed by 3 Khatrī-s named Śivanārāyaṇa, Hṛdayarāma and Kṛṣṇa, and written by a Jaisī named Jayamaṅgala.

Note: This Bāṇeśvara is not the famous Bāṇeśvara in Kathmandu. It seems that all Bāṇaliṅga-type *liṅga*s were called Bāṇeśvara.

8

Śakasaṃvat 1685 Vikramsaṃvat 1820 vaiśākhaśudi 5 Wednesday

Copy of a copper-plate

Pokā: Guthi Lagat 18 NGMPP K 528/6

Guṭhi: Manakāmanā Size in cm: 23.5 x 22

Language: Nepali with Sanskrit *praśasti*

Bibliography: Pant, *et.al.* 1969: 854, from a different source.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Abstract: King Pṛthvīnārāyaṇa Śāha donates 200 *muri*-s of land inclusive of its surroundings (*lagāpāt*) on the nearer side (*vallo khaṇḍa*) of the *serā* in Bakrām as a *guṭh* to Manakāmanā, Vakreśvara Mahādeva and Śrīsiddha.

The proceeds of the donated land are to cover the following expenses:

1) For Manakāmanā – 1 *mānā* of *akṣatā* in the morning and 5 *muṭhī*-s of the same in the evening; incense, lamp wicks, flowers, sandal paste, *raktacandana* and *naivedya*
2) For Vakreśvara Mahādeva – 1 *mānā* of *akṣatā* in the morning; incense, lamp wicks and *naivedya*
3) 1 water buffalo and 1 goat for Ṭhulo Dasai
4) For Śrīsiddha – 12 goats, 1 each for each of 12 full moon days
5) 1 goat for Caityā Dasai
6) 4 *mānā*-s of unhusked rice every day for feeding pigeons

The transaction was witnessed by Crown Prince (*yuvarāja*) Pratāpasiṃha Śāha.

Note: A second copy of this document (pokā: gu. la. 18, guṭhi: Manakāmanā, size: 22 x 15) was filmed as NGMPP K 528/21.

9

Śakasaṃvat *1689 Vikramsaṃvat *1820 Mārgakṛṣṇa 10 Sunday

Copy of a Lal Mohar

Pokā: Pahad Bandobasta 1 NGMPP K 84/17D

Guṭhi: Sumeśvara Mahādeva Size in cm: 24 x 19

Language: Nepali with Sanskrit *praśasti*

Bibliography: Pant, *et al.* 1969: 1035-1037.

Abstract: Reconfirmation by King Pṛthvīnārāyaṇa Śāha of 7 named fields in Bhamarakoṭa and other places in total amounting to 565 *khet*-s including *dīhī*, village (*gāvā*), *ghadyārī* and their *lagāpāt*– all originally donated to Sumera Giri in order to please Sadāśiva. The king pledges not confiscate the land; the donor's heirs are not allowed to sell or have any portion of it. The person who takes care of the donation is to perform the *pūjā* of the deity, distribute *sadāvarta* and restitute the priest in the temple and to the one who looks after the temple and *pāṭī* and repair both. He who fails to fulfil his duty will be stained with the five heinous crimes. The person who is responsible for running the affairs of the temple is entitled to enjoy his share after fulfilling his duty.

Note: The first digit of both the Śakasaṃvat and Vikramsaṃvat are copied as 2 instead of 1.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

The document measures the donated land in scores. For example, to express 120 it has *bisa 6* meaning '6 times 20'. One of the seven donations is expressed in two units, both *khet* and *murī*: *kheta bisa 2 muri 5*, i.e. 2 times 20 *khet*-s and 5 *murī*-s. In total the donated land amounts to 540 *khet*-s 5 *murī*-s. One *khet* consists of 100 *murī*-s (Regmi 1978: 860), so that 5 *murī*-s is the 20th portion of a *khet*. Thus we fail to understand how an addition of a mere 5 *murī*-s makes the total donated area of land 565 *khet*-s.

Two different copies of a document issued by the same king almost three years later than he issued the present one give the total donated land as *khet* 5 | 65, though the individual enumeration of the measurement of each piece of land is practically the same as found in the present document.

10

1690 Māgha

(no mention of other chronometrical particulars)

Pokā: 5 Guthi Lagat — NGMPP K 249/74

Lagat 532 — Size in cm: 24 x 4.5

Guṭhi: Manakāmanā gahanā 66

Language: Nepali

Legend on the object

Abstract: A silver *muṇḍamālā* with 50 *muṇḍa*-s and 1 silver plate (*pātā*) made pendent to a silver *sikrī*, the whole weighing 5 | 5 *tolā*-s, donated by King Pṛthvīnārāyaṇa Śāha.

11

1691 Māgha 8 Thursday

(no mention of *pakṣa*)

Pokā: ka. gu. 2 — NGMPP K 209/11

Guṭhi: Kvāthandu Matha 11 — Size in cm: 25.5 x 3

Language: Nepali

Abstract: Dāmodara Phuñāla, known popularly as Dāmadaryā (text: °*garyā*), relinquishes possession of his Pokharyā Kheta to Gopīdhara (Govīmdhara) Bhāju for having defaulted on a loan of 400 *sikkā*-s needed to buy the said *kheta* from the same Gopīdhara.

This transaction was witnessed by two Jaiśī-s named Purandara and Jagannātha. The deed was drafted by Dāmodara himself.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Bibliography

Bhattarai, Govinda Prasad
1981 *Nepāla ra nepālī (jāti bhāṣā sāhitya)* (Nepal and the Nepali: nationality, language and literature). Kathamndu: Achyutkumari Bhattarai, Phālguna, 2037 V.S.

Ojha, Devi Prasad
1992 *Doṭī kṣetrako itihāsa tathā saṃskṛti* (History and culture of Dotī Area). Mahendranagar, Kanchanpur: Sudur Pashchimanchal Samajik Seva tatha Anusandhan Samiti, 2049 V.S.

Panta, Devakanta
1975 *Ḍoṭelī lokasāhitya (eka adhyayana)* (Folk literature of Doti: a study). Kathmandu: Institute of Nepal and Asian Studies, Tribhuvan University, 2032 V.S.

Pant, Naya Raj, *et.al.*
1969 *Śrī 5 pṛthvīnārāyaṇa śāhako upadeśa* (Counsel of Five Times Glorious Pṛthvīnārāyaṇa Śāha). Lalitpur: jagadamba Prakashan, 27 Pauṣa, 2025 V.S.

Regmi, Mahesh C.
1978 *Land Tenure and Taxation in Nepal.* 2nd ed. Bibliotheca Himalayica 26. Kathmandu: Ratna Pustak Bhandar.

Vajrācārya, Dhanavajra and Tek Bahadur Shrestha
1976 *Nuvākoṭako aitihāsika rūparekhā* (Historical outline of Nuwakot). Kathmandu: Institute of Nepal and Asian studies, Tribhuvan University, Caitra, 2032 V.S.

Vajrācārya, Dhanavajra and Tek Bahadur Shrestha
1980 *Śāhakālakā abhilekha* (Inscriptions of the Shah Period). Kathmandu: Centre for Nepal and Asian Studies, Tribhuvan University, Bhādra, 2037 V.S.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृथ्वीनारायण शाहको लालमोहर

-महेशराज पन्त

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनामा काम गर्दा मैले यो फोटो लिएको हुँ ।

काठमाडौँ र पाटन जितिसकेपछि, भक्तपुर जित्नुभन्दा झण्डै ७ महीनाअगाडिको, वि.सं. १८२६ वैशाखशुक्ल-चतुर्दशी शुक्रवारको, पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१, राज्यकाल वि.सं. १७९९-१८३१)को यो लालमोहर पाटनबाट धादिङ-नुवाकोटतिर बसी बेपार गर्ने ३ जना नेवार दाजुभाइहरूलाई सम्बोधन गरी लेखिएको हो । नेवारराज्यका रैतीको हैसियतले त्यतातिर बेपार गर्न जानेहरूले आफ्ना जहानबच्चा यतै छोडी जाने गरेकाले उनीहरूको कमाइ यतै ओसारिने हुँदा यसबाट त्यहाँको अर्थतन्त्रमा लाभ हुँदैनथ्यो । यसैले यस कामलाई अपराध (मूलमा- **तक्सीर**) ठानी आइन्दा तिनीहरूलाई त्यसरी बन्दबेपार गर्न रोक्ने उद्देश्यले दण्ड र सलामीबापत एक हजार रुपियाँ लिई **आजउप्रांत हांम्रा कदमि रैति सेवक भयौ** अर्थात् **आजदेखि तिमीहरू परापूर्वदेखिका हाम्रा रैती सेवक भयौ** भनी तिनीहरूलाई त्यतैतिर रस्तीबस्ती गरी बस्नको लागि यो लालमोहर गरिएको देखिन्छ ।

मूल पाठ

श्रीदुर्गा सहाय१

१. **स्वस्ति श्रीगिरिराजचक्रचूडामनिनरनारायणेत्यादिविवि-**
२. **धविरुदावलिविराजमानमानोन्नतश्रीमन्महांराजा-**
३. **धिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानाम्**
४. **सदा समरविजयिनाम् ।। ।। ।। ।। ।। ।। ।।**
५. **आगे पाट्न्या नग्वैटेलको ङ्याषाचोकको पुसिं ने-**
६. **वारको नाति आनंद नेवारको छोरा धन्जु नेवा-**
७. **र. भाजुदेउ नेवार. ज्ञानसिरि नेवारहरु आगिन्चो-**
८. **क सिर्तुङ् ताकु नुवाँकोट बसि बेपार गर्न्या नेवा-**
९. **रके. आजसंम नेपालका रैति भै दोहट बेपार गर्दा**
१०. **नेक बद भयाको नेपाल कपिला राषि इहां बस्या-**
११. **को तक्सीर माफ गरि नेपालका रैति दंडसमेत् ्**
१२. **सिक्का हज्जार १००० सलामि लिकन आजउप्रां-**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१३. त हांम्रा कदमि रैति सेवक भयौ आफना घरषेतम-
१४. हां बस सोझो सेवा गर बंजबेपार गर. सब बातको फा-
१५. रष [ब][1]क्सौं आफना षार्तिजामासित बस इति संम्वत्
१६. १८२६ वैसाषसुदि १४ रोज ६ मुकाम काठमाडौ शु-

लालमोहरको फोटो


श्रीदुर्गासहाय

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविवि
धविरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजा
धिराज श्री श्री श्रीमत्पृथ्वीनारायणसाहदेवानाम्
सदासमरविजयिनाम् ।। ।। ।। ।। ।। ।।
[illegible]
[illegible]
[illegible]
[illegible]
[illegible]
[illegible]
[illegible]
[illegible]
त हांम्रा कदमि रैति सेवक भयौ आफना घरषेतम
हां बस सोझो सेवा गर बंजबेपार गर सब बातको फा
रषक्सौं आफना षार्तिजामासित बस इति संम्वत्
१८२६ वैसाषसुदि १४ रोज ६ मुकाम काठमाडौ शु

१. मूलमा ब छुटेकोले यस्तो कोष्ठ [ ]मा राखिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

युवराज प्रतापसिंह शाहको लागि सारिएको *ताराभक्तिसुधार्णव*

-महेशराज पन्त

सत्रौँ शताब्दीका नरसिंह ठक्कुरले रचेको *ताराभक्तिसुधार्णव*को शाक्त तन्त्रमा ठूलो प्रभाव छ । हाम्रो राष्ट्रिय अभिलेखालयमा पनिं ने.सं. ७९५ (वि.सं. १७३१)देखिका १२ वटा लेखोट पुस्तक भएको कुरा त्यस अभिलेखालयको सूचीपत्रबाट थाहा हुन्छ ।[१] *ताराभक्तिसुधार्णव*को यहाँ चर्चा गर्न लागिएको लेखोट पुस्तकचाहिँ स्वामी महाराज रणबहादुर शाह (वि.सं. १८३२-१८६३, राज्यकाल वि.सं. १८३४-१८५५)सँगै बनारसबाट वि.सं. १८६० मा आई यहाँ खजाञ्ची भएका, इन्द्रचोक चोखाछेँ गल्लीमा घर भएका उदय गिरिका खनाति भूपेन्द्र गिरि (वि.सं. २००७ मा जन्म)ले वि.सं. २०७२।१०।२।७ मा मलाई दिएका पुस्तकमध्येको हो ।

आयताकार, १५.४ × ७.७ अङ्गुल नापो भएको, घिउ रङ्गको पाको कागजमा दायाँबायाँ १.५ अङ्गुल छोडी कालो मसीले यो पुस्तक लेखिएको छ । लेख भएको भाग र किनारा छुट्ट्याउन पत्रको दायाँबायाँ दुवैपट्टि रातो मसीले मसिना तीन धर्का तानिएका छन् । २० तरङ्गमा बाँडिएको यस पुस्तकको ग्रन्थसङ्ख्या १२१२८ छ भनी यसको पुष्पिकामा लेखिएको छ ।

यो पुस्तक प्रसिद्ध तान्त्रिक ग्रन्थ *पुरश्चर्यार्णव*का कर्ता भनी कहलिएका, युवराज प्रतापसिंह शाह (वि.सं. १८०६-१८३४, राज्यकाल वि.सं. १८३१-१८३४)को लागि शाके १६९२ (वि.सं. १८२७)मा ज्ञानानन्दले सारेका हुन् । यी ज्ञानानन्द पुस्तक सार्ने खानदानी पेशा भएका, नाउँको पछाडि **आनन्द** जोडिने, पाटन महाबौद्धका बासिन्दा हुनुपर्छ । लिपिकरले सार्दा गरेका गल्तीमा टिप्पणी नगरी जस्ताकोतस्तो यहाँ उतारिएको छ ।[२]

---

१. वि.सं. २०२० मा काठमाडौँबाट वीरपुस्तकालयद्वारा सम्पादित र प्रकाशित *नेपालराजकीयवीरपुस्तकालयस्थपुस्तकानाम् बृहत्सूचीपत्रम्* ४ भाग पूर्व खण्ड, १६०-१६४ पृष्ठ ।

२. यस पुष्पिकामा परेको ठूलो गल्ती ४२३ क पृष्ठबाट सारिएको पहिलो श्लोकको पहिलो पाउमा २ वर्ण छुट्नु हो–

आसीत्कीर्त्तिकरस्ततो हरिहरस्तस्मात्सत्कविः

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४२३ क पृष्ठबाट

४. आ-

५. सीत्कीर्त्तिकरस्ततो हरिहरस्तस्मात्सत्कविः श्रीमान्पण्डितपुङ्गवा रुचिकरः श्रीकृष्णशर्म्मा ततः।।

तस्मादेव गदाध-

६. रः समभवत्तर्क्काम्बुधेः पारगस्ताराभक्तिसुधार्ण्णवं समतनोत्तन्नन्दनः कौतुकात् ।। ।। ।।

इति श्रीमहामहो-

७. पाध्यायसत्ठक्कुरश्रीनरसिंहविरचिते ताराभक्तिसुधार्ण्णवे विंशतितमस्तरङ्गस्समाप्तश्चायं ग्रन्थः ।। २० ।।

८. ।। ।। शुभमस्तु ।। ।। ग्रन्थसख्या १२१२८ श्लोकः ।। ।।

स्वस्ति ।।

धराधरेन्द्रबालिका स्वभक्तदुःखहा-

९. रिका ˎ लसत्भुजंगमालिका सुरारिपुंजदारिका ।।

समस्तसिद्धिदायिका मृगेन्द्रयानचारिका ˎ प्रतापसिंहभूपतेः शु-

४२३ ख पृष्ठ

१. भं तनोतु कालिका ।। ।।

स्वस्ति ।।

शाके नेत्रनवर्त्तुचन्द्रसहिते वर्षे सिते माधवे ˎ सौम्ये स्वातियुते सुधाकरति-

२. थौ योगे वरीयानके ।।

ज्ञानानन्दसुधीर्नृपेन्द्रतनयप्रीत्यर्थमानन्ददं ˎ ताराभक्तिसुधार्ण्णवं सुललितं नेपाल-

३. देशेलिषत् ।। ।। ❀ ।। ।।

यद्दृशं पुस्तकं दृष्ट्वा तद्दृशं लिखितं मया ।।

यदि शुद्धमशुद्धमशुद्धं वा म-

४. म दोखो न दीयते ।। ।। ❀ ।। ।।

शुभम्भूयान्मङ्गलञ्च ।। ।। श्रीरस्तु ।। ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुष्पिकाको फोटो



तारा ४२३

स्यज्ञानाशैः कुर्यात्॥धर्माधर्माह स्विद्वी म्नइत्यादिपंचमन्त्राःपंचाङ्गतय॥तेचमंत्राःश्यामातर्यागेप्रोक्ता॥॥निद्रा
मुद्रितलोचनस्यनिभृतंसम्नस्यवंशीवटेहस्तान्तेसुरनीकयातरलेयानीतान्यतत्तद्वस्त्रा निद्राणस्यजनार्द्दनस्यजलधि
वित्थेनिशम्यास्तिंनाभीपङ्कजवर्त्तिनोविजयतेहास्यंहठाद्वेधसः॥क्वाणत्कनकनूपुरद्वितयकैतवप्रोल्लसन्मवाल
मिथुनावृतंनखमिवस्फुरन्केशरं॥मदेन्द्रमणिमधुकरीपरीतोदरंनमस्त्रिपुरसुन्दरीचरणपुण्डरीकद्वयं॥आ
सीत्कीर्त्तिकरस्ततोहरिहरस्तस्मात्सत्कविःश्रीमान्पण्डितपुङ्गवारुचिकरःश्रीकृष्णशर्म्मातत॥तस्माद्देवगदाध
रःसमभवत्तर्कोम्बुधेःपारगस्ताराभक्तिसुधार्णवंसमतनोत्तन्नन्दनःकौतुकात्॥ ॥ ॥इतिश्रीमहामहो
पाध्यायसनठक्कुरश्रीनरसिंहविरचितेताराभक्तिसुधार्णवे विंशतितमस्तरङ्गस्समाप्तश्चायंग्रन्थः॥। २० ॥
॥ ॥शुभमस्तु॥ ॥ग्रन्थसंख्या २२१२८ श्लोकः॥ ॥स्वस्ति॥धराधरेन्द्रबालिकास्वभक्तदुःखहा
रिका.लसत्भुजंगमालिकासुरारिपुंजहारिका॥समस्तसिद्धिदायिकामृगेन्द्रयानचारिका.प्रतापसिंहभूपतेःशु ४२३



तारा ४२३

मंतनोतुकालिका॥ ॥स्वस्ति॥शाके नेत्रनवर्त्तुचन्द्रसहितेवर्षेसितेमाधवे. सौम्येस्वातियुतेसुधाकर ति
थौयोगेवरीयानके॥ज्ञानानन्दसुधी र्नृपेन्द्रतनयप्रीत्यर्थमानन्ददं. ताराभक्तिसुधार्णवंसुललितंनेपाल
देशेलिखत्॥ ॥ ॥ ॥यद्दृशंपुस्तकंदृष्ट्वातादृशंलिखितंमया॥यदिशुद्धमशुद्धंवाम
मदोषोनदीयते॥ ॥ ॥ ॥शुभम्भूयान्मङ्गलञ्च॥ ॥श्रीरस्तु॥ ॥

४२३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८८० देखि १९३६/३७ भित्रका १८ वटा राजकीय पत्र

-महेशराज पन्त

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेका यी पत्रको स्क्यानिङ वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ ।

१ सङ्ख्या

वि.सं. १८७७ को लालमोहर

(यस लालमोहरमा सालबाहेक अरू मिति दिइएको छैन ।)

पुराना बरख पल्टनमा सुबेदार भएका रणसिंह खड्कालाई त्यसको खानगीबापत खेत दिई यो लालमोहर गरिएको हो । यसमा यी सुबेदारको नामनमेसी खुलाउँदा तीन पुस्ते दिइएको छ । त्यसअनुसार यिनका बाबुको नाम जसधर खड्का र बाजेको नाउँ सान्या खड्का हो । यिनको वतन खुलाउँदा भीर्पानी लेखिए पनि ठाउँ खुट्ट्याउन सकिएन । कप्तान बबरजङ्ग साहले लाएअह्राएबमोजिम काम गर्नू भनी लेखिएकोले यी सुबेदार आफ्नो पल्टनका कप्तानको मातहतमा रहेछन् ।

यस लालमोहरको फोटो तल ३९० पृष्ठमा छ ।

मूलपाठ

१. **स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमा-**
२. **नोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेर्ज-**
३. **ङ्देवानां सदा समरविजयिनाम्** ------------------
४. **आगे सान्या षड्काको नाती जसधर षड्काको छोरा वतन भीर्पानी रणसिं षड्काके**
५. **बरष पल्टन्मा सुबेदारी मानको पगरी बक्स्यौं तस्को षानगी षेत ११।. षुवा बदे नग-**
६. **द रुपैया ४०० ली सबारी सिकारी उर्दि कबाएत हालहुकुम रातबिरात आठौ प्र-**
७. **हर टहलमा रुज्जु रही कप्तान बबरजंङ् साहले लायाअह्रायाबमोजीम तद-**
८. **बीर भै गर्नु. हाम्रा नीमकको सोझो चीताई षेत षुवाको भर्ना ली जागीर जानी भो-**
९. **ग्य गर इती सम्वत १८७७ साल मिती**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्या

वि.सं. १८८० वैशाखशुक्लद्वितीया सोमवारको चौतरिया पुष्कर शाहको पत्र

यस पत्रमा बायाँपट्टि पहिलो र दोस्रो पङ्क्ति पूरै छुने गरी पुष्कर साहको वर्गाकार छाप लगाइएको छ। त्यस छापमा नागरी, फारसी र रोमन लिपिमा लेखिएको छ। नागरीमा **श्रीपुष्कर साह** र रोमनमा **Poker Shah** लेखिएको छ।

चौतरिया पुष्कर शाहले जयदेव उपाध्यायलाई लेखेको यस पत्रमा ती पाध्याले लेकम भन्ने गर्खाको परापूर्वदेखि खाई पाई आएको दफ्तरी काम थामिदिएको कुरा छ। लेकम गर्खाको उठतीपुठतीबमोजिमको रकमकलम डोटी दफ्तरखानामा बुझाउनू भनी यस पत्रमा लेखिएकोले यो गर्खा डोटीभित्र पर्थ्यो भन्ने थाहा हुन्छ। यस गर्खाबाट भागी गएका रैतीलाई फकाई फुलाई फेरि त्यहीँ ल्याई गाउँघर गुल्जार गर्नू, बाँझो खेतमा खेती गराउनू भनी यहाँ लेखिएको छ। त्यहाँका फौजदार रजवार र मुखियासँग सरसल्लाह गरी काम गर्नू, फौजदार र रकमीले बढी कर उठाई अन्याय गरे भने यहाँ साधी पठाउनू भनी लेखिएको छ।

यस पत्रको फोटो तल ३९१ पृष्ठमा छ।

मूलपाठ

श्रीसर्कार

१. स्वस्ति श्रीमच्चौतरीयापुष्करसाहकस्य पत्रम् ________________
२. आगे. जैदेव पाध्याके. तिमिलाई लेकम गर्षाको दफदरी काम हिजो परापु-
३. र्वको तम्रै रहेछ आज हामीले पनी थामीदिर्‍युं. गर्षामा गै नस्याभाग्या-
४. का रैति झीकाई तसल्ल्य बंदबस्त गरी षात्रीदारी दि बाझाको पषत गरी गा-
५. उघर गुंजार गर्नु. रस्त चलाउनु. बस्ती बसाउनु जाइ गर्नु. बिजाइ नगर्नु. गर्षा-
६. मा काम गर्दा फौज्दार. रजबार. मुषियाका सल्लाहाले रैतिलाई राजि रा-
७. षि लाग्याको पोता रकमकलम दैदस्तुरका पैसा षसोषास तहसिल गरी
८. रकमी फौज्दारले लियाबमोजिम् अफना बहिमा स्याहा गरी पनपक्ष
९. लोभ मोहमा नलागी सर्व रकमकल्मको उठतिबमोजीम कच्चा षसो-
१०. षास गरी सालबसाल डोटि दफदरषानामा दाषील गर्नु. फौज्दार रक-
११. मिले गर्षामा रकमकलम बढाई रैतिलाई विद्वत् गर्‍यो भन्या ञा-
१२. हा साधी पठाउनु. दफदरी कामको षानगी आजसम्म षाई आ-
१३. याबमोजीम रैति राजि राषी मनोमानले दियाको षाई अफ्ना

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४. षात्रीज्मासँग दफदरी काम जानी --- का नीमकको सोझो चिता-
१५. ई चलन गर इति सम्वत् १८८० साल मिति वैसाषशुदि २ रो २[1] शुभं

३ सङ्ख्या

वि.सं. १८८२ प्रथमश्रावणशुक्ल-अष्टमी शनिवारको लालमोहर

रतिखोलाका ध्रुवुचन बली थापालाई सम्बोधन गरी लेखिएको यस लालमोहरबाट यो ठाउँ दार्मामा पर्ने देखिन्छ । त्यहाँको रकमकलम प्यूठानको मेगेजिनमा दरिएको कुरा यताबाट बुझिन्छ ।

यस लालमोहरको फोटो तल ३९२ पृष्ठमा छ ।

मूलपाठ

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्री-
२. मन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्देवानां सदा समर-
३. विजयिनाम् ---------------------
४. आगे प्युठानाका मेगजीनमा दरियाको दार्माका अम्बलमध्ये गलांत षेतपट्टि गाउगाउको मुषिया-
५. गलांतषेत. षागल. मसिना. रतिषोलाका ध्रुवुचन् बली थापाके तेस गाउका ८२ सालमा जाच-
६. किले जाचि जाचमा ठहरियाको वाजबी सेर्मा अघिदेषि षाइआयाको मुषियालि षानगिको षेत द्वा-
७. च्यासुकि दसै बोका मुष्यालि दर्सनभेट डंडकुंड मऱ्योअपुतालि चाकचकुई आमिलान रकमकल-
८. मशिबाय राजअंक कल्ल्यानधन धर्माधिकार महंतमंडली मानिस माऱ्याको षत गोवध हातीदात
९. गैडाषाग साउन्याफागु छलहि मिझारि अमालिको बहालि वलकपात रहताबहता येति कलम
१०. बाहीक राषि अरु अमालिले षान्या रकमकलम मारि मेटि ईस्तक सम्वत् १८८२ साल वैसाषवदी
११. १ देषि[2] सेर्मा र सेर्माबरोबरको अस्मानि द्वाऱ्या सुकि दसै बोका मुष्यालि दर्सनभेटसमेत वर्ष १ को ठे-
१२. कबन्दीबमोजिम तपसील बेमोजरै ज्मा मोहोर रुपैया १०१३// सालबसाल किस्तकिस्तमा प्युठाना-

---

१. **श्रीशाके १७४५ संवत् १८८०**
वैशाखशुक्लः दि ३३।८

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[ज्येष्ठ]	**१**	**२**	**३०।**	**१५**	**चं**	**रो**	**२८।**	**३**	**अ**	**१५।**	**३१**

संवृषेर्कः ४०।४२ चन्द्रोदयः समशृङ्गम्. बीजवापः

२. चैत्रशुक्लप्रतिपदादेखि साल फिर्ने हुनाले पुरानो कालगणनाअनुसार त्यस दिनदेखि पनि व्यवहारमा नयाँ साल मान्ने चलन थियो । त्यसैले वि.सं. १८८१ चैत्र २४ गते परेको वैशाखकृष्णप्रतिपदालाई यहाँ **सम्वत् १८८२ साल वैसाषवदी १** लेखिएका हो । वि.सं. १८८२ को मेषसङ्क्रान्ति त वैशाखकृष्णनवमीको दिन मात्र पर्छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१३. का मेगजीनमा दाषील गरि फारषति लिनु ठेकबन्दीभन्दा बढता रैतीले नतिर्नु अमालिले पनि न-
१४. लिनु. अमालिले ठेकबन्दीभन्दा बढता कलम लगाईलिया गाउगाउका मुषिया पजनि गऱ्यो भन्या
१५. हाम्रा हजूरमा बिंति गर्न आउनु गाउगाउमा बढ्याको कुरिया अमालिले नषोजनु षट्याको कुरिया रै-
१६. तिले मिनाहा नमागनु परिआयाको अस्मानिले ठेकबन्दीभन्दा बढता उठ्यो भन्या वाजबीमा मिनाहा
१७. गरि सबै कुरियालाई ठेकबन्दीसम्म बरोबर पारिदिनु नपुग्याको सबै कुरियाले पुऱ्याउनु ढडाभित्र-
१८. को षेत बाफो नराषनु ढडाबाहिक्को बाफो बिन्हाउन्याले तीन सालसम्म दुवै बोटि बालि षानु
१९. चौथा सालदेषी तल्सिं बोटि ढडाबाहीक अमालिमार्फत दाषील गर्नु बस्ति बसाई गाउ गुल्जा-
२०. र गर्नु भनि बंदेज गरि ठेकबन्दीको थिति बांधिबक्स्यौं षातिरज्मासंग थिति जानि चलन गर य-
२१. स बन्देजमा जो रहौन तसलाई जातविसेषको सासना र भारि डंड होला ------

२२. <u>तपसील</u>

	असामी	गाठ	घर	सेर्मा रु	अस्मानि	द्वान्यासुकि	दसै बोका	मु.दर्स भेट	यकुं ज्मा रुपैया
२३.									
२४.	गलातषेत्	१	३०	१३।ɔ	१३।ɔ	१⁄।।।	१।।।.।।।	२	३१।।।.।।
२५.	षागल	१	१०	८।.	८।.	।।ɔ	।।।ɔ	०	१८⁄
२६.	मसिना	१	२७	१६।.	१६।.	१।ɔ।।।	२।⁄।।	०	३६।.।
२७.	रतिषोला	१	१३	६।।।.	६।।।.	।।.।	१ऽ।।	०	१५ऽ।।।
२८.		४	८०	४४।।ɔ	४४।।ɔ	३।।ɔ।।	६⁄।।।	२	१०१ɔ।।

श्रीः संवत् १८८१ शकः १७४६ कलिगताब्दाः ४९२५

चैत्रकृष्णः

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[फाल्गुन]	३०	७	१८।	२४	शु	ज्ये	४७।	४७	व	९।	३१
											पूभायां ४ मीनेर्कः ५२।६
[चैत्र]	१	८	१६।	५२	श	मू	४८।	२८	सि	२।	१२

संभोगः

वैशाखकृष्णः

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[चैत्र]	२४	१	९।	२८	चं	चि	१६।	२५	ह	४३।	३१
[वैशाख]	१	९	५४।	४१	चं	उ	१३।	१२	सि	१३।	१४

दस्रे १ सम्मेषेर्कः १४।३० वराहावतारः

संवत् १८८२ शाके ७४९ वैशाखकृष्णः

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[वैशाख]	१	९	५४।	४०	चं	उ	१३।	१४	सि	१३।	१८

दस्रे १ संमेषेर्कः १४।३२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२९. **किस्तबन्दीको तपसील**

३०.	**मुहुडा किस्ता वैशाष महिनामा रुपैया**	**५०॥⁄।**
३१.	**चुक्ति माघ महिनामा रुपैया**	**५०॥⁄।**

३२. **ईति सम्वत् १८८२ साल मिति प्रथमश्रावणसुदि ८ रोज ७[३] शुभ्म्**

(पछाडिपट्टि)

मार्फत् बालनरसिं कवर **मार्फत् रणोद्योत साह** **मार्फत् प्राण साह**
मार्फत उदय गिरि **मार्फत् प्रसादसिंह बस्यात्**
मार्फत भक्तविर थापा **मार्फत् दलभन्जन पांडे**

४ सङ्ख्या
वि.सं. १८८४ चैत्रपूर्णिमा सोमवारको रुक्का

१५ जना मझियालाई सम्बोधन गरी लेखिएको यस रुक्कामा चैनपुर जिल्लामा पर्ने दशमझिया जग्गाबाट उठ्ने रकमकलम खर्चको लागि आवश्यक अंश छुट्ट्याई बाँकी रकम सत्र सय साढे उनासी रुपियाँ श्रीनाथ कम्पुमा दाखिल गर्नू भन्ने कुरा लेखिएको छ।

यस रुक्काको फोटो तल ३९३-३९४ पृष्ठमा छ।

मूलपाठ

श्रीनाथ
१. **स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का**
२. **आगे निगुंदा मझिया. क्षतसिं मझिया. दलु मझिया जसमता मझिया. निरासिं मझि-**
३. **या षुर्षुन्या मझिया. मगनसिं मझिया. हजारसिं मझिया. अंतराम मझिया. जस-**

---

३. **संवत् १८८२ शाके १७४७**

श्रावणकृष्णः दि ३४।१६

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[श्रावण]	१	१४	५८।	८	बृ.	मृ	३१	४५	ध्रु	१८।	३८

भ २८।४६ या. अदितौ ४ संक्कर्टेर्कः १५।४८ रौद्रे ४ भौमः १२।३

श्रावणाधिकशुक्लः दि ३३।५६

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[श्रावण]	१०	८	१२।	२८	श	स्वा.	३६।	८	सा.	१४।	१

मृगे १ शुक्रः ३२।३५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. नसिं मझिया. तुल्या मझिया. भुड्या मझिया. हजरसिं मझिया. निसकराम् मझिया
५. पियाराम मझियाके जिल्है चयनपुरका अम्बलमध्ये दशमझिया जगाको इस्तक
६. सम्वत् १८८५ साल वैशाषवदि १ रोजलगायेत् ठेक् सेर्मा भेडाभार डंडकुंड म-
७. न्योअपुतालि चाकचकुइ छिपोछापो पौनीको ताल पलेटि सुज्यारो बाजि अ-
८. स्मानिशिवाय राजअंक धुरअमालीको मेजमानीबाहिक् राषि आमिला.-
९. न् अरु रकम्कलम् मारिमेटि साल १ को बेमोजरै ज्मा मोहोर रुपैया सत्र स-
१०. य साढे उनाअसि १७७९।। सालबसाल --- कंपु लैटरमा दाषिल गर्नु ग-
११. रि ठेकको बंदेज बाधिबक्स्यौं औ बिर्ता गुठि रैकरबाहेक् आफ्ना जमिनमा आ-
१२. फना निज कुयकोदालाले बिह्रायाका षेत थितिबमोजीम षानु. आमुलमा-
१३. मुल्का रकमकलम्सग असुल तहसिल गरि किस्तबमोजीम ठेक् रुपैया चुका-
१४. इ आषिरिको फारषति सालबसाल लिनु बस्ति बसाइ जगा अबाद गुल्जार ग-
१५. रि आफना षातिरजामासित जगा जानी भोग्य गर. ---

१६. किस्तबंदि तपसिल्

१७.	ज्येष्टशुदि १५ रोज मुहुडा रु	४००
१८.	आश्विन किस्ता रु.	४९०
१९.	पौष किस्ता रु.	४८९।।
२०.	चैत्रशुदि १५ रोज चुक्ति रु.	४००

२१. इति सम्वत् १८८४ साल मिति चैत्रशुदि १५ रोज २[४] शुभम्

(पछाडिपट्टि)

मार्फत् भीमसेन थापा मार्फत् फत्यजङ्ग साह मार्फत् रणोद्योत शाह

मार्फत रणजोर थापा मार्फत उदय गिरि

मार्फत् प्रसादसिंह बस्यात् मार्फत् दलभन्जन पांडे

---

४. शकः १७४९ संवत्. १८८४ कलिगताब्दाः ४९२८

चैत्रकृष्णः दि. २८।४२ रा. ३१।१८

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[चैत्र]	१	१०	१९।	३२	मं.	पू.	४।	३८	क.	२२।	६

मं. भ १९।३२ या. पूभायां ४ संमीनेर्कः ३८।४१ त्वाष्ट्रे ४ राहुर्दास्रे २ केतुः ५४।२२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५ सङ्ख्या

वि.सं. १८८५ माघशुक्ल-अष्टमी बुधवारको रुक्का

चापागाउँमा पर्ने चुनीखेलको ४० रोपनी जग्गा अघि एउटी धाईलाई दिइएको रहेछ, पछि त्यही जग्गा चप्रासीलाई दिइएछ । चप्रासीलाई त्यस जग्गाको सट्टाभर्ना दिई चुनीखेलको त्यही जग्गा यस रुक्काद्वारा फत्तसिंलाई छाप जग्गाको रूपमा दिइयो ।

यस रुक्काको फोटो तल ३९४ पृष्ठमा छ ।

मूलपाठ

१. **स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का --------**
२. **आगे फत्तसिंके चापागाउका अम्बल अघि पुनी धाइले षायाको चप्रा-**
३. **सिले षायाको चप्रासिलाइ अंत साटो भर्ना गरि चुनीषेल् जगा रोपनी ४०**
४. **घरबारिनिमित्त छाप गरिबक्स्यौं आफना षातिरज्मांसग छाप जानी**
५. **भोग्य गर इति सम्वत् १८८५ साल मिति माघशुदि ८ रोज ४[५] शुभम्**

(पछाडिपट्टि)

मार्फत् भीमसेन थापा

६ सङ्ख्या

वि.सं. १८८६ ज्येष्ठशुक्लपञ्चमी शनिवारको रुक्का

बरख पल्टनका कप्तान सुबेदार जमादार हुद्दा र सिपाहीलाई सम्बोधन गरी यो रुक्का लेखिएको हो । बरख पल्टनले भोगचलन गरी आएको अछाममा पर्ने कबालेख भन्ने गाउँ छाप जग्गाको रूपमा सइचु बिष्टलाई दिइँदा त्यसबापत आउने साढे अठचालीस रुपैयाँ बरख पल्टनलाई दिइएको छ ।

चैत्रशुक्लः दि. २९।४० रा. ३०।२०

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[चैत्र]	२१	१५	२४।	३७	चं.	ह.	४१।	४७	ध्रु.	२८।	८

अग्नौ २ वृषे शुक्रः १७।३५ १२।३७ वस्त्रं ल १।२१ घ ८।२२ अन्नं ३।३१ ल ४।७

५. **श्रीसम्वत्. १८८५ श्रीशाके. १७५० कलेर्गताब्दाः ४९२९**

माघशुक्लः दि. ३७।६ रा. ३२।५४

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[फाल्गुन]	१	७	३०।	०	मं	भ	३९।	४५	शु	९।	५३	मुशलयो.

भ ३०।० उ. ५८।५२ या. वासवे ३ संकुंभेर्कः ३।४९

[फाल्गुन]	२	८	२७।	४४	बु	कृ	३९।	१४	ब्र	४।	४७	सिद्धियोगः

वारुणे ४ ज्ञः ४०।२७ दस्रे १ मेषे भौमः ५९।११

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस रुक्काको फोटो तल ३९५ पृष्ठमा छ ।

मूलपाठ

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का --------
२. आगे बरष् पल्टन्का कप्तान सुबेदार ज्मादार हुद्दा सिपाहिप्रति. अछा-
३. मका अम्बलमध्ये कबालेष गांउ सईचु बीष्टलाई छाप जांदा तसको
४. सट्टा साल ८२ का जांचबाहेक्को उकास घरषेत तपसीलबमोजीम-
५. का उकास जगाको मोहर रुपैया ४८।।. बरष् पल्टन्मा भर्ना गरिबक्स्यौं
६. आफना षातिर्जमासंग जागीर जानी भोग्य गर ————

७. तपसील

८. बडि अछाम गोपाल भडारि जिम्मा घर १० के रुपैया १२।।·
९. धमाली गाउ आस्या बुढो जिम्मा घर ¯ ८ के रु ¯ ८।।·
१०. जमाल गांउ. कालु कवरको गाउ. षेत २।२० मध्ये बाधन्या
११. गढिको मामुली १।१० बाकी उकास १।१० के रुपैया ¯ २७।।·

१२. इति सम्वत् १८८६ साल मिति ज्येष्ठशुदि ५ रोज ७[६] शुभम् ——

(पछाडिपट्टि)

मार्फत् भीमसेन थापा　　मार्फत् पुष्कर साह

मार्फत् उदय गिरि

---

६. स्वस्ति श्रीसम्वत्. १८८६ श्रीशाके. १७५१ कलेर्गताब्दाः ४९३०

वैशाखशुक्लः दि. ३२।३८ रा. २७।२२

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[ज्येष्ठ]	१	९	२८।	३३	मं.	म.	४।	२४	व्या.	५१।	५	कालदंडः

ब्राह्मे १ ज्ञः ४१।२३ अग्नौ २ संवृषेऽर्कः १३।५२

ज्येष्ठशुक्लः दि. ३३।५६ रा. २६।४

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[ज्येष्ठ]	२६	५	४९।	७	श.	ति.	११।	३१	ध्रु.	८।	५१	मित्रयोगः

मृगे ३ मिथुने शुक्रः ४१।० रौद्रे ४ भौमः २।४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७ सङ्ख्या

वि.सं. १८८८ प्रथमवैशाखकृष्णषष्ठी आदित्यवारको रुक्का

नालामा पर्ने टुकुचा भन्ने पाखो अघिदेखि चोपदार शिवभक्त जैसीले खाई आएका रहेछन् । पछि त्यही जग्गा उनीलाई नै छापको रूपमा दिई यो रुक्का लेखिएको हो ।

यस रुक्काको फोटो तल ३९६ पृष्ठमा छ ।

मूलपाठ

श्रीदुर्गाज्यू

१. **स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का --------**
२. **आगे चोपदार सिवभक्त जैसिके नालाका अम्बलमध्ये टु ॥**
३. **कुचा भन्याको पाषो तस्को साध पूर्व कंपनिका पानि-**
४. **षेत दक्षिण षत्रिका मोहरिया जगा पश्चीम थापा-**
५. **का मोहरिया जगा उत्तर षावाका भंज्याङ्बाट म-**
६. **लंग्या भर्न्या ठाडो बाटो येति चार किलाभित्रको अघिदेषि**
७. **आजसम्म तैले चर्चिआयाको जगा तलाइ छाप गरिब-**
८. **क्स्यौं आफना षातिर्ज्मासित अघिदेषि ढोका मानि आ-**
९. **याबमोजीम फलफूल चह्राई छाप जानि भोग्य गर ईति**
१०. **सम्वत् १८८८ साल मिति प्रथमवैसाषवदि ६ रोज १[७] शुभं**

(पछाडिपट्टि)

मार्फत् भीमसेन थापा **मार्फत भक्तविर थापा**

---

७. चैत्रशुक्लप्रतिपदादेखि साल फिर्ने हुनाले पुरानो कालगणनाअनुसार त्यस दिनदेखि पनि व्यवहारमा नयाँ साल मात्रै चलन थियो । त्यसैले वि.सं. १८८७ चैत्र २३ गते परेको प्रथमवैशाखकृष्णषष्ठीलाई यहाँ **सम्वत् १८८८ साल प्रथमवैसाषवदि ६ रोज १ भनी** लेखिएको हो । वि.सं. १८८८ को मेषसङ्क्रान्ति त वैशाखकृष्ण-अमावास्याको दिन मात्र पर्छ-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८ सङ्ख्या

वि.सं. १८८८ चैत्रशुक्ल-अष्टमी आदित्यवारको रुक्का

सिंहनाथ पल्टनमा दरिएको, प्यूठानमा पर्ने तल्लो रसपुरको भोगचलन मुखिया दलजित् बोहराले गरिआएकोमा उनी बितेपछि मुखिया लोहासुर घर्तीलाई दिई यो रुक्का लेखिएको हो ।

यस रुक्काको फोटो तल ३९७ पृष्ठमा छ ।

मूलपाठ

श्री१

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का ——————

२. आगे सिंहनाथ पल्टन्मा दरियाको जिल्ला प्युठानाका अम्बल्-

३. मध्ये तल्लो रस्पुर षुवाको मुषिया लोहासुर घर्तिके. अघिको

४. मुषिया दलजीत बोहरा मर्दा उस्का ठेकबन्देजको मोहर हानी

५. रुपैया ११५/ को ठेकबन्देज गरि तेरा नाउमा मोहर गरिबक्स्यौं अ-

६. मालीलाई ठेक रुपैञा बुझाई गाउ गुल्जार गरि बस्ति बसाई आ-

७. फ्ना षातिरज्मासंग भोग्य गर ईति सम्वत् १८८८ साल मिति चैत्रशुदि

स्वस्ति श्रीसंवत्. १८८७ श्री शाके. १७५२

चैत्रकृष्णः दि. २८।२६ रा. ३१।३४

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[चैत्र]	१	१३	१७।	३७	श.	ध	२१।	१५	सि.	३५।	३५	वर्द्धमानः
												भ १७।३७ उ. ४८।३६.या. पूभायां ४ संमीनेर्कः २५।१४

वैशाखकृष्णः दि. ३०।२८ रा. २९।३२

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[चैत्र]	२३	६	४४।	११	र.	ज्ये.	२३।	५६	व्य.	०।	३२	काणयोगः
												भ ४४।११ उ.
[चैत्र]	३१	१४	४३।	३४	चं.	उ.	३८।	६	ऐ.	३८।	४१	गदयोगः
												भ १५।३५ या. दस्रे मेषेऽर्कः ४७।४१ अग्नौ १ शुक्रः ३।३४
[वैशाख]	१	३०	३८।	४६	मं.	रे.	३५।	११	वै.	३१।	३८	शुभयोगः
												वासवे २ गुरुः ३।५६ संभोगः

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८. ८ रोज १८ शुभम् --------

(पछाडिपट्टि)

मार्फत् भीमसेन थापा

९ सङ्ख्या

वि.सं. १८८९ आषाढकृष्णषष्ठी बृहस्पतिवारको रुक्का

रणशार्दूल कम्पनीका सुब्बा, सुबेदार, जमादार र सातपगरीहरूलाई सम्बोधन गरी लेखिएको रुक्का यो हो। रणशार्दूल कम्पनीमा दरिएको, डोटीमा पर्ने जग्गाको सट्टा अर्को ठाउँको जग्गा दिई यो रुक्का लेखिएको हो।

यस रुक्काको फोटो तल ३९८ पृष्ठमा छ।

मूलपाठ

१. स्वस्ति श्रीमन्माहाराजाधिराजकस्य रुक्का ------
२. आगेः रणसादल कम्पनिका सुब्बा सुबेदार ज्मादार सात्पगरि गैन्हप्रति जिल्ले डोटिमध्ये साल ८२ का जाच-
३. मा रणसादल कम्पनिलाई दरियाको उपल्ला सोराड्मध्ये टुडिषाड् गाउको रुपैया १७।।༗३ भुसूं गर्षाम-
४. ध्ये लोडा गाउको रुपैया १३।।/३ ऐ गर्षामध्ये देउलि गाउभित्रको रुपैया २।।/।।। ज्मा रुपैया ३३।।।/२ को
५. जगा बलभद्र पाडेलाई मानाचावल हलबंदि थामि तेस् जगाको बदला तप्सीलबमोजिम्को उकास्
६. जगा षोजि बदला दि मोहोर गरिबक्स्यूं दरियाबमोजिमका रुपैया जिम्मावालमार्फत् लि कम्पनिमा
७. भर्ना गरि षान्या षुवाउन्या काम गर ————————————

८. <u>तपसिल्</u>

९. साल ८२ का जाचबाहेक्को उकास् जगाको रूपैया २२।।/२
१०. उपल्ला बोगयनका गर्बा गाउको रूपैया १२

---

८. सं १८८८ शाके १७५३

फाल्गुणशुक्लः

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[चैत्र]	१	९	४।	१४	र	आ	१०।	१०	सौ	२९।	५६	२९।१६

संमीनेऽर्कः ४०।३१

चैत्रशुक्लः

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[चैत्र]	२९	८	३३।	११	र.	पु	३२।	१५	शु	४१।	५५	३१।८

भ ६।१२ या चैत्रे ८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

११.	लेकम गर्षामध्ये रुपैया	९।७/२
१२.	लिमन नारा गाउको रुपैया	५।=)२
१३.	छोला गाउको रुपैया	४
१४.	वायेल गर्षामध्ये काफलिभित्र संन्यासि गुरुंले कमायाको रु	१२~
१५.	मामलि मसालंदलाई दरियाको बोगयमध्ये रुपैया	११।·

१६. इति सम्वत् १८८९ साल मिति आषाडवदि ६ रोज ५[९] शुभ्म्

(पछाडिपट्टि)

मार्फत उमाकान्त उपाध्या   मार्फत् पुष्कर साह   मार्फत् भीमसेन थापा

१० सङ्ख्या

वि.सं. १८८९ कार्तिकशुक्ल-अष्टमी बुधवारको लालमोहर

कुनै कम्पनीका सुबेदार, जमादार, मेजर, अजिटन, कोते, अगाडि निशान, पछाडि निशान, हबलदार, अमलदार, सिपाही, तबला, तासा, मार्फा, भेरी, बाँसुरी, पिपाका जमादार, पिपा, लोहार, खलँते लोहार, सिकर्मी, नकर्मी, सार्की गरी जम्मा १४४ जवानलाई सम्बोधन गरी लेखिएको लालमोहर यो हो। उनीहरूलाई दर्जाअनुसार जागीर दिइएको कुरा यसमा छ। यस लालमोहरको सबभन्दा अगाडिको भाग फोटोमा नआएकोले र देवदेवीको नाउँ भएको कम्पनीको नाउँ शिरमा राख्ने चलन हुँदा कम्पनीको नाउँ थाहा भएन।

---

९. कलिगताब्दाः ४९३२ श्रीसम्वत्. १८८९ श्रीशाके. १७५४

ज्येष्ठशुक्लः दि. ३३।५५ रा. २६।५

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[आषाढ]	१	१४	१४।	३०	मं	अ	८।	५७	सा.	४०।	२८	वज्रम्

भ १४।३० उ. ४६।२५ या. मृगे ३ संमिथुनेर्कः २६।१

आषाढकृष्णः दि. ३४।१४ रा २५।४६

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[आषाढ]	८	६	४४।	९	मं.	श.	४९।	१४	प्री.	४७।	२६	मृत्युयो.

भ ४४।९ उ. रौद्रेर्कः २८।१

गणना गर्दा पनि मङ्गलवार नै आयो-

वि.सं. १८८९ आषाढकृष्ण (पूर्णान्तमानले)

	[गते]	[वार]	[तिथि]	[घडी]	[पला]
आषाढ	८	मङ्गल	षष्ठी	४९	।२१

पत्रमा आषाढकृष्णषष्ठी बृहस्पतिवार लेखिए पनि गणना गर्दा मङ्गलवार आयो, बृहस्पतिवार पर्न आएन।

-बलराम लामिछाने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस लालमोहरको फोटो तल ३९९-४०० पृष्ठमा छ ।

मूलपाठ

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराज-
२. मानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहा-
३. दूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम् ——————————
४. आगे ——— कंपनिका सुबेदार १ ज्मादार ४ मेजर १ अजिटन् १ कोत्या १ अगा-
५. डी निसान १ पछाडी निसान १ हबल्दार ८ अमल्दार ८ सिपाहि ८५ तबला १ तासा
६. २ मार्फा २ भेरि २ बासुरि २ पिपाका ज्मादार १ पिपा १६ लोहार २ षलात्या लोहार १
७. सिकर्मि १ नकर्मि १ सार्कि २ ज्मा जबान् १४४ के रैबन्दीबमोजीम षेत षुवा भर्ना ग-
८. रिबक्स्यौं. आफ्ना षातिरज्मासंग लडाञीभिडाञी सबारि सिकारि उर्दि कबायेत प-
९. हरा चौकि हालहुकुममा आठौ प्रहर रुजु रहि हाम्रा निमकको सोझो चिताई तप-
१०. सिलमाफिकका षेत षुवा भर्ना ली जागीर जानी भोग्य गर. ——————

११. <u>तपसिल</u>

	असामि	जबान्	दर षेत	ज्मा षेत	षुवा रु.
१२.					
१३.	सुबेदार	१	११।०	११।०	४००
१४.	ज्मादार	४	६।०	२४।	२२०
१५.	मेजर	१	४।०	४।०	२५
१६.	अजिटन्	१	४।०	४।०	२५
१७.	कोत्या	१	४।०	४।०	२५
१८.	अगाडी निसान्	१	२।८०	२।८०	०
१९.	पछाडी निसान्	१	२।६०	२।६०	०
२०.	हबल्दार	८	२।८०	२२।४०	०
२१.	अमल्दार	८	२।६०	२०।८०	०
२२.	सिपाहि	८५	२।०	१७०।०	०
२३.	तबला	१	२।०	२।०	०
२४.	तासा	२	१।८०	३।६०	०
२५.	मार्फा	२	१।६०	३।२०	०
२६.	भेरि	२	१।८०	३।६०	०
२७.	बासुरि	२	१।४०	२।८०	०
२८.	पिपा ज्मादार	१	२।	२।	०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२९.	पिपा	१६	१।६०	२५।६०	०
३०.	लोहार	२	२।·	४।·	०
३१.	षलात्या लोहार	१	१।४०	१।४०	०
३२.	सिकर्मि	१	१।६०	१।६०	०
३३.	नकर्मि	१	१।६०	१।६०	०
३४.	सार्कि	२	१।८०	३।६०	०
३५.	निसान गुठी	०	०	।३०	०
३६.		१४४		३२०।९०	६९५

३७. ताके भर्ना रैबन्दीबमोजीम चाहिन्या षेत षुवाके नागऱ्या षानिबाट

३८. सालबसाल लिनु ज्मा रुपैया ८७१७।।·

३९. षेत ३२०।९० के दर सयकडा रु-

४०. पैया २५ का दरले रु ८०२२।।·

४१. षुवाके रु. ६९५

४२. बांकि ०

४३. ईति सम्वत् १८८९ साल मिति कार्तिकसुदि ८ रोज ४ᵗ° शुभम् ---

---

१०. कलिगताब्दाः ४९३२ श्रीसम्वत्. १८८९ श्रीशाके. १७५४

कार्त्तिककृष्णः दि. २८।५८ रा. ३१।२

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[आश्विन]	३१	५	३२।	४८	र.	रो.	६।	६	व.	३५।	५४	धातायो.

त्वाष्ट्रे ३ तुलायामर्कः ५९।१ पुनरग्नौ ४ भौमः ५९।५०

[कार्तिक]	१	६	२७।	३२	चं.	मृ	२।	४५	प.	२८।	३८	आनन्दः

भ २७।३२ उ. ५४।३९ या. संभोगः

कार्त्तिकशुक्लः दि. २८।० रा. ३२।०

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[कार्तिक]	१७	७	०।	३१	बु	श्र.	६०।	०	शू.	१८।	२९	छत्रम्.

भ ०।३१ उ. ३२।५६ या

[कार्तिक]	१८	८	५।	२२	बृ	श्र.	६।	१५	गं.	१९।	४५	ध्वजयो.

वि.सं. १८८९ कार्तिकशुक्ल

	[गते]	[वार]	[तिथि]	[घडी]	[पला]
कार्तिक	१७	बुध	सप्तमी	०	।५६

बुधवार कार्तिक (०) शून्य घडी ५६ पला कार्तिकशुक्लसप्तमीउप्रान्त कार्तिकशुक्लअष्टमी लागेको देखिन्छ।

-बलराम लामिछाने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडिपट्टि)

मार्फत् भीमसेन थापा मार्फत् रणोद्योत साह
मार्फत् फत्त्यजङ्ग साह मार्फत् बाहादुर भडारि
मार्फत उमाकान्त उपाध्या मार्फत् दलभञ्जन पांडे
मार्फत् सुरतसिंह थापा मार्फत् कुलमानसिंह बस्न्यात

११ सङ्ख्या

वि.सं. १८८९ फाल्गुनशुक्लतृतीया शुक्रवारको लालमोहर

जयकृष्ण रेग्मीसँग एक सय एक रुपैयाँ सापटी लिई कुनै पाल्पाली राजाले हुँगीको २० मुरी खेत बन्धकी राखेका रहेछन् । गोरखा राज्यको पाल्पामा अधिकार भएपछि वि.सं. १८६२ मा जाँचकीहरूले त्यस खेत चाहार दरको र २० मुरी खेतमध्ये ३ मुरी बढ्ता ठहराई बन्धकी राखेको खेत १७ मुरी मात्र कायम गरिएको रहेछ । फेरि वि.सं. १८८४ मा डङ्गोलद्वारा नापी गर्दा ४ मुरी बीउ लाग्ने ठहराइएको रहेछ । अहिले त्यही वि.सं. १८८४ को नापज़ाँचअनुसार राजाले सापटी लिएको १०१ रुपैयाँ फिर्ता दिएपछि मात्र खेत फिर्ता दिने भनी व्यवस्था गरिएको छ ।

यस लालमोहरको फोटो तल ४०१ पृष्ठमा छ ।

मूलपाठ

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमा-
२. नमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरस-
३. म्सेरजङ्गदेवानां सदा समरविजयिनाम् ––––––––––
४. आगे जैकिष्ण रेग्मिके अघि पाल्पाका राजा तषतमा छंदै तिंम्रा १०१ एक सये येक्
५. रुपैया लि हुंगिका अम्बलमा ज्यामिऱ्या षेत् मुरि ।२० तस्का लगास्मेत् बाधा दियाको
६. रहेछ ६२ सालमा जाचकिहेरुले जाचि बुझि दर षुट बाधि चाहार दरको षेत ठहराई छ
७. सुट्का दरले कट्टि गरि अघि षायाका मोहरमध्ये षेत मुरि ·।३ बढता झिकि अघिकै ए-
८. क सये येक् १०१ रुपैयामध्ये थामिदियाको आजसम्म तिमिले लगास्मेत् षाइ बि-
९. होरि आयाको बाधा हुंगिका अम्बलमा ज्यामिऱ्या षेत मुरि ·।१७ तस्का लगास्मेत्को
१०. साध पूर्व षोलसि दक्षिन ८४ सालमा डंगोलले नापि कट्टि गऱ्याको रैकर षेत् र बाटे
११. सांध पश्चिम षोल्सी उत्तर येसैको कट्टिको सांध इति चार किलभित्र बैयाको बिज
१२. मुरि ४ जान्या डिहि षेत थामि बाधाको मोहर गरिबक्स्यौं आफना षातिर्जामसित बाधा
१३. जानी भोग्य गर जहिया दाम देव तहिया माटो लेव इति सम्वत् १८८९ साल मिति फा-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४. गुनशुदि ३ रोज ६[११] शुभम् ------------

(पछाडिपट्टि)

मार्फत् भीमसेन थापा

मार्फत् रणोद्योत शाह मार्फत् फत्यजङ्ग साह

मार्फत् कुलमानसिंह बस्न्यात

मार्फत् रणजोर थापा मार्फत् दलभन्जन पांडे

१२ सङ्ख्या

वि.सं. १८९० प्रथमभाद्रपूर्णिमाको जनरल भीमसेन थापाको र काजी रणजोर थापाको पत्र

यस पत्रमा बायाँपट्टि पहिलो र दोस्रो पङ्क्ति पूरै छुने गरी एउटा गोलो छाप र त्यसको मुनि तेस्रो पङ्क्ति छुने गरी त्यस्तै अर्को छाप लगाइएको छ । पहिलो छापमा बीचमा त्रिशूल, त्यसको दायाँ **श्री**, बायाँ **वि**, **श्री**को मुनि **श्वे**, **वि**को मुनि **श्व** र त्रिशूलको मुनि **र** लेखिएको छ । दोस्रो छापमा **श्रीरण** र त्यसको मुनि **जोर** लेखिएको छ । जनरल भीमसेन थापा र काजी रणजोर थापाले लेखेको यस पत्रअनुसार लक्ष्मीधर सिंहसमेत अर्का एक जनालाई धोबीखोलाको पुलमाथिको बगैंचाको चिताइदार बनाई त्यो काम गरेबापत तिनीहरूलाई देउपाटनको इलाकामा पर्ने साढे चौबीस रोपनी बाँझो जग्गा जागीरबापत दिई यो पत्र लेखिएको हो ।

यस पत्रको फोटो तल ४०२ पृष्ठमा छ ।

मूलपाठ

१. स्वस्ति श्रीजनरलभीमसेनथापाश्रीकाजीरणजोरथापाकस्य पत्रम्
२. आगे लक्ष्मीधरसिंस्मेत् जना २ के धोबिषोलाका पुलमाथीका बघैंचा-
३. मा आठौं प्रहर रुजु रहि बघैंचाको चिताई गर्नुः कंपु पल्टं कंपनि बि-
४. र्ता गुठि गौचर किपट् कसैले बिह्राउंन लैग्याको लालमोहर लेषाः
५. याकोबाहिक् देउपाटन्का अम्बलमध्ये तपसिल्बमोजिमकोः

---

११. कलिगताब्दाः ४९३२ श्रीसम्वत्. १८८९ श्रीशाके. १७५४

फाल्गुनकृष्णः दि. २७।१० रा. ३२।५०

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[फाल्गुन]	१	६	१५।	५४	र.	स्वा	५०।	५१	गं.	१९।	५८	लुम्बयो.

भ १५।५४ उ. वासवे ३ संकुंभेर्कः ५।३६ ब्राह्मे १ भौमः ४९।२४

फाल्गुनशुक्लः दि. २७।५८ रा. ३२।२

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[फाल्गुन]	१३	३	५१।	१०	शु	उ.	४०।	३६	सा	२३।	४४	ध्वजयो.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६. बाफो रोपनि २४।।· जागिर गरिदिञ्युः बर्घैचाका चिताई गर्न्या काम-

७. मा रुजु रहि जागिर जानि भोग्ये गर ---------

८. तपसिल्

९.	पंदिको पाषोस्मेत् रोपनिः	१६
१०.	दफे ऐं. रोपनिः	२
११.	पन्नाहिटि रोपनिः	१
१२.	सिन्हामाको बाफो रोपनिः	१।
१३.	ऐं ऐं रोपनिः	१।
१४.	धोबिषोला बगर रोपनिः	३

१५. ईति सम्वत् १८९० साल मितिः प्रथमभाद्रसुदि १५ रोज शुभंम्"

१३ सङ्ख्या

वि.सं. १८९० माघकृष्णनवमी सोमवारको रुक्का

नुवाकोट जिल्लामा श्रीनाथ कम्पुको जागीरमा कार्कीनेटा गाउँ गरिएको रहेछ । त्यो गाउँ पछि कालीजङ्ग पल्टनतर्फ गएछ । त्यसैले कार्कीनेटा गाउँका मुखिया ७ जना उपाध्याय बाहुनलाई सम्बोधन गरी लेखिएको रुक्का यो हो । वि.सं. १८८२ मा त्यस गाउँमा जाँचकी आई जाँच गर्दा मुख्य मुख्य दण्डसजाय र वलकपात-बाहेक अरू आयस्ता खान पाउने व्यवस्था गरी लालमोहर गरिएको रहेछ । ७ जना मुखियामध्ये १ जना मुखियाको घरमा राखिएको वि.सं. १८८२ को लालमोहर त्यस घरमा आगलागी हुँदा जलेछ । त्यसैले अहिले यो रुक्का गरिएको कुरा यहाँ लेखिएको छ ।

यस रुक्काको फोटो तल ४०३ पृष्ठमा छ ।

मूलपाठ

१. श्रीनाथ स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का -------

२. आगे जिल्है नुवाकोटमध्ये --- कंपुका जागीरमा दरीयाको कालीजङ् पल्टन्-

३. को कार्किनेटा गाउका मुषीया रतन् पाध्या जैरुद्र पाध्या दसरथ पाध्या कासीराम पा-

४. ध्या बिसन् पाध्या टिकाराम् पाध्या कैलु पाध्याके तेस गाउको ८२ सालमा जाचकिले

५. जाचि जांचमा ठहरीयाको सेर्मा डंडकुंड मऱ्योअपुताली चाकचकुइसिबाय राजअं-

६. क कल्ल्यानधन् धर्माधीकार मानिस् माऱ्याको षत् गौवध उडंता गडंता साउन्याफा-

७. गु मेकचीन् दसैको मामुली अमालीको बाहाली वलकपात् मेजमानी रहताबह-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८. ता येति कलम्बाहेक राषी अरु अमालीले षान्या रकम्कलम् मारि मेटी इस्तक्
९. सम्वत् १८९१ साल मिति वैसाषवदी १[१२] देषी सेर्मा र अस्मानीस्मेत् वर्ष १ को ठे-
१०. कबन्दीबमोजीम् तपसिल् बेमोजरै ज्मा मोहोर रुपैया १४१।/।।।· मा ८२ सालमा
११. भयाका लालमोहर बिसन् पाध्या मुषियाका घरमा अग्नी प्रजोल्ये हुदा डाहा प-
१२. ऱ्यो भनी बिंति गर्न आउदा अधिका बमोजीम् मोहोर गरिबक्स्यौं सालबसाल कि-
१३. स्तकिस्तमा अमालिलाइ बुझाइ फारषति लिनु ठेकबन्दीभन्दा बढता रैतिले न-
१४. तिर्नु अमालिले पनि नलीनु. अमालीले ठेकबन्दीभन्दा बढता कलम् लगाइ लि.
१५. यो गाउका मुषीया पजनि गऱ्यो भन्या हाम्रा हजुरमा बिंति गर्न आउनु. ढडाभित्रका
१६. षेत् बाझो नराषनु. ढडाबाहेकको बाझो बिह्राउन्याले तिन साल दुवै बोटी बालि षानु.
१७. चौथा सालदेषी टल्सीं बोटी ढडाबाहेक् अमालीमार्फत् दाषील गर्नु. बस्ति बसाइ गा-
१८. उ गुलजार गर्नु भनी बन्देज गरि ठेकबन्दीको थिति बाधीबक्स्यौं. षातीरज्मासंग थिती
१९. जानि चलन गर. येस बन्देजमा जो रहैन तसलाइ जातविसेषको सासना भारि डंड होला

२०. तपसील

२१. कार्किनेय गाउ १ घर १७१ के ठेकबन्दी १४१।/।।।
२२. सेर्मा ९४।।/।। अस्मानी ४६।।।/।

२३. किस्तबन्दी तपसील

२४. मुहुडा वैसाष मैन्हामा रु ३६ श्रावण नैन्हामा[१३] रु ३५
२५. कार्तिक मैन्हामा रु ३५ चुक्ति फागुन् मैन्हा रु ३५।/।।।·

२६. इति सम्वत् १८९० साल मिति माघवदि ९ रोज २[१४] शुभ्म् ----

(पछाडिपट्टि)

मार्फत् भीमसेन थापा

---

१२. वि.सं. १८९० माघवदि ९ रोज २ को यस पत्रमा वि.सं. १८९१ वैशाखवदि १ को मिति आएकोले १८९० को ठाउँमा झुक्किएर मूलमा १८९१ लेखिएको देखिन्छ ।

१३. मैन्हामा हुनुपर्ने ।

१४. वि.सं. १८९० माघकृष्ण (पूर्णान्तमानले)

	[गते]	[वार]	[तिथि]	[घडी]	[पला]
माघ	८	आदित्य	नवमी	३०।	३९

पत्रमा माघकृष्णनवमी सोमवार लेखिए तापनि गणना गर्दा आदित्यवार पर्न आयो, सोमवार परेन ।

-बलराम लामिछाने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४ सङ्ख्या

वि.सं. १८९१ श्रावणकृष्णचतुर्थी बृहस्पतिवारको लालमोहर

वि.सं. १८९० श्रावणशुक्लप्रतिपदाको दिन श्री ५ राजेन्द्रकी बहिनीको शुद्धशान्तिमा राजाका भाञ्जा, मृतकका छोरा भूपेन्द्रविक्रम सिंहबाट ४।५ खेत पण्डित शिरोमणि सुवेदीलाई दान दिइएको रहेछ । त्यति खेतमध्ये ।२० मुरी खेतको ताम्रपत्र पछि भएछ । कागजमा लेखी लालमोहर लगाइएको यो पत्र त्यसको अर्को प्रति जस्तो देखिन्छ ।

यस लालमोहरको फोटो तल ४०४ पृष्ठमा छ ।

मूलपाठ

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महारा-
२. जाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम
३. आगे सिरोमणि पंडीत सुवेडिके सम्वत् १८९० साल मिति श्रावणसुदि १ रोज ५ का दिन श्रीबहिनिज्यूका
४. सुद्धसान्तिमा हामिबाट हुकुम बक्सी श्रीभांजा भूपेन्द्रविक्रम सिंहबाट संकल्प भयाका षेत ४।५ मध्ये षेत
५. मुरि ।२० तस्को सरहबमोजीमको घड्यारिस्मेत् बिर्ता गरिबक्स्याको मोहर ताम्बापत्र गरिबक्स्यौं भा-
६. दगाउका अम्बलमध्ये मारसिडोल षेत मुरि ।२२।१३।२।६ तस्को सांध पूर्व षह्न्या षोलाको डील सांध लुहु-
७. कील दक्षीण रैकर षेतको आलि सांध लुहुकील पश्चिम श्रीजनरलका बिर्ताषेतको आली सांध लुहुकी-
८. ल उत्तर श्रीजनरलका बिर्ताको आली र घनस्याम दाहालका बिर्ता षेतको आलि सांध लुहुकील यति
९. सांधभित्र षेत मुरि ।२० घड्यारि पाषाको साटे पानिषेत दिंदा डेढो घटइ षेत मुरि ।२।१३।२।६ ज्मा षे-
१०. त घड्यारिस्मेत् मुरि ।२२।१३।२।६ बिर्ता जानि संतानदरसंतानपर्य्यंत परमसुष भोग्य गर. यो बिर्ता संक-
११. ल्प हुदा संकल्पवाक्य पढ्न्या पुरोहीत कविकुलकेसरी पंडीत अर्ज्याल. पानि हाल्न्या कर्णैल मातव-
१२. रसिंह थापा. सांध लाउन्या सधियार थरघर मित्रसर्म पंथ. किलागलटेलको धमदेउ डगोल. वलाछि
१३. टेलको विरभद्र डगोल. भला मानीस स्यामलाल षनाल. चंद्रु वझा. हरिसर्म धिमाल. विष्णु पाध्या नेठ-
१४. पान्या. वंसिधर दाहाल. पदम दाहाल. सिवनारां गेलाल. हरि पाध्या ढुंगाना. बालानन्द षनाल. श्रीकृष्ण
१५. बुढाथोकि. गदाधर ठकुरि. मोहिनाइक्या चुकुट्या. बिर्तवारले किलाभंदा अर्घ्यालो नचापनु. विना
१६. तक्सीर जबद नगर्नु. जो यस बन्देजमा रहोइन. सो यस श्लोकमा भन्याको पातकी होला. स्वदत्तां
१७. परदत्तां वा यो हरेद्वै वसुन्धराम्. षष्टिवर्षसहश्राणि विष्टायां जायते कृमिः इति सम्वत् १८९१
१८. साल मिति श्रावणवदि ४ रोज ५[१५] शुभम्

---

१५. **शाके. १७५६ संवत्. १८९१**
आषाढशुक्लः दि. ३४।८

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[श्रावण]	१	८	१३।	२०	चं.	वि	१७।	३९	सि	३२।	१४

अदितौ ४ संक्कर्टेर्क: ३५।२९ सार्प्पे २ वक्री ज्ञ: ३४।१५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडिपट्टि)

मार्फत रणजोर थापा

१५ सङ्ख्या

वि.सं. १८९३ कार्तिकपूर्णिमा बुधवारको जनरल कम्याण्डर-इन-चीफ भीमसेन थापाको पत्र

यस पत्रमा बायाँपट्टि पहिलो पङ्क्ति पूरै छुने गरी एउटा गोलो छाप लगाइएको छ। त्यस छापमा बीचमा त्रिशूल, त्यसको दायाँ **श्री**, बायाँ **वि**, **श्री**को मुनि **श्वे**, **वि**को मुनि **श्व** र त्रिशूलको मुनि **र** लेखिएको छ।

जनरल भीमसेन थापाले लेखेको यस पत्रमा श्रीनाथ कम्पुको जागीरमा दरिएको, लम्जुङ तान्द्राङको इलाकामा पर्ने, डम्बर नेवारले कमाएको ३० मुरी खेतको ठेक ९ रुपैयाँ ८ आना २ पैसा र त्यसको घ्यूखानी ३ आना बर्सेनि सो कम्पुलाई तिरी खेतको भोगचलन गर्ने अख्तियार इन्द्रजित् थापालाई दिई यो पत्र लेखिएको हो।

यस पत्रको फोटो तल ४०५ पृष्ठमा छ।

मूलपाठ

श्री१

श्रीनाथ

१. **स्वस्ति श्रीजनरलकम्यान्डरईनचिफभीमसेनथापाकस्य पत्रम्** -----
२. **आगे ईन्द्रजित् थापाके लम्जुं तान्द्रांका अम्बलमध्ये --- कंपूका जागीरमा दरिया (**
३. **को डम्बर नेवारले बिह्रायाको कुवापानी षेत मुरि ३० को ठेक् रुपैयां ९॥~॥ घ्युषानी रुपै-**
४. **या ।।।. सालबसाल जागीरदारलाई तार्नु भनी अघिको दसषत् हानी कुतको बंदेज गरि-**
५. **दिञ्यु दरियाको कुत दैदस्तुर तारि टल्सीं मानी षेतको चलन् गर ईंति सम्वत् १८९३ साल**
६. **मिति कार्तिकशुदि १५ रोज ४[१६] शुभम्** ----------

श्रावणकृष्णः दि. ३३।४८

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[श्रावण]	११	४	५५।	११	बृ	श	१६।	५८	शो	५१।	०

पुनः पुष्ये ४ ज्ञः ३०।४५ मृगे ३ राहुः मूले १ केतुः ४१।३

१६. **शाके. १७५८ सम्वत् १८९३**

कार्त्तिकशुक्ल. दि. २७।२

[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[कार्तिक][३०]	५	३५।	३९	र.	पू	२२।	४८	ध	३८।	३९

द्वीशे ४ वृश्चिकेर्कः ५३।१९ सार्प्पे ४ गुरुः ५९।४३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१६ सङ्ख्या

वि.सं. १९०० फाल्गुनशुक्लसप्तमी आदित्यवारको मिनिष्टर याण्ड कम्याण्डर-इन-चीफ जनरल मातवरसिंह थापा र सरदार बलभञ्जन पाँडेको पत्र

यस पत्रमा बायाँपट्टि पहिला चार पङ्क्तिका एकाध अक्षर छुने गरी एउटा अष्टभुजात्मक ठूलो छाप र त्यसको लगत्तै मुनि अघिल्लो छापको तल्लो भाग र पाँचौँ र छैटौँ पङ्क्ति छुने गरी अलि सानो गोलो छाप लगाइएको छ। पहिलो छापमा बीचमा **श्रीजनरलमात**, त्यसको मुनि **वरसिंह थापा** लेखिएको छ। त्यसको माथि घेरा बनाई **General Matber Sing** र छापको तल्लो भागमा फारसीमा लेखिएको छ । दोस्रो छापमा **श्रीईश्वरीचरण** र त्यसको मुनि **बलभंजन् पाडे** र त्यसको पनि मुनि **शरण १८९७** लेखिएको छ।

मिनिष्टर याण्ड कम्याण्डर-इन-चीफ जनरल मातवरसिंह थापा र सरदार बलभञ्जन पाँडेले सुब्बा रत्नमान सिंहलाई लेखेको पत्र यो हो । पर्सा जिल्लाको दस्तूरमार्फत हुने आयस्ता सरकारी अधिकारीले खाई आएकोमा त्यहाँका चौधरीले नालिश गर्दा काठमाडौंमा थाहा भएपछि वि.सं. १८९८ सम्म चौधरीले नै खाएकोमा अहिले सुब्बाले खाएको भए फिर्ता गर्नू भनी यो पत्र लेखिएको हो ।

यस पत्रको फोटो तल ४०६ पृष्ठमा छ।

मूलपाठ

१. **स्वस्ति श्री मिनिष्टर यान् कम्यान्डरईनचीफ जनरल मातवरसिं-**
२. **हथापाबहादुर श्रीसर्दार बलभन्जन्पांडेकस्य पत्रम् ---**
३. **आगे सुबा रत्नमानसिंके यथोचीत् उप्रान्त. फर्मायेसि मौजे**
४. **गैह्रमा अघीदेषि मौजेयान् दस्तुर जो असुल हुन्थ्यो आमी-**
५. **लहरु षादैनथ्यो चौधरि षायन्छैन. तेहि दस्तुर षाई प्र-**
६. **गन्ना मौजेको दामकाम गरि बाकी म बुझाउथ्या ९९ सा-**
७. **लदेषि यो दस्तुर मेरो हो म षान्छु भनी दाषिल गर्न लग्या-**
८. **का आम्दनीमा काट्टी लिया भनि जोषा चौधरिले नाली-**
९. **स् गरि पठाउदा जाहेर भयो तसर्थ पर्सा जिल्लाका फर्मा-**

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[मार्ग]	१	६	२९।	४७	चं.	उ	१८।	३५	शू	३०।	४९
											संभोगः
		१५	८।	२८	बु	कृ	११।	१२	प	४३।	२४

त्वाष्ट्रे ३ तुलायां शुक्रः ५१।७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१०. यसि मौजेको दस्तुरात् ९८ सालसम्म चौधरिले षाइ आ-
११. याको रहेछ भन्या आज बल गरि पुग्दैन. तैले लीया-
१२. को भया फिर्त्ता गरिदे अरु बेहोरा हो भन्या अलौ कच-
१३. हरि गै जोषा चौधरिको चीत् बुझाईदे यस्ता कुरामा
१४. थिचोमीचो गऱ्या बढिया परैन. सो बुझ ईति सम्वत्
१५. १९०० साल मीति फागुनसुदी ७ रोज १[१७] शुभ्म्

१७ सङ्ख्या

वि.सं. १९०६ माघकृष्णद्वितीया सोमवारको प्राइम मिनिष्टर याण्ड कम्याण्डर-इन-चीफ जङ्गबहादुर कुवर राणाजी र कम्याण्डर-इन-चीफ बंबहादुर कुवर राणाजीको पत्र

यस पत्रमा बायाँपट्टि पहिला तीन पङ्क्ति र त्यसभन्दा माथिको खाली ठाउँ छुने गरी एउटा गोलो ठूलो छाप र त्यसको मुनि छैटौँदेखि दशौँ पङ्क्ति छुने गरी सानो गोलो छाप लगाइएको छ।

पहिलो छापको वरिपरि दुइवटा वृत्तको बीचमा रोमनमा, बीचमा चार पङ्क्तिमा नागरीमा र त्यसको मुनि तीन पङ्क्तिमा फारसीमा लेखिएको छ।

दायाँ बायाँ चन्द्र र सूर्यको बीचमा नागरीको पहिलो पङ्क्ति लेखिएको छ। नागरीको पाठ यस्तो छ –

१. श्रीइष्टदेवताचर
२. णश्रीमद्राजकुमारकुमारात्मजश्री
३. प्राइम्मिनिष्टर यान् कम्याडर इन् चिफ जन
४. रल जङ्गबहादूर कवर ।।णाजि शरण सम्वत् १९०५ साल

---

१७. सम्वत् १९०० शाक १७६५ कलिगताब्दा ४९१५ नेपा ९६३

फाल्गुनकृष्णः

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[माघ]	२९	७	५७।	४२	श	स्वा	३१।	२५	गं	७।	४	सिद्धि २७।२३
												भ २०।३८ या. वासवे ३ कुंभेर्कः ५६।४२
[फाल्गुन]	१	८	४१।	४७	र	वि	२७।	१७	ध्रु	५१।	३१	२७।२१
												उत्पाठभायां १ शुक्रः ५९।२० संभोगः

फाल्गुनशुक्लः

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	
[फाल्गुन]	१५	७	४३।	४३	र	कृ	४९।	३	ऐं	१०।	५५	२८।१७ धूम्र
												भ ४३।४३ उ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रोमनमा लेखिंएका अक्षरको पाठ यस प्रकारका छ–

SREEMUDRAJKOOMARKOOMARATMUJ SREE PRIME MINISTER & OOMMANDER IN CHIEF GENERAL JUNGBAHADOOR KOOWAR RAWNAJEE

दोस्रो छापमा पनि वरिपरि दुइवटा वृत्तको बीचमा रोमनमा, बीचमा तीन पङ्क्तिमा नागरीमा र त्यसको मुनि एक पङ्क्तिमा फारसीमा र त्यसको पनि मुनि दुइ पङ्क्तिमा बङ्गालीमा लेखिएको छ ।

दायाँ बायाँ चन्द्र र सूर्यको बीचमा नागरीको पहिलो पङ्क्ति लेखिएको छ । नागरीको पाठ यस्तो छ –

१. **श्री**
२. **बम्बहादुर कुवर**
३. **राणाजी १९०५ साल**

बङ्गालीमा पहिलो पङ्क्तिमा **श्रीबम्बाहादुर** लेखिएको छ । दोस्रो पङ्क्ति त्यति स्पष्ट भएकोले राम्ररी पढ्न सकिएन ।

श्री ३ जङ्ग र उनका उत्तराधिकारी बमबहादुरले यो पत्र गुरुपुरोहित तीर्थराज पण्डितज्यूलाई लेखेका हुन् । आइन्दा श्री ५ को दरबारमा पाठपूजा गराउँदा यसमा यति खर्च लाग्छ भनी श्री ३ लाई नसाधी नलगाउनू, नसोधी लगाएमा जसले संकल्पवाक्य पढ्छ त्यसलाई पाप लाग्ला, त्यस पूजामा आएका ब्राह्मणहरूको दक्षिणा पनि संकल्पवाक्य पढ्नेले नै बेहोर्नुपर्ला भनी धम्क्याइएको छ ।

बडाखोला पाँडेवंशका राजपुरोहितहरूको विषयमा लेख्दा प्रकाश ए. राज (२०५७:५२ = २०५८:३६)ले तीर्थराजको पौरोहित्यकालबारे यस्तो लेखेका छन्–

> **१९०५ चैत्र वदी ३० को लालमोहरको नक्कलमा संकल्प पढ्ने पुरोहितको नाम चतुर्भुज अर्याल भनी लेखिएको छ । तसर्थ १९०५ को अन्त्यसम्म पनि तीर्थराज राजदरबारको पुरोहित भइनसकेको देखिन्छ । १९१० को मुलुकी ऐनमा राजी भनी स्वीकृति दिने व्यक्तिहरूमध्ये तीर्थराजको नाम पनि छ तथा १९११ मा भारदारहरूको खान्गीको फेहरिश्तमा वार्षिक रू. ३०००।- खाने भनी "गुरु पुरोहित तीर्थराज" को नाम पनि लेखिएको छ । उनको नामको अगाडि "पुरोहित" मात्र नभई "गुरु" समेत लेखिएको कारण तीर्थराज नरभूपाल शाहका गुरु गौरेश्वरका सन्तान भएर होला । तीर्थराजले राजदरबारको पुरोहित पदवी चाहिं १९०६ र १९१० को बीचमा मात्र पाएको देखिन्छ । त्यस बेला विजयराज शक्तिशाली भइसकेका थिए र आफ्ना भाइ तीर्थराजलाई राज पुरोहित बनाउन उनको सिफारिसले पनि केही भूमिका खेलेको थियो कि ? तीर्थराजले १८९८ मा नै राजदरबारमा प्रवेश पाएको कुरा माथि नै उल्लेख गरिसकिएको छ । तत्कालीन पुरोहित अर्जेलहरूको सट्टा राजपुरोहित पद पनि आफ्नै वंशमा दाजुभाइमा नै आओस् भन्ने विजयराजको विचार रहेको हुन सक्दछ । [...] १९१५ ज्येष्ट वदी ११ को लालमोहरको नक्कलमा तीर्थराजको देहान्त भइसकेको जस्तो देखिन्छ । १९१५ सालतिर तीर्थराजका छोरा अमरराज मूल पुरोहित भइसकेको जस्तो देखिन्छ ।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यी कुराको सारांशमा प्रकाश ए. राज (२०५७:५३ = २०५८:३९)ले यस्तो

तीर्थराज (१९०९ (?) – १९१५ (?)

अमरराज (१९१५ (?) – [...]

लेखेकाले तीर्थराज दरबारमा वि.सं. १९०९ देखि १९१५ सम्म मूल पुरोहित भए भनी उनले अनुमान गऱेको देखिन्छ।

वि.सं. १९०६ को यस पत्रमा तीर्थराजलाई दरबारको दानप्रदानको सन्दर्भमा **श्रीगुरुप्रोहित तीर्थराज पंडितज्यू** भनी सम्बोधन गरिएकोले प्रकाश ए. राजको लेखाइमा पुनर्विचार गर्नुपर्ने जस्तो देखिएको छ।

अर्को कुरा, वि.सं. १९१७ मा (**विक्रमवत्सरे मुनिधरानन्देन्दुमेये**)मा रघुनाथ शर्माका छोरा गोविन्द शर्मा थत्तेले माहेश्वरी टीकासहित सम्पादन गरेको *अमरकोष* द्वितीय काण्डको प्रकाशन गुरुपुरोहित तीर्थराज पण्डित र उनका छोरा अमरराजको सहायताबाट सम्भव भयो भनी **शहर बनारस महल्ले दूधविनायक**बाट प्रकाशित लिथो छापाको त्यस पुस्तकमा लेखिएकोले वि.सं. १९१७ सम्म तीर्थराज जीवित रहेको देखिन आएको छ।[१८]

---

१८. **श्री ५ जगन्माता महाराणी विक्टूरिया बहादुर का अकवार से श्री ५ महाराजाधिराज सरकार नैपाल बहादर के परवरिष से श्री ६ गुरु पुरोहित तीर्थराज पण्डित दया मूर्त्ति के आशीर्वाद सहायता से यह ग्रंथ छपा अमर-कोश द्वितीय काण्ड व्याख्या ॥**

श्रीगणेशाय नमः ॥
विजयते जगतीपतिपूजितः सकलशास्त्रसुधाब्धिविगाहिधीः॥
अमरराज इति प्रथिताह्वयः सदुपकारपरः सुबुधाग्रणीः ॥१॥
तत्कारुण्यसमीक्षये वसुधया संतर्पितोन्तर्भृशं
पुत्रः श्रीरघुनाथशर्मसुधियस्थत्तोपनामा द्विजः॥
सव्याख्यामरसिंहकोशगमिमं गोविन्दशर्मा मुदा
काण्डं मध्यममद्भुताक्षरशिलाक्लृप्ताक्षरं संव्यधाम् २॥
काश्यां विक्रमवत्सरे मुनिधरानन्देन्दुमेये मया
माघे सौम्यदिने गणाधिपतिथौ कृष्णे समाप्याज्ञया
प्रोत्साहं गमितेन पण्डितवरैश्श्रीतीर्थराजात्मजै–
र्गोविंन्देन दयालुभिर्मतिमतां मान्यैरिदं पुस्तकंम् ३॥
श्रीमान्कारुण्यपूर्णो विदितगुणगणो भीतिहारी जनानां
दीनानां तीर्थराजप्रभव इह महान् पण्डितो राजपूज्यः ॥
दावाग्निज्वालधूमग्लपितवनगजप्रेक्ष्यमाणैश्वराशा
सम्भूतांम्भोदसाम्यं दधदतुलमतिः सोस्तु हर्षप्रदो नः॥४॥
गोविन्देन समाज्ञप्तो हृत्स्थगोविन्दनोदितः॥
सिद्धेश्वरः सुसिद्धार्थैः सिद्धार्थं समलेखिषम् ॥५॥
श्रीशुभ ॥ ✚ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस पत्रको फोटो तल ४०७ पृष्ठमा छ।

मूलपाठ

श्री१

श्री ५ सर्कार.
२

श्रीगुरुप्रोहित तीर्थराज पंडितज्यू.
१

१. स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्मिनिष्टर यान् कम्याण्डर इन-
२. चिफ जनरल जङ्गबहादूर कुवर राणाजि श्रीकम्याण्डर इनचिफ जनर-
३. ल बंबहादूर कुवर राणाजिकस्य पत्रम्. ——————————
४. आगे. ---१--- के आजका मितिदेषि --२-- मा फर्मायसी दानदक्षि-
५. णा पाठपूजा गैह्र लाउदा संकल्प गर्दा पैहिले अगावै केहि कामवि-
६. सेषले लाउनुपर्दा यो काम यो बेहोराले. येती लाउनुपऱ्यो भनि हामि-
७. छेउ साधी रुपैया येति चाहिन्छ भनि सुनाइ रुपैया अगावै दिया मात्र
८. लाउनु संकल्प गराउनु दक्षिणा बाडि दिनु. अगावै रुपैया पैसा नपाइ दा-
९. नदक्षिणा पाठपुजा गराया र. संकल्प गराया संकल्प गराउन्यालाइ र
१०. संकल्पवाक्य पढन्यालाइ पाप लागला ब्राह्मणको दक्षिणा पनि आ-
११. फैबाट भर्नुपर्ला भनि दसषत गरिदिञौं. इति संवत् १९०६ साल मिति मा-
१२. घवदि २ रोज २[११] शुभम् ----

---

१९. शंवत १९०६ शाके १७७१

माघकृष्ण.

दिनं.।।	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	अं	
२५।५६	२	२१	०७	चं	पु	४०	३८	वै	२०	४५	१	१५

भ ४८।२५ ठदुषां २ मकरे ज्ञ १३।२५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८ सङ्ख्या

[फसली] सन् १२८८ मार्गशुक्लदशमीको दिन काशीनरेश ईश्वरीप्रसादनारायण सिंहले श्री ३ रणउद्दीपसिंहलाई लेखेको पत्र

काशीका राजा ईश्वरीप्रसादनारायण सिंह (वि.सं. १८७९-१९४६, राज्यकाल वि.सं. १८९२-१९४६)ले श्री ३ रणउद्दीपसिंह (वि.सं. १८७५-१९४२, शासनकाल वि.सं. १९३३-१९४२)लाई हिन्दीमा लेखेको पत्र यो हो। यस पत्रमा ठाउँठाउँमा सुनको तबक लगाइएको थियो भन्ने कुरा यस फोटोमा पनि देखिन्छ। यस पत्रमा मिति दिँदा **मिः कुआरशुक्ल १० सन १२८८** लेखिएकोले **सन्** भन्ने नाउँले चिनिने संवतको मार्गशुक्लदशमीमा यो पत्र लेखिएको देखिन्छ। दक्षिण भारतमा चलेको फसली सन्मा ई.सं. ५९१ तदनुसार ६४८ जोड्दा विक्रमसंवत् आउँछ (नयराज पन्त २०४५:६)। यसअनुसार १२८८ + ६४८ = १९३६ हुने हुनाले यसलाई दक्षिणमा चलेको फसली सन् मात्र नसकिने होइन। अहिले नेपाल राज्यभित्र पर्ने पाल्पाली सेनराज्यमा चलेको सन्को र विक्रमसंवत्को अन्तर ६४९ वर्ष देखिएकोले (महेशराज पन्त २०७१:२५) काशीमा चलेको यस सन्लाई त्यही सन् मान्दा १२८८ + ६४९ = १९३७ हुने हुनाले यस पत्रलाई वि.सं. १९३७ को पनि मान्न सकिन्छ। मेरो विचारमा ६४८ वा ६४९ वर्षको यो अन्तर त्यो सन् कहिले शुरू भयो, त्यसमा झीनो भेद भएर देखिन गएको हुन सक्छ। यस पत्रको मिति वि.सं. १९३६ वा १९३७ जे माने पनि यो पत्र पठाउनेको र पाउनेको शासनकालभित्रै पर्ने हुनाले फरक पर्दैन। मार्गशुक्लदशमीको यस पत्रमा विजयादशमीको समाप्ति राम्रोसँग भएको र नयाँ वर्षको आगमन भएको कुराको चर्चा गरिएकोले तथा नयाँ वर्षको शुभकामना दिइएकोले नयाँ वर्ष भनी कार्त्तिकादि संवत्लाई भनेको देखिन्छ।

यस पत्रको फोटो तल ४०८ पृष्ठमा छ।

मूलपाठ

श्रीराम

१. **स्वस्ति मदतिप्रचण्डभुजदण्डेत्यादिश्रीश्री-**
२. **श्रीमहाराजरणउद्दीपसिंहराणाबहादुर के**
३. **सी एस आई थोङ लिन् पिम्मा को काङ**
४. **वाङ स्यान् प्राइममिनिष्टर याण्ड कम्याडर**
५. **इन चीफ इतः विविधविरुदावलीविराजमा-**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६. नमानोन्नत्‌श्रीमहाराजधिराजधिराजद्विजराज
७. श्रीकाशीनरेशश्रीमदीश्वरीप्रसादनाराय-
८. णासिंहबहादुरदेवदेवानां सदा समरविज-
९. यिनां शुभासिषस्सन्तु कुश-
१०. ल रषै लीलाविजयदसमी भ-
११. लीभाति समाप्ति औ नवीनवर्षका आगमन
१२. हुवा से आसा है कि आपको सा-

१. श्री-
२. पाञ्च मंग-
३. ल औ सुषदायक हो-
४. य औ बहुत वर्ष हर्षसहित दे-
५. खते रहैं कुशलवृत मिल कै शुभमिः
६. कुआरशुक्ल १० सन १२८८ ॥

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

अमरकोश द्वितीयकाण्डटीका

= वि.सं. १९१७ मा बनारसबाट प्रकाशित, गोविन्द शर्मा थत्तेद्वारा सम्पादित *अमरकोष* २ काण्ड महेश्वरको *अमर-विवेक*सहित ।

नयराज पन्त २०४५

= वि.सं. २०४५ मा प्रकाशित *पूर्णिमा* ७१ पूर्णाङ्कका १-१०४ पृष्ठमा छापिएको, नयराज पन्तको वेङ्कटेश *केतकरको इनडिअन् याण्ड् फरइन् क्रोनल्‌अजिको संस्कृत अनुवाद* ।

प्रकाश ए. राज २०५७

= वि.सं. २०५७ मा काठमाडौँबाट श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय पुरातत्त्व-विभागद्वारा प्रकाशित *प्राचीन नेपाल* १४५ संख्याका ५०-५३ पृष्ठमा छापिएको, प्रकाश ए. राजको *नेपालका मूल पुरोहितहरू* ।

प्रकाश ए. राज २०५८

= वि.सं. २०५८ मा काठमाडौँबाट नवीन पब्लिकेशन्सद्वारा प्रकाशित, प्रकाश ए. राजको *केही खोजेको, केही देखेको* ।

महेशराज पन्त २०७१

= वि.सं. २०७१ मा प्रकाशित *पूर्णिमा* १४१ पूर्णाङ्कका २५-३९ पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. १८२९ देखि १८६४ भित्रका ७ वटा राजकीय पत्र* ।

लक्ष्मीपति-नयराजसङ्ग्रहमा रहेका, वि.सं. १८८०, १८८१, १८८२, १८८४, १८८५, १८८६, १८८७, १८८८, १८८९, १८९१, १८९३, १९००, १९०६ का लेखोट पात्रा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्या

वि.सं. १८७७ को लालमोहर

यस लालमोहरको पाठ माथि ३६३ पृष्ठमा छ ।



स्वस्तिश्रीगिरिराजचक्रचूडामणि [illegible] न्यादिविविधविरुदावलीविराजमानमा
नोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहवहादुरसम्से
जङ्देवानांसदासमरविजयिनाम्
आगे साम्यावक्काको नाती जसभरथक्काको छोरा रतुम भीपिनी रगामि [illegible]
वरणपल्हनमा सुवेदारी मानकोध गरीव क्स्यौ तस्को थानती थप ११ [illegible]
र रुपैया ४०० ली सवारी सिकारी उर्दि कि वास्त हाल ऊ [illegible] रातविरात [illegible]
हरु हलमा हजुर ही कप्तान ववरजंङ्गसाहले लाया मुहाया च मोजी [illegible]
वीरभेगर्ने हाम्रा नीमकको सोझो चीताई थितथ पाको भर्ना ली जागीर जानी [illegible]
गपगर इतिसम्वत १८७७ लालमिती

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्या

वि.सं. १८८० वैशाखशुक्लद्वितीया सोमवारको चौतरिया पुष्कर साहको पत्र

यस पत्रको पाठ माथि ३६४-३६५ पृष्ठमा छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्या

वि.सं. १८८२ प्रथमश्रावणशुक्ल-अष्टमी शनिवारको लालमोहर

यस लालमोहरको पाठ माथि ३६५-३६७ पृष्ठमा छ ।



स्वस्तिश्री गिरिराजचक्रचूडामणिनरनारायणेत्यादि विविधविरुदावली विराजमानमानोन्नतश्री
मन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहवहादूरसम्सेरजङ्गदेवानांसदासमर
विजयिनाम्
आगे पुठानाका मेगजीनमा दारिखाको दामीका अम्बलमध्ये गलांतषेतपट्टि गाउँगाउँको मुषिया
गलांतषेत घागल मसिना रानिषोलाका कृष्णबुबनरवलीथापाके नेम गाउँका ८२ साल माजाच
किलेजाचिजाचमाठहरियाको राजवीसेर्मा अघिदेषिवाहृआयाको मुषियालिषानगिको षेतदा
म्पासुकिदसे बोका मुष्यालिदर्सन भेट डंडकुंड मस्यो अपुतालि चाक चकुई आमिलानरक मकल
म शिवायराजअंककस्यानधनधर्माधिकार महंतमंडली मानिसमास्याको षत गोवध हातीदान
गेजधाग साउन्याफागु छलाहि मिझारि अमालिको वहालिवलक पानरहनावहनायेनिकलम
वाहेकराषि अरु अमालिले मान्या रकमकलम मारि मेटि ईलकसम्वत् १८८२ साल वैसाषवदी
१२ देषिसेर्मारसेर्मावरोवरको अस्मानि घ्यासुकिदसे बोका मुष्यालि दर्सनभेट समेत वर्षे १ को ठे
कवन्दी वमोजिम तपसील वमोजरे आमोहोर रुपैया १०१।।। साल वसाल किस्तकिस्त माफुठाना
का मेगजीनमा दाषील गरि फारषति लिनु ठेकवन्दीभन्दा वढता रैतीलेन तिर्नु अमालिले पनिन
लिनु अमालिले ठेकवन्दीभन्दा वढता कलम लगाई लिया गाउँगाउँका मुषिया पजनिगन्या भन्या
हाम्रा हजुरमा विंति गर्न आउनु गाउँगाउँ मा वस्याका कुरियाँ अमालिले न षोज्नु घ्याको कुरियारै
तिले मिनाहा न मागनु परिआपाको अस्मानि ले ठेकवन्दी भन्दा वढता उठ्यो भन्या राजवीमा मिनाहा
गरि सवै कुरियालाई ठेकवन्दी सम्म वरोवर पारिदिनु नपुग्याको सवै कुरियाले पुन्याउनु ठडाभिज
को षेत वागोनराषनु ठडा वाहिकको वागो विग्राउन्याले तीन साल सम्म दुनै बोट वालिवाउनु
चौथा साल देषी तल सिंबोटि ठडावाहिक अमालिमार्फत दाषील गर्नु वसि वसाई गाउँ गुल्जा
र गर्नु भनि वंदेज गरि ठेकवन्दीको पितिवांधि वक्स्यौं षातिरजमासंग पानि जानि वलन गर प
सवन्देज मा जो रहीन नस लाई जातविसेषको सासना र भारि डंड होला

तपसील

असामी	गाउँ	घर	सेर्मा रु	अस्मानि	घ्यासुकि	दसे बोका	मुष्यालि भेट	एकुंजम्मा रुपैया
गलांतषेत	१	२०	१३।=	१३।=	१/।।	१।।।=	२	३१।।।·।
घागल	१	१०	८।	८।	।।=/	।।।/	०	१८/
मसिना	१	३७	१६।·	१६।·	१।/।।	२।/।।	०	३६।·।
रानिषोला	१	१३	६।।।	६।।।	।।·।	१५।।	०	१५५।।।
	४	८०	४४।।=	४४।।=	३।=/।।	६/।।	२	१०१=/।।

किस्तवन्दीको तपसील

मुफुडाकिस्ता वैशाषमहिनामा रुपैया — ५०।।/
तुकिमाघमहिनामा रुपैया — ५०।।/

ईतिसम्वत् १८ — ८२ — साल मिति प्रथमश्रावणसुदि ८ रोज ७ शुभम्

पछाडिपट्टि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ सङ्ख्या

वि.सं. १८८४ चैत्रपूर्णिमा सोमवारको रुक्का

यस रुक्काको पाठ माथि ३६७-३६८ पृष्ठमा छ।


स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का
आगे निर्गुदासमझिया· भक्तसिंमझिया· दलभमझियाजसमतामझिया· निससिंमझि
याखड्गेश्यामझिया· मगनासिंमझिया· हजारसिंमझिया· श्रीवराममझियाजस
नसिंमझिया· तुल्यामझिया· भुआमझिया· हजारीसिंमझिया· निसकराममझिया
पियाराममझियाके जिल्हे चयनपुरका अम्बल मध्ये दशाम झियाजगाकोइजारुका
सम्वत् १८८५ साल वैशाष वदि १ रोज लगायेत ठेकसे मो भेडामारइंडकुंड म
ग्यो अघुताली वाक चकुइ छिपोछापो पोनीको ताल पलेटि मुज्यारो वाजिअ
स्मानि शिवाय राजश्रीकघुरअमालीको मेज मानी वाहिकरा षिस्वामिला·
तस्वरुरकमकलम मारीमटि साल १ को वे मोजरे ज्मा मो होर रुपैया सत्त स
यसाठेउनान्सि ७७७९॥ सालवसाल ——— कुपलेरर मादाखिल गर्नु गा
रिठेकको वंदेज वाधिवकस्यौं अघो विर्तामुठेरेकावाहेक अघ्यापफनाजमिन मास्या
फनानिजकुराको दालाले विहायाका घेत थिति व मोजीम याल अभ्युल मा
मुलकारकमकलम् सगअमुलनहमिल गारि किस्तवमोजीम ठेक रुपैया उका
इअषिरिको फारषति सालवसाल लिनुव सिवसाइजगा अवाद गुल्स्या रा
ष्यिअफनाघाति रजामासितजगाजानी भोगगर·

किस्तवंदि तपसिल

ज्येष्ठवदि १५ रोज मुहुडारु	४००
आश्विन किस्तारु	४९०
पौष किस्तारु	४८९॥
चैत्रवदि १५ रोज वुझिकरु	४००

इति सम्वत् १८८४ साल मिति चैत्र वदि १५ रोज २ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडिपट्टि)





५ सङ्ख्या

वि.सं. १८८५ माघशुक्ल-अष्टमी बुधवारको रुक्का

यस रुक्काको पाठ माथि ३६९ पृष्ठमा छ ।



स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का
आगे फत्तेसिंके आपा गाउका अमल अघि पुनी थाइ लेषायाको चप्रा
मिलेषायाको चप्रा मिलाइ अब त माटो भर्नागरि त्युनी षेत जगा रोपनी ४०
घरबारी निमित्त छाप गरिबक्स्यौं आफना षातिरजम्मासँग छाप जानी
भोग गर इति सम्वत् १८८५ साल मिति माघ शुदि ८ रोज ४ शुभम्

(पछाडिपट्टि)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६ सङ्ख्या

वि.सं. १८८६ ज्येष्ठशुक्लपञ्चमी शनिवारको रुक्का

यस रुक्काको पाठ माथि ३७० पृष्ठमा छ ।



स्वस्तिश्रीमन्महाराजाधिराजकस्यरुक्का
आगे· बाघपल्टनका कप्तान उवेदास्मादारजदातियाहिश्रति· श्रुत
मका अम्वलमध्ये· कवालेमगाउं· मइत्तुवीष्टलाई छापजोहा· तनको
महासाल ८२ काजांचवाहेककोतकामथरखेत· जयसीलवमोजीम
कातकामजगाकोमोहररुपैया ४८॥· वरख पल्टनमा भर्नागरिवक्सैं
आफ्नावातिर्जासंगजोगीरजानीभोग्यगर

तपसलि

वडिश्रवणमगोपालभजारि जिम्माप ए १० केरुपैया — १२॥
धमालीगाउं आस्पारुछो जिम्मा या — ८ केरु — ८॥।
अमालगाउं· कालुकवाकोगाउँखेत २।२० मध्ये वाधन्ना
गाठिकोमाजुली १।१० वाकीउकास १।१० केरुपैया — २७॥

इतिसम्वत् १८८६ साल· मितिजेष्ठसुदि ५ रोज ७ शुभम्

(पछाडिपट्टि)



1. आर्पीतभीमसेनथापा
2. मार्फत पुष्करसाह
3. माजिमदत्यपिरि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७ सङ्ख्या

वि.सं. १८८८ प्रथमवैशाखकृष्णषष्ठी आदित्यवारको रुक्का

यस रुक्काको पाठ माथि ३७१ पृष्ठमा छ ।


स्वस्तिश्री मन्महाराजाधिराजकस्य रुक्का
आगे थोपदार सिवभजनजे सिके नोलाका अञ्चल मध्ये कु
ञ्जा भन्याको पाखो नस्को साध पूर्व कँ पनि कापा नि
खेत दक्षिण खत्रिका मोहरिया जग्गा पश्चीम थापा
का मोहरिया जग्गा उत्तर खावाका भञ्ज्याङ वाट म
लेग्याऊन्या डाँडो यति ये चार किला भित्रको आघि देखि
आज सम्म तेले बर्ति खायाको जग्गा तलाइ छापगरि ब
क्स्यौं आफना खातिर्जामा सित आघि देखि खाकामानिआ
यावमोजीम फलफूल वहाइ छापजग्गा भोग्य गर इति
सम्वत १८८८ साल मिति प्रथमवैसाखवदि ६ रोज १ शुभम्

(पछाडिपट्टि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

८ सङ्ख्या

वि.सं. १८८८ चैत्रशुक्ल-अष्टमी आदित्यवारको रुक्का

यस रुक्काको पाठ माथि ३७२-३७३ पृष्ठमा छ ।


स्वस्ति श्रीमन्महाराजा... रुक्का
आगे सिंहनाथपल्टन मार्दीर्याको जिल्ला... मानाका अम्बल्
मध्ये ... सपुर्ष्ववाको मुषियालोहासुरघतिके अघिको
मुषिया दलजीत वोहरा मर्दा उस्का ठेकवन्देज को मोहर हानी
रुपैञा ११५ को ठेकवन्देज गरिने रानाउंमा मोहर गरिवक्सौं ...
मालीलाई ठेक रुपैञा उग्राई गाउं ... गरि वक्सिवमाई आ
फ्ना षतिरजमासंग भोग्य गर इति सम्वत १८८८ साल मिति चैत्र शुदि
८ रोज १ शुभम्

(पछाडिपट्टि)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९ सङ्ख्या

वि.सं. १८८९ आषाढकृष्णषष्ठी बृहस्पतिवारको रुक्का

यस रुक्काको पाठ माथि ३७३-३७४ पृष्ठमा छ ।



स्वस्तिश्रीमन्महाराजाधिराज [illegible]

आगे सासादल कम्पनिका सुवा सुवेदार ज्मादार समेत पगरि गैह्र [illegible] डोटिमध्ये साल ८२ का जाच

मा सासादल कम्पनिलाई दीयाको उपल्ला बोगाङ्मध्ये डुडियाङ गाउको रुपैया १७॥ [illegible]

[illegible] गाउको रुपैया १३॥ [illegible] गर्खामध्ये [illegible] गाउभित्र को रुपैया २॥ [illegible] ज्मा रुपैया ३३॥ [illegible]

जगा वलभद्र पांडेलाई मानाचावल हलवंदि थामि तेस जगाको वदला तपसिल वमोजिम् कोउकास

जगा थामि वदला दिमो होभनि वक्स्युं दीयावमोजिमका रुपैया जिम्मावाल मार्फत तलि कम्पनिमा

भर्ना गरि यान्या [illegible] कामगर

तपसिल

साल ८२ का जाचवाहेक कोउकास जगाको रुपैया — २३॥/२

उपल्ला बोगाङ [illegible] गाउको रुपैया — १२

लेक मगर्खामध्ये रुपैया — ९।७२

लिमननगरा गाउको रुपैया — ५।≈/२

छोलागाउको रुपैया — ४

[illegible] गर्खामध्ये काफलिभित्र संन्यासि [illegible] कमायाको रु १२

मामलि [illegible] लाई दीयाको बोगाङमध्ये रुपैया — ११।

इति सम्वत १८ ८९ साल मिति आषाढ वदि [illegible] रोज ५ [illegible]

(पछाडिपट्टि)



1 मार्फत उमाकान्त उपाध्या

2 मार्फत [illegible]

3 मार्फत भीमसेन थापा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१० सङ्ख्या

वि.सं. १८८९ कार्तिकशुक्ल-अष्टमी बुधवारको लालमोहर

यस लालमोहरको पाठ माथि ३७५-३७७ पृष्ठमा छ ।

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानांसदासमरविजयिनाम्

आगे — कंपनिका सुबेदार १ ज्मादार ४ मेजर १ अजिटन् १ कोत्या १ अगाडीनिसान १ पछाडीनिसान १ हवल्दार ८ अमल्दार ८ सिपाहि ८५ तबला १ नासा २ मार्फा २ भेरि २ बाकुदि २ पिपाका ज्मादार १ पिपा १८ लोहार २ षलास्यालोहार १ सिकर्मि १ नकर्मि १ सार्कि २ ज्माजवान् १४४ कै रैवन्दी बमोजीम षेत षुवा भर्नागरि वक्स्यौं आफ्ना धाति ज्मा संग लडाञी भिडाञी सवाहि सिकारि डोर्दै कवायेत पढार्नौ कि हाल हुकुममा आठै प्रहर हजुर रहि हाम्रा निमकको सोझो चिताई तपसिल माफिकका षेत षुवा भर्नाली जागीर जानी भोग्य गर

तपसिल

असामि	जवान्	दरषेत	ज्माषेत	खराक्
सुबेदार	१	११।	११।	४००
ज्मादार	४	६।	२४।	२२०
मेजर	१	४।	४।	२५
अजिटन्	१	४।	४।	२५
कोत्या	१	४।	४।	२५
अगाडीनिसान्	१	२।८४	२।८०	०
पछाडीनिसान्	१	२।६०	२।६०	०
हवल्दार	८	२।८४	२२।४०	०
अमल्दार	८	२।६०	२०।८०	०
सिपाहि	८५	२।	१७०।	०
तबला	१	२।	२।	०
नासा	२	१।८०	३।६०	०
मार्फा	२	१।६०	३।२०	०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[illegible]	२	१।६०	३।२०	
भेडि	२	१।८०	३।६०	०
बाशुरि	२	१।४०	२।८०	०
पिपाज्माहार	१	२।	२।	०
पिपा	१६	१।६०	२५।६०	०
लोहार	२	२।	४।	०
मलात्यालोहार	१	१।४०	१।४०	०
सिकर्मि	१	१।६०	१।६०	०
नकर्मि	१	१।६०	१।६०	०
सार्कि	२	१।८०	३।६०	०
निसानगुरी	०	०	१३०	०
	१४४		३२०।९०	६९५

ताकि भर्ना रैवन्दीवमोजीम बाहिन्याषेत षुवाकि नागमा षानिबाट

तालव मालतिनु भ्मारुपैया ———— ८७१७॥

षेत ३२०।९० कि दरसयकडारु

पैया २५ का दरले रु ———— ८०२२॥

षुवाकि रु ———— ६९५

बाकि ———— ०

ईतिसम्वत १८८९ सालमिति कार्तिकसुदि ८ रोज ४ शुभम ———

(पछाडिपट्टि)

1 मार्फत उमाकान्त उपाध्या

2 मार्फत दलभञ्जन पांडे

3 मार्फत [illegible]

4 [illegible]

5 मार्फत [illegible]

6 [illegible]

7 मार्फत बाहादुर भडारि

8 मार्फत जङ्गलमान [illegible]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

११ सङ्ख्या

वि.सं. १८८९ फाल्गुनशुक्लतृतीया शुक्रवारको लालमोहर

यस लालमोहरको पाठ माथि ३७७-३७८ पृष्ठमा छ ।



(पछाडिपट्टि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१२ सङ्ख्या

वि.सं. १८९० प्रथमभाद्रपूर्णिमाको ज. भीमसेन थापाको र काजी रणजोर थापाको पत्र

यस पत्रको पाठ माथि ३७८-३७९ पृष्ठमा छ ।



स्वस्ति श्री जनरल भीमसेन थापा श्री काजी रणजोर थापाके सप्रत्र म्
आगे लक्ष्मीधरसिंहस्मेत जना ५ के धोबिखोलाका पुल माथी का वेंसीचा
मा आठै प्रहर हजुर रहि वेंसीचाको चिताइ गर्नु कं पु पल्टंका पनि वि
ताराठि गौचर किपट कैसले बिगुरुउन लैग्याको नाल मोहरले था:
पाको वाहेक देई पाटनका अम्वल मध्ये तपसिल बमोजिमको
वाह्रै रोपनि २४। जागिर गरिदिन्छौं वेंसीचाका चिताइ गर्न्याकाम
मा हजुर रहि जागिर जानि भोग्य गर

तपसिल

पैदिको पाखो स्मेत रोपनि	१६
दैफ ऐ रोपनि	२
पन्नो किटि रोपनि	१
सिन्हामाको वाह्रो रोपनि	१।
ऐ ऐ रोपनि	१।
धोविखोला वगर रोपनि	३

इति सम्वत १८९० साल मिति प्रथम भाद्र सुदि १५ रोज ...

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१३ सङ्ख्या

वि.सं. १८९० माघकृष्णनवमी सोमवारको रुक्का

यस रुक्काको पाठ माथि ३७९-३८० पृष्ठमा छ।


श्री ... स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का
आगे जिल्लै तुवाकोट् मध्ये ——— कंपुका जागीरमा दरीयाको कालीजङ पल्टन्
को कार्किनेटा गाउका मुषीया रतन् पाध्या जैरुद्र पाध्या दसरथ पाध्या कासीराम पा
ध्या विसन् पाध्या टिकाराम् पाध्या केलु पाध्या के नेस गाउको ८२ साल मा जाचकिले
जाचि जाँचमा ठहरीयाको सेर्मा ईंड कुंड भन्यो अपुताली वाक चकाइ सिवाय राज भे
ट कद्ध्यानधन धर्माधीकारमा निस मान्याको सत गोवध उडीता गडतासा उन्याफा
गु भेकचीन् देसैको मामुली अमालीको वाहाली ढलकपात मेजमानी रहता वह
तायेनि कलम् वाहेक राषी अरु अमालीले षान्या रकम् कलम् मारि मेटी इस्तक
सम्वत् १८९१ साल मिति वैसाषवदी १ देषी सेर्मा अस्मानी स्मेत वर्ष १ को ठे
कवन्दी वमोजीम् तपसिल् वमोजीं ज्मा मोहोर रुपेया १४१।=।। मा ८२ सालमा
भयाका लालमोहर विसन् पाध्या मुषियाका घरमा अग्नी प्रज्वोल्ये डढाहा प
ल्यो भनी विंति गर्न आउदा अघिका वमोजीम् मोहोर गरि वक्स्यौं साल वसाल कि
स्ता किस्तमा अमालिलाइ वुझाइ फारषति लिनु ठेकवन्दी भन्दा वढता तिरेनि लिन
तिर्नु अमालिले पनि नलीनु अमालीले ठेकवन्दी भन्दा वढता कलम लगाइ लि
यो गाउका मुषीयापञ्ज निगन्यो भन्या हामा हजुरमा विंति गर्न आउनु छडाभित्रका
षेत् वाजो नराषनु छडा वाहेकको वाँजो विहाउन्याले तिन सालइ वैवोटीवा लिया नु
चौथा साल देषी दस्तुरवोटी छडा वाहेक अमाली मार्फत दाषील गर्नु वासि वसाइ गा
उ गुलजार गर्नु भनी वन्देज गरि ठेकवन्दी को थिति वाधी वक्स्यौं आफ्ना संग थिती
जानि चलन् गर येस वन्देजमा जो रहेनन् तसलाइ जातविसेषको सासना भारि ईडहोवा

तपसील

कार्किनेटा गाउ ——— १ घर १७१ कै ठेकवन्दी ——— १४१।=।।
सेर्मा ——— ९४।=। अस्मानी ——— ४६।।

किस्तवन्दी तपसील

मुझ्डा वैसाष मैन्हामारु ३६ श्रावण मैन्हामारु ३५
कार्तिक मैन्हामारु ——— ३५ फाल्गुन मैन्हामारु ३५।=।।
इति सम्वत् १८९० साल मिति माघवदि ९ रोज २ शुभम्

(पछाडिपट्टि)

मार्फत भीमसेनथापा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४ सङ्ख्या

वि.सं. १८९१ श्रावणकृष्णचतुर्थी बृहस्पतिवारको लालमोहर

यस लालमोहरको पाठ माथि ३८१-३८२ पृष्ठमा छ।


स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि विविधविरुदावली विराजमानमानोन्नत श्रीमन्महार
जाधिराज श्री श्री श्रीमहाराजराजेन्द्र विक्रमसाहवहादुरसम्सेरजङ्ग देवानां सदासमरविजयीनाम
आगे सिरोमणि पंडीत सुवेडिके सम्वत १८९० साल मिति श्रावणसुदि १ रोज ५ का दिन श्रीवहिनिज्यूका
शुद्धसान्तमा हामिवाट हुकुमवक्सी श्री ५ जामूपेन्द्रविक्रमसिंहवाट संकल्प भयाको खेतथप मध्येखेत
मुरि १२० नस्का सरह वमोजीमको घडारिस्मेत विर्तागरिवक्स्याको मोहर नाम्चा पत्र गरिवक्स्या भा
द्याउकाअञ्चलमध्ये माग सिंडालखेत मुरि २२।१३।२।६ तस्कासांध पूर्व यहन्यायोलाकोडीलसांधलुहु
कील दक्षीण रेकरखेतको आलिसांधलुहुकील पश्चिम श्रीजनरत्नका विर्ताखेतको आलीसांधलुहुकी
ल उत्तर श्रीजनरत्नका विर्ताको आलीर घनस्यामदाहालका विर्ताखेतको आलिसांधलुहुकील यति
सांधभित्रखेत मुरि १२० घडारि पायाको माटो पानि सिवेत दिंदा डेढोघट्ट खेत मुरि २।१३।२।६ आये
नघडारिस्मेत मुरि २२।१३।२।६ विर्ता जानि सन्तानदरसन्तान पर्यन्त यसमा सुखभोग्य गर याविर्तासंक
ल्पकुश संकल्पवाक्यपढन्या पुरोहीत कविकुलकेसरी पंडीत अर्ज्याल पानि हालन्या कोईराला मानव
रसिंह थापा सांधलाउन्या साधियार पदघरमित्र समर्पथ किला गलदेलको धर्मदेउ डगोल [illegible]छि
देलको विरभद्र डगोल भला मानीस रामलाल खनाल वंडुवरा हरिराम धिमाल विष्णु पाध्या नेउ
पान्या वंसिधर दाहाल पदम दाहाल सिवनारौ गेलाल हरिया भा कुगाना वालानन्द खनाल श्रीकृष्ण
वुठाथोकि गदाधर ठकुरि मोहिनाइ क्या चुकुथा विर्तारले किलाभंदा अर्घ्यालो नचापत्र विना
तकसीर जवद न गर्नु जो यस वन्देजमा रहोइन सो यस श्लोकमा भन्याको पातकी होला स्वदत्तां
परदत्तां वा यो हरेद्वसुन्धराम् षष्टिवर्षसहस्राणि विष्ठायां जायते कृमिः इति सम्वत १८९१
साल मिति श्रावण वदि ४ रोज ५ शुभम्

(पछाडिपट्टि)

मार्फत [illegible] थापा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१५ सङ्ख्या

वि.सं. १८९३ कार्तिकपूर्णिमा बुधवारको ज. कम्याण्डर-इन-चीफ भीमसेन थापाको पत्र

यस पत्रको पाठ माथि ३८२ पृष्ठमा छ ।


श्रीनाथ

स्वस्तिश्रीजनरलकम्यानडराइनचिफभीमसेनथापाकस्यपत्रम्
आगे ईन्द्रजित्थापाकेलमुग्लानाइकाअम्बलमध्ये कंपूकाजागीरमाधरीयार
कोडम्बरनेवारलेविहुग्रायाकोकबापातीखेतमुरी ३०कोठेकरुपैयां २॥४॥ घुमानीरुपै
या॥ सालबसालजागीरदारलाइ नापुर्भनी अघिकोदस्तुरनहाना कुनकोवदेजगरि
दिन्युदरीयाकोकुनैदेदस्तुरनारिदस्तीमानीखेतकोचलनगर इतिसम्वत १८९३ साल
मिती कार्तिकशुदि १५ रोज ४ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१६ सङ्ख्या

वि.सं. १९०० फाल्गुनशुक्लसप्तमी आदित्यवारको
मिनिष्टर याण्ड कम्याण्डर-इन-चीफ ज. मातवरसिंह थापाको र सरदार बलभञ्जन पाँडेको पत्र

यस पत्रको पाठ माथि ३८३-३८४ पृष्ठमा छ



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१७ सङ्ख्या

वि.सं. १९०६ माघकृष्णद्वितीया सोमवारको
प्राइम मिनिष्टर याण्ड कम्याण्डर-इन-चीफ जङ्गबहादुर कुवर राणाजी र
कम्याण्डर-इन-चीफ वंबहादुर कुवर राणाजीको पत्र

यस पत्रको पाठ माथि ३८७ पृष्ठमा छ।



श्री

श्रीपसर्कार: श्रीगुरुप्रोहिततीर्थराजपंडितस्य

२ १



श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम मिनिष्टर यान्ड कम्याण्डर इन
चिफ जनरल जङ्गबहादुर कुवर राणाजी श्रीकम्याण्डर इन चिफ जनर
ल वंबहादुर कुवर राणाजिकस्य पत्रम्
आगे --- १ --- के आज का मितिदेखि --- २ --- मा फर्मायसी दान दछि
णा पाठ पूजा गैह्र लाउदा संकल्प गर्दा पैहिले अगावै केहि काम दि
ने गर्नेलाउनु पर्दा यो काम भयो वे होराल्ले पैती लाउनु पर्‍यो भनि साम्नि
उ साधी रुपैया ये ति चाहिन्छ भनि सुनाइ रुपैया अगावै दियामात्र
उनु संकल्प गराउनु दछिणा वाडि दिनु अगावै रुपैया पैसा नपाइदा
दछिणा पाठ पुजा गराया र संकल्प गराया संकल्प गराउन्यालाइ र
संकल्प वाक्य पढन्यालाइ पाप लाग्ला गर्ना ब्राह्मणको दछिणा पनि आ
फैवाट भर्नु पर्ला भनि दसखत गरिदियौं इति संवत् १९०६ साल मिति मा
घ वदि २ रोज २ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८ सङ्ख्या

[फसली] सन् १२८८ मार्गशुक्लदशमीको दिन

काशीनरेश ईश्वरीप्रसादनारायण सिंहले श्री ३ रणउद्दीपसिंहलाई लेखेको पत्र

यस पत्रको पाठ माथि ३८८-३८९ पृष्ठमा छ ।



श्रीराम

स्वस्ति मदत्तिप्रचण्डभुजदण्डेत्यादि श्रीश्री
श्रीमहाराजरणउद्दीपसिंहराणावहादुरके
सीएसआईथोड॰लिन्‌पिमसाकोकाड॰
ग्राड॰स्यान्‌ग्राइमिनिष्टरयाण्डकम्याडर
इनचीफइत्यादिविविधविरुदावलीविराजमा
नमानोन्नतश्रीमहाराज [illegible] जहितमा
श्रीकाशीनरेशश्रीमदीश्वरीप्रसादनाराय
णसिंहवहादुरदेवदेवानांसदासमरविज
यिनांशुभाशिषस्सन्तु कुश
लक्षे [illegible] लीविजयदसमीप
लीभांतिसमाप्तिओनवीनवर्षकाआगमन
हुवा सेआसाहेकिआपकोसा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्तको, वि.सं. २००४ को टिपोट

[नयराज पन्त (वि.सं. १९७०-२०५९)मा राजनीतिसम्बन्धी चेतनाको आविर्भाव विद्यार्थिकालमै भइसकेको थियो भनी मैले अन्त लेखिसकेको छु (महेशराज पन्त २०८०:१)। त्यसको प्रमाणको रूपमा वि.सं. १९९४ देखि १९९९ सम्मका घटना समेटिएको उनको टिपोटतर्फ औँल्याउन सकिन्छ (नयराज पन्त २०६९:४३१-४३५)। त्यही चेतनाको सातत्य उनको वि.सं. २००४ कार्तिकदेखि २००७ जेठसम्मका घटनाको टिपोटमा पाइन्छ। दुइ वर्ष आठ महीनाको घटना समेटिएको यस टिपोटमध्येबाट वि.सं. २००४ को टिपोट जति *पूर्णिमा*को यस अङ्कमा छाप्न लागिएको छ।

भारतबाट टी.पी.एम. कम्पनी लिमिटेडले निकालेको, १२८ पृष्ठको, धर्को भएको, भाला लिएको रिसल्लाको चित्र जिल्दमा भएको बहादुर एक्सरसाइज बूकमा लेखिएको, नयराज पन्तका, वि.सं. २००४ कार्तिक १८ गतेदेखि २००७ जेठ २५ गतेसम्मको टिपोट लक्ष्मीपति-नयराजसङ्ग्रहमा छ।[१] त्यो टिपोट धेरैजसो बाँसको कलमले पाको मसीले, कहीँ कहीँ नीलो मसीले र एकाध ठाउँमा रातो मसीले पनि लेखिएको छ। धेरैजसो टिपोट खुद नयराजको हस्ताक्षरमा छ त केही पृष्ठ रामजी तेवारी (वि.सं. १९७३-२०४०)को हस्ताक्षरमा छ। जुन खण्ड नयराज पन्तको हस्ताक्षरमा छैन, त्यो कुरा त्यही ठाउँमा टिप्पणीमा खुलाइएको छ।

वि.सं. १९९४ देखि १९९९ सम्मका घटना समेटिएको टिपोटको र यस टिपोटको शैली उस्तै छ, तर वि.सं. २००७ कार्तिकदेखि २००८ चैतसम्मको टिपोटको शैलीभन्दा नितान्त भिन्न छ। पहिलो खालको टिपोटमा विश्लेषण खास छैन, घटनाको चर्चा मात्र छ। दोस्रो खालको टिपोटमा चाहिँ घटनाको चर्चा मात्र होइन, विश्लेषण पनि प्रचुर मात्रामा छ (नयराज पन्त २०८०)। दुइ थरीको शैलीको वैभिन्न्यमा औँल्याउनुपर्ने अर्को कुरा के छ भने पहिलो खालको टिपोट नेपाली भाषामा लेखिएको छ त दोस्रो खालको चाहिँ संस्कृतमा।

नेपाली भाषामा अहिले प्रचलित नियमअनुसारको पदच्छेद र पदवियोगको अनुसरण यस टिपोटमा नगरिएकोले जसरी लेखिएको छ, त्यसरी नै अहिले प्रकाश गरिएको छ। धेरै पछिसम्म पनि म प्रचलित नियमअनुसार पदच्छेद र पदवियोगमा अभ्यस्त थिइनँ भनी नयराज पन्तले भन्ने गरेको सम्झना यस प्रसङ्गमा हुन्छ। यस टिपोटमा नेपाली भाषाका, **ब** उच्चारण हुने शब्दमा पनि केही अपवाद छोडेर सर्वत्र **व** नै लेखिएको छ। अहिले प्रकाश गर्दा जहाँ जहाँ **ब** छ, त्यहाँ मात्र **ब** र अन्यत्र **व** नै कायम गरिएको छ।

विषयवस्तु स्पष्ट होओस् भनी हरेकजसो प्रविष्टिमा मैले शीर्षक थपेको छु, थपेको जति मूलपाठबाट छुट्टियोस् भनी तिनलाई मूलपाठको भन्दा ठूलो अक्षरमा दिइएको छ।

---

१. त्यस टिपोटमा भएको, भारतप्रतिनिधिमण्डलका अध्यक्ष कुन्हनराजले वि.सं. २००६ जेठ १० गते श्री ३ मोहनलाई चढाएको शुभाशंसा र जेठ १२ गते भारतप्रतिनिधिमण्डललाई श्री ३ मोहनको प्रत्युत्तर नयराज पन्त २०६४:२५६-२५७ मा छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हिले प्रकाश गर्न लागेको यो टिपोट श्री ३ पद्म (वि.सं. १९३९-२०१७, शासनकाल वि.सं. २००२-२[illegible])को शासनकालको हो । श्री ३ पद्मकै शासनकालमा नेपालमा प्रजातन्त्रको अभ्यासको शुरूवात भएकोले हो कि, उनलाई लक्ष्य गरेर नयराज पन्तले आकरले परिपुष्ट गरी ऐतिहासिक काव्य रचेको (नयराज पन्त २०३५:१५५-२७६ = उही:२०३६) ।

यो टिपोट पटक पटक पढ्दा मनमा खेलेको, श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११, राज्यकाल वि.सं. १९६८-२०११)की जेठी शाहजादी त्रैलोक्यराज्यलक्ष्मी (वि.सं. १९७९-२०४६)को विवाहसम्बन्धी प्रकरणको विषयमा केही लेखी म यो टिप्पणी टुङ्ग्याउँछु ।

राजपुतानाको सीकर राज्यका राजकुमार हरदयाल सिंहसँग श्री ५ त्रिभुवनकी जेठी शाहजादीको वि.सं. २००४ फागुनमा भएको विवाहको विषयमा नयराज पन्तको यस टिपोटमा लामै लेखिएको छ । श्री ५ त्रिभुवनकी जेठी बडामहारानी कान्तिराज्यलक्ष्मी (वि.सं. १९६३-२०२९)तर्फकी छोरी यिनी हुन् । यिनीको जन्म वि.सं. १९७९ मार्गशुक्लतृतीया मार्ग ६ गते[१] भएकोले वि.सं. २००४ फागुनमा विवाह हुँदा यिनी २५ वर्ष पूरा गरी २६ वर्षमा हिँडिरहेकी देखिन्छिन् । यसैले मोटामोटी रूपमा यस टिपोटमा यिनीको उमेर २६ वर्ष भनी लेखिएको देखिन्छ । तात्कालिक लौकिक स्थितिअनुसार शाहजादीको विवाह अलि ढीलै भएको ठहर्छ । दुलहाको विषयमा लेख्दा उनको उमेर ३४, ३५ वर्षको र उनको यो **दोस्रो विहे रे** भनी यहाँ लेखिएको छ ।

त्रैलोक्यराज्यलक्ष्मीको टिप्पनअनुसार उनको जन्म मूल नक्षत्रमा भएको देखिन्छ । बन्धु कोइरालाको फेसबुकमा हालै ई.सं. २०२४ अप्रिल ९ (वि.सं. २०८० चैत २७ गते) गरिएको पोष्टबाट शाहजादीको

---

१. श्रीसंवत् १९७९ मार्गशुक्लतृतीयाघ. ४७।२१ मूलघ. ५४।१४ धृतिघ. ४३।५२ मार्गमासदिन ६ गते भौमवासरे श्रीसूर्योदयाद्गतघटी ८ पलेपु ३४ श्री ५ पुत्रीजन्म. जेठा साहाज्यादीको.

सू. ७।५।३।२९ ल. ८।२१।४१।४७

स्फु.भभु. १३।५३



के.	शु.	आ.	चं	भौ.	रा.
५	२५	३१	४१	४८	६६
४	४	४	४	४	४
१६	१६	१६	१६	१६	१६
५४	५४	५४	५४	५४	५४

उ.	सि.	सं.	मं.	दिं.	ध.	भ्रा.	भ.
६	१३	२१	२२	२४	२७	३१	३६

(कुण्डलीसङ्ग्रहबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयमा थप कुरा थाहा हुन्छ । शाहजादी जन्मँदा मूल परेकोले यसबाट घरपरिवारलाई पीडा दिने योग रहँदा उनीको पालनपोषण फुपू रमाराज्यलक्ष्मी (श्री ५ पृथ्वीवीरविक्रम (वि.सं.१९३२-१९६८, राज्यकाल वि.सं.१९३८-१९६८)की छोरी, सिंहशमशेर (वि.सं. १९५०-२०२४)की पत्नी)बाट भयो । चिना मिलाएर मात्रै बिहे गर्ने चलन भएकोले उनीको लागि केटा पाउन गाह्रो भइरहेको थियो । यसैले सीकरका राजकुमारको पहिलो बिहे पारपाचुके भई टुटिसकेको अवस्थामा यो बिहे सम्भव हुन सक्यो । त्यस फेसबुकअनुसार वरभन्दा वधू ८ महीनाले जेठी थिइन् ।

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

कुण्डलीसङ्ग्रह
= भुवननाथ पाँडे (वि.सं. १९२०-२०००)ले तयार गरेको *कुण्डलीसङ्ग्रह*। (अझै अप्रकाशित)

नयराज पन्त २०३५
= वि.सं. २०३५ मा प्रकाशित *पूर्णिमा* ४० पूर्णाङ्कका १५५-२७६ पृष्ठमा छापिएको, नयराज पन्तको *श्री ३ महाराज पद्मशमशेरका कुरा*।

नयराज पन्त २०३६
= वि.सं. २०३६ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, नयराज पन्तको *श्री ३ महाराज पद्मशमशेरका कुरा*।

नयराज पन्त २०६४
= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२७ पूर्णाङ्कका २५६-२५७ पृष्ठमा छापिएको *नयराज पन्तको, वि.सं. २००६ को टिपोटको एक अंश*।

नयराज पन्त २०६९
= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३५ पूर्णाङ्कका ४३१-४३५ पृष्ठमा छापिएको नयराज पन्तको, *वि.सं. १९९४-१९९९ को टिपोट*।

नयराज पन्त २०८०
= वि.सं. २०८० मा काठमाडौँबाट फाइनप्रिन्टद्वारा प्रकाशित, महेशराज पन्तद्वारा सम्पादित र अनूदित *राजा, राणा र काङ्ग्रेस- नयराज पन्तको डायरी (वि.सं. २००७ कार्तिक-२००७ चैत)*।

महेशराज पन्त २०८०
= वि.सं. २०८० मा काठमाडौँबाट फाइनप्रिन्टद्वारा प्रकाशित, महेशराज पन्तद्वारा सम्पादित र अनूदित *राजा, राणा र काङ्ग्रेस- नयराज पन्तको डायरी (वि.सं. २००७ कार्तिक-२००७ चैत)*मा छापिएको, महेशराज पन्तको उपोद्घात (१-५४ पृष्ठ) ।

-महेशराज पन्त]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भारतमा रहेको गोरखाली पल्टनको बाँडफाँडविषयमा ब्रिटेन, भारत र नेपालबीच छलफल

२००४ कार्तिक १८ गते

भारतमा रहेका गोरखाली पल्टनको भाग लाउने विषयमा अंग्रेजी र भारतीय दूतहरू काठमाड़ौ उत्री लैनमा बसी नेपाल सरकारसँग छलफल गर्ने भन्ने समाचार (गो.प)

२००४ कार्तिक २५ गते

निजहरूले राम्रोसँग कुरा मिलाई फर्के (गो.प)

भारत स्वतन्त्र भएको उत्सव मनाउन नेपालीहरूलाई निषेध

श्रावण ३१ गते भारत स्वतन्त्रता को उत्सव मनाउन विदेशी (भारतीय) हरूले पाएका थिए। नेपालीहरूलाई यस दिन केही गर्नुहुँदैन भन्ने सरकारी आज्ञा भएको थियो। सो उत्सव मनाउने नेपालीहरूलाई पुलिसले पक्रेको थियो। काठमाडौका केही मानिस पक्रिएका थिए। पाटनमा चाहिँ करिव पाँच हजार मानिसको भीडलाई पुलिसले पल्टनको साथ भई छ्यात्र व्यात्र पारी केही मानिसलाई पक्रेको थियो। तिनीहरूलाई काठमाडौठानामा राखेको थियो। मार्ग १० गते तिनीहरूलाई सदर जेलखानामा लगे। तिनीहरू २४ जना थिए रे।

भारतका पहिला राजदूत सुरजितसिंह मजिठिया (वि.सं. १९६९-२०५२)को आगमन

भारतका प्रथम राजदूत (विंग कम्याण्डर) सरदार सुर्जितसिंह मजिठिया अमृतसरबाट काठमाड़ौ आउन मार्ग ११ गते हिडी २१ गते काठमाड़ौ उत्रे। १९ तोपको सलामी निजले पाए। २२ गते विशाल नगर दरवारमा श्री ३ पद्मसँग उनले भेट गरे। यिनी द.क.ज. केसरको महलको उत्तर पश्चिम भाग (ठमेल काठ गोदाम)मा बसे

नेपालद्वारा भारतमा धानको निकासी

नेपालबाट विहार तथा पूर्ववंगाललाई २० लाख मन धान दिने भयो (सन्मार्ग)

मार्ग ५ गते विहारका खाद्य मन्त्री अनुग्रह नारायण सिंहको मातहतमा दूत मण्डल नेपालबाट निकासी हुन[1] धानको विषयमा छलफल गर्न काठमाडौ आयो। २७ गते सम्म सिंह दरवारमा छलफल गरी पौष १ गते श्री ५ को दर्शन गरी श्री ३ सँग बिदा भई पौष २ गते सो दूतमण्डल फर्क्यो।

ॐ रामपट्टको तक्मा श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११, राज्यकाल वि.सं. १९६८-२०११), श्री ३ पद्म (वि.सं. १९३९-२०१७, शासनकाल वि.सं. २००२-२००५) र कम्याण्डर इन चीफ मोहनशमशेर (वि.सं. १९४२-२०२३, शासनकाल वि.सं. २००५-२००७)द्वारा धारण

मार्ग २५ गते ३ बजे गद्दीवैठकमा श्री वडा गुरुज्यूले श्री ५ महाराजाधिराजलाई ॐ राम को तक्मा पहिराइयो। श्री ५ महाराजाधिराजबाट श्री ३ महाराज श्री चीफसाहेवलाई सोही तक्मा पहिराइयो

---

१. हुने हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भारतमा रहेको गोरखाली पल्टनको बाँडफाँडविषयमा ब्रिटेन, भारत र नेपालबीच सन्धि

२००४ चैत्रसम्म ब्रिटिशमा परेका गोरखाली पल्टन डिल्लीमा बस्ने अनि मलायामा जाने (गो.प. पौष १८)

मार्ग १८
गोरखा
पत्र

२००४ कार्तिक २४ गते काठमाडौमा नेपाल विलायत हिन्दुस्थान सरकारका प्रतिनिधिहरूका बीचमा गोरखाली पल्टनको वारेमा सम्झौता भई सहिछाप पऱ्यो

(१) गोरखाली अफिसर र सिपाहीहरूलाई विलायत र हिन्दुस्थानी फौजको नोकरीमा कायम राख्ने

(२) ब्रिटिश सरकारले आठ बटालियन गोरखाली फौज राख्ने। बढ्ता राख्नुपरे नेपाल सरकारसँग सल्लाह गर्ने

(३) दोस्रो, छैंटौं, सातौँ, दशौँ का गोरखाली जवानहरूलाई राजी वेराजी गराई ब्रिटिश फौजमा सार्ने। वेमञ्जूर भई नपुगेकामा हिन्दुस्थान सरकारले आफ्ना गोरखाली सिपाही सँग सोधपूछ गरी सर्नेलाई सर्न दिई मिलाइदिने

(४) हिन्दुस्थानमा ब्रितिश फौजका लागि गोरखाली जवान भर्ना गर्ने अर्को अखाडा नबनेसम्म अहिलेकै गोरखपुर, घूमका अखाडा काम लिन दिने।

(५) नेपालदेखि भारतका वन्दरगाहसम्म बीचमा चिठीपत्र माल ताल सरसामानहरू बाटो घाटोको प्रवन्ध हिन्दुस्थान सरकारले मिलाइ दिने

(६) भारतको तलव पाउने नियम बमोजिम गोरखालीहरूलाई तलव र विदेशमा गएकोमा भत्ता समेत ब्रिटिश सरकारले दिने

मार्ग २६ गते भारतीय व्यवस्थापिका सभामा प्रधान मन्त्री पं. जवाहरलाल नेहरूले– गोरखाली पल्टन भारतीय सेनामा राख्ने कुरामा ब्रिटिश नेपाल दुवै सरकारले सहयोग दिए। गोरखाली पल्टनमा भारतीय अफीसर भर्ना गर्न नेपाल सरकारको मञ्जुरी छ। योग्य गोरखालीहरूलाई अरू सरह नै तरक्की दिन हाम्रो पनि मञ्जुरी छ।

पौष १४ गते। नेपाल वेलायत हिन्दुस्थान तीन मुलुकको संमेलनमा हामीले जोर दिई गोरखालीहरूले कमिशन (अफीसरी) पाउने कुरो गरेका थियौँ। अहिले हाम्रो पालामा श्रीराम श्रीपशुपतिको अनुग्रहले सफल भयो। हिन्दुस्थानमा बसेका नेपालीहरूलाई कुनै ठाउँमा खुकुरी भिर्न रोकावट भएको थियो। तीन सरकारको संमेलनमा पनि खुकुरी भनेको हाम्रो जातीय र धार्मिक चिह्न यसमा प्रतिबन्ध लाग्नु हुन्न शर्त राखेकोले अव हिन्दुस्थान भित्र जहाँ पनि खुकुरी खुला रहनेछ

श्री ३ पद्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हिन्दुस्थानमा रहने गोरखाली पल्टन पहिलो, तेस्रो चौथौं, पाँचौ, रायल आठौँ, नवौ गोरखा राइफल जम्मा ६। अहिले सम्म भएका ७० भन्दा बढी गोरखाली अफिसर। श्री ३ जुद्धको पालामा पनि यसको कुरो उठेथ्यो, तर सफल भएन। अहिले सफल भयो।

भारतीय राजदूत सुरजितसिंह मजिठियाद्वारा प्रमाणपत्र पेश

मार्ग २५ गते ३।४० बजे दिनको भारत उपनिवेश (इण्डिया डोमिनियन) बाट आएका प्रधानदूत (एम्ब्यासेडर) सरदार सुर्जितसिंह मजिठिया शाही वग्गीमा गद्दी वैठकमा पुगे। मजिठियाले फेटा सेरवानी सुरुवाल लाएका थिए। उन को उमेर ३५ वर्षको थियो। उनकी पत्नी केही अगाडि सभामा पुगेकी थिइन्–

नयाँ पहिला दूत सरदार मजिठियाले आफ्नो प्रमाण पत्र श्री ५ महाराजाधिराज लाई चढाए। श्री ५ महाराजाधिराजका तर्फबाट श्री चीफ साहेव बाट नेपालीमा भाषण भयो। सरदारले हिन्दीमा भाषण गरे। श्री ३ को भाषण नेपालीमा भयो। जवाफमा सरदारले पनि नेपालीमै भाषण गरे। ४ वजे पान फूल भई सभा सिद्धियो। श्री ३ ले उनलाई सवारीसम्म पुऱ्याए।

सरदारको भाषणको सार– पञ्जाव केशरी महाराज रणजीतसिंह का रानी जिन्ना लाई श्री ३ महाराज जङ्ग वहादुरले आश्रय दिएको कुराको प्रेमलाई बढाउँदै लाने उद्योग म गर्नेछु।

वीर गोरखालीलाई भारतीय पल्टनमा भर्ना गर्ने अनुमति दिएकोले मित्रता झन् बढ्दै जाने छ।

नेपाल र भारत मिली पूर्वीय महाद्वीपका बलियो राष्ट्र वनाउने आशा छ।

पञ्जाव र पश्चिमोत्तर प्रान्तबाट पीडित हिन्दुस्थानी लाई उद्धार गर्न गोरखाली सिपाहीले गरेको काममा हिन्द निवासी मुख्य गरेर पञ्जाव निवासीबाट कृतज्ञता प्रकट गर्छु।

न्याय शान्ति बाट सवै तिर कल्याण हुन्छ।

श्री ५ को भाषणको सार– हाम्रा प्रजाले भातृभूमिको[२] निमित्त झै भारतको निम्ति पनि ज्यान दिएर लड्नेछन्।

श्री ३ को भाषणको सार– नेपाल र भारतको मित्रता उहिलेदेखिको हो। त्यसलाई बढाउँदै लैजाने भित्री भाव हाम्रो छ।

यी सरदार हिन्द सरकारबाट मासिक वेतन २२५०, प्रतिनिधि भत्ता मासिक ७५०, निःशुल्क घर, मोटर पाउँछन्। मोटर ड्राइभरको खर्च आफै गर्नुपर्छ। दूतावासको वार्षिक खर्च ५२००० अनुमान गरेको (गो.प पौष १)

सरदारको प्रत्युत्तरको सार– जिन्नालाई सहायता दिन आँट गर्ने त्यस वेला एशिया भरमा जङ्ग वहादुर मात्र हुनुहुन्थ्यो। गुन चिन्ने सीखहरू केही गरे पनि यो कुरा विर्सन सक्तैनन्। नेपाली सँग को मित्रता बढाउँदै लैजाने हाम्रो भाव छ। श्री ३ को साँच्चिकै उदारता तथा विद्वत्ता रहेछ।

---

२. **मातृभूमिको** हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इलाहाबादविश्वविद्यालयको खुलेको ६० वर्ष पुगेको उत्सवमा श्री ३ पद्मलाई डक्टर अफ लको उपाधि

मङ्सीर २९ गते इलाहावाद विश्वविद्यालयको हीरक जयन्तीमा संयुक्तप्रान्तका गवर्नर सरोजिनी नायडूले जवाहरलाल आदि ४ जनालाई डाक्टर आफ साइन्स तथा श्री ३ महाराज पद्म आदि ६ जनालाई डाक्टर आफ ल (ऐन) पदवी दिइन्। श्री ३ बाट चन्दा रूप २ लाख गएको थियो भन्ने सुनिएको थियो।

घरघरमा खपत हुने अन्नको आँकडा राख्न सरकारको प्रयास

मार्ग २५ गतेतिर 'घरमा कति जहान छन्, कति अन्न आउँछ, नपुगे कति पुग्दैन, बढ्ता भए कति कहाँ कुन भाउले बेच्ने गरेको छ' आजका ३५ दिनभित्र खाद्य परिषद्मा दरखास्त दिनु भन्ने इस्तिहार

सिंहशमशेर (वि.सं. १९५०-२०२४) भारतमा राजदूत नियुक्त

पौष ३ गते क.ज सिंहशमशेर भारतस्थित नेपाली एम्ब्यासेडर पदमा नियुक्त भई गए। उनको साथमा ले.क गेहेन्द[3] शमशेर थापा, क.प सिंह बहादुर सिंह वस्न्यात, फर्स्ट सेक्रेटरी प्रेम नरसिंङ प्रधान।

पौष १० गते सिंह शमशेरले भारतका प्रधानमन्त्री पं नेहरूसँग भेट गरे।

नेपालको वैधानिक कानूनको निर्माण

सुधारसमितिको नयाँ विधानमा सुधारसमितिले तयार गरेको विधानमा कम्याण्डर इन चीफ, प.क.ज, द.क.ज, उ.क.ज, ले.ज शङ्कर, मे.ज. वसन्तहरूले छल फल गरी ठेगान भएपछि हिन्दुस्थान बाट जानिफकार डा. रामउग्रसिंह लाई भिकाई उनी सँग सल्लाह लिने काम भयो। सो नयाँ विधानलाई चाहिने विविध प्रकारका नियमावली निज रामउग्र सिंहले केही बनाइसके, केही यता बाट गई हिन्दुस्थान पुगी उतैबाट बनाई पठाउने भएका छन्। यो कामलाई एक महीना जति लाग्ने भएकोले माघ १३ गते सोमवार नयाँ विधान घोषणा हुने भएको छ भन्ने श्री ३ पद्मको पौष ११ गतेको घाषणा[4]।

ज्ञानेन्द्रवीरविक्रम (वि.सं. २००४ मा जन्म, राज्यकाल वि.सं. २००७, २०५८-२०६५)को अन्नप्राशन

पौष १४ गते सोमवार मकर लग्नमा श्री ५ का द्वितीय पौत्रको अन्नप्राशन। काठमाडौ गणेशमा दर्शन गर्न ल्याए।

त्रिचन्द्र कलेजमा बीएस्.सीको पढाइ शुरू

२००४

पौष १९ गते श्री ३ पद्मको जन्मोत्सवको दिन त्रिचन्द्र कलेज मा वी एस् सी को क्लास खुल्यो।

---

३. गेहेन्द्र हुनुपर्ने।

४. घोषणा हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूरा सामान छैन ता पनि पुगे सम्मबाट यो खुलेको भन्ने डा.ज. मृगेन्द्रको भाषणको सार

वि.सं. १९७५ (ई.सं १९१८) मा कलेज श्री ३ चन्द्रबाट खुल्यो

१९७७ (१९२०) मा विज्ञानको पढाइ सुरु

सुरुमा ३ लडाका[५] (विज्ञानमा)

१९८९ मा ४ जना लडाका[५] चाँच[६] दिने

१९९९ मा १० जना "

२००४ मा ३६ "

अहिले प्रथम वर्षमा ७५

द्वितीय वर्षमा ५०

उहिले १९७७ मा एक अध्यापक, एक प्रदर्शक

१९९४ मा एक जना थपिए

अहिले वीस्सी[७] जाने विद्यार्थी १२

शुरुमा एउटा प्रयोगशाला

१९९६ एउटा थपियो

अब विषय श्रेणी पिछे वेग्लावेग्लै हुने ।

श्री ३ पद्मको ६६ वर्षप्रवेशको अवसरमा पारितोषिक बाँडियो र वन्दिमोचन भयो

पौष १९ गते श्री ३ पद्मको ६६ वर्ष प्रवेशको जन्मोत्सवमा जनरल कृष्णले ॐ राम पाए । तारोमा पहिला कालीवहादुरले भोजलाई ३०० रुपियाँ पायो ।

क प घनशमशेर ज.वारा लाई ४०० थप.

यस्तै अरू ३ जना (१ राणा, २ शाह)लाई थप.

तारो हान्ने पहिला दोस्रा तेस्रा सिपाहीलाई पनि १०,२० इनाम.

३ जना लम्बरी, २ जनालाई लम्बरी थप.

पौष २० गते घरेलु इलममा जङ्गीका तालिम पाएका लुगा बुन्नेहरू १२ जना जतिले श्री ३ पद्म बाट २० देखि ११५ सम्मको पुरस्कार पाए (डा.ज. ब्रह्म)

---

५. **लडका** हुनुपर्ने । ६. **जाँच** हुनुपर्ने ।

७. **बीएस्सी** हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ३ को जन्मोत्सवमा १२८ कैदि २६ कैदिनी समेत जम्मा १५४ सदर जेलबाट छुटे (जेल मा बुझ्न गए का ले.ज. मदन, मेज वसन्त)

आषाढमा श्री ५ को जन्मोत्सवमा २५५ छुटेका थिए ।

पोताला लामा केरुङ्का धेवासमेत नेपालसरकारलाई कोसेली चढाउन आउँदैछन् भन्ने खबर

भोटबाट भोटे राजा (पोटला लामा) केरुङ्का ढेवालेली ४०, ४५ जवान सहित च्याङ्गा घोडा लिई नेपाल सरकार चढाउन भनी भने आएका छन् भन्ने पौष १२ गतेको रसुवाको खवर

नयाँ नेपाली नोट बजारमा

पौषमा १५ लाखको नयाँ नेपाली नोट फेरि निस्क्यो

श्री ३ पद्मबाट बर्माका पहिला राष्ट्रपति साओ श्वे थेक (वि.सं. १९५२-२०१९)लाई बधाई

पौष २० गते वर्मालाई अंग्रेजहरूले छाड्दा वर्माका पहिला राष्ट्रपति साओ श्वे थेकलाई श्री ३ पद्मको अभिनन्दनको तार गयो ।

सीता महारानीबाट सीतामहलको परित्याग

पौष २८ गते दिनको २।४१ बज्दा श्री ३ भीमका कान्छा वडा महारानी सीता महारानी (भोगिनी) आफ्ना दरवार सीता महलबाट मधेश गइन् । उनको साथमा मे.ज वसन्त (पद्मपुत्र) उनी काशीवास गएकी भनी कुनै भन्छन् । कुनै जनक पुर वास गएकी भनी भन्छन् । उनको सानवान मा धोवी पर्यन्त गएको थियो ।

प्रतिभरियाको दस्तूर मोरु ।२५

भरियाले भारीको धनीलाई छकाउन नपाओस् भनी चिसापानीगढी सरह बुटवल तर्फ पनि २००४ साल देखि ठेक्का बन्दोवस्त भयो । प्रतिभरियाको दस्तूर मोरु ।२५

श्री ३ पद्मको सन्देश

२००४ माघ ६ गतेको श्री ३ पद्मको सन्देश ।[८]

मैले जागीर खाएको ४८ वर्ष भयो मैले नेपाल राज्यको प्राइम्मिनिष्टरी वोकेको २ वर्ष भन्दा केही बढी भयो पोहोरको साल वेरामि भए देखि रक्तचाप बढेकोले राम्ररी काम गर्न सकिनँ भाई कम्याण्डर इनचिफले सबै काम गरिदिएका छन् केही खास काम मात्र म हेर्दछु. माघ १३ गते सुधारको योजना सुनाई हिन्दुस्थानतिर औषधि गर्न जाने विचार गरेको छु. वहां गई औषधि गर्दा ३,४ महीनासम्म पनि निको नभए प्राइम्मिनिष्टरी छोड्ने विचार गरेको छु. छोरी नातिनीहरूलाई शिक्षा दिनुपर्ने हुनाले सपरिवार जान्छु. श्री ३ चन्द्रको पनि काशी जाने विचार थियो स्वर्गवास हुंदा पुगेन. राजर्षिको पनि राजा भएको ५,७-वर्षपछि त्यागको इच्छा थियो द्वितीय महायुद्धले गर्दा सो सिद्धिएपछि मात्र इच्छा पुग्यो जङ्गि तर्फको ६० वर्षको हद्

---

८. यतादेखि २००४ फाल्गुन ४ गतेको श्री ३ पद्मको विशाल नगरको भाषणसम्म रामजी तेवारीको हस्ताक्षरमा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजर्षि वाट भएकोमा मेरो पनि सहमति थियो. ६५ वर्षमा रोगी भएर पनि देशको पैसा खानु मलाई असल लागेन. ६६ वर्ष पनि लागें आत्मा परमार्थ सुधार्ने वेला भयो यसैले रोग लागेको पनि एक तरहले जाति नै भयो. श्रीरामको पाउमा मन निश्चल गर्न पाउने भयें

विष्णुशमशेर (वि.सं. १९६३-२००२)को इच्छापत्र १ जना मुसलमानको नाउँमा

न्युप्रमिडेंस[९]को पश्चिम भाग नस्साउमा मरेका मे.ज. (भूत पूर्व) विष्णु संसेरले आफ्नो इच्छा पत्र वम्वमको हात्तिम अत्तारी मुशलमानलाई लेखिदिएका रहेछन्.

नेपालको वैधानिक कानूनको घोषणा

२००४ माघ १३ गते विशाल नगर दरवारमा सुनका तोडा सम्म सामेल थिए हिन्दका राजदूत र व्रिटेनका राजदूतको पहिला उपस्थापक पनि आएका थिए २ बजे श्री ३ पद्मको भाषण भयो, विधान ज. मृगेन्द्रले सुनाए. ३-८ मा सबै सिद्धियो.

श्री ३ पद्मको भाषण– नेपालमा वरावर हलचल भई रहेकोले राज्य डुव्न लाग्यो भनि दुनियां भारादार सरकारले राणाजीलाई अहिले चलेको स्थिति चलाइ राज्यको अभिभारा सुम्पेको हो. राणाजीको हातमा राज्यको हुकुम आएको शय वर्ष नाघ्यो, देशको शान्ति र चीन र अंग्रेजवाट नेपालको स्वातन्त्र्य रक्षा कायम राखेको राणाजीले नै हो, सरकारलाई शिरमा दुनियांलाई काखमा राखि हिन्दु वैधानिक नियम वमोजिं हामीले काम चलाई आएका छौं, १९०८ सालमा वसन्तपुरमा वेलायति पार्लिमेण्टरी चलाउन खोजेको हो. दुनियांहरूले वहुनायक भई नेपाल विग्रेथ्यो अब फेरि उस्तै हुन लाग्यो भनि स्पष्ट नामञ्जुर देखाएकोले सो छोड्नुपर्‍यो, १९७५ सालमा पनि सोहि मुराद लि पहिलो खुड्किलो लि म्युनिसिपलिटीको निर्वाचन गर्न लाग्दा मेल मिलाप भई रहेको सहरमा साम्प्रदायिक झगडा उठ्न लागेकोले सो कुरा छोडी सरकार वाटै प्रतिनिधि खडा गराउनु पर्‍यो, २००३ फाल्गुन २ गते सुधारको सूचना तिमीहरूलाई मैले दिएको हुं, सोहि साल पौष देखि नै ३० वर्ष नाघेका रोलवाला राणाजी हरूको राय वुझ्न लागेको थियें, उनीहरूले मलाई सहायता दिए, त्यसपछि अरू भाई भारादार लाई सोध्ने काम भयो. उनीहरूले केही त गर्नु पर्ला तर हामी ४ वर्ण ३६ जात छौं, स्थिति नखल्वलिने गरी विस्तारै विस्तारै गर्नुपर्ला भन्ने राय दिए. यी सवै कुरा विचार गर्न २००४ वैशाखको सुरुमा सुधार समिति खडा भयो. त्यहांका सदस्यहरूले छलफल गरी हिन्दुस्थानबाट आएका विशेषज्ञको राय लिए. विशेषज्ञले ठाउं ठाउंका पुस्तकालय वाट पनि मद्दत लिये. साम्य वाद राज तन्त्र, एकाधिपत्य वरावर चलिरहेकै छन्. येही असल भन्ने केही टुङ्गो लागेको छैन जताबाट. दुनियांको फायदा हुन्छ. त्यही असल हो. दुनियांका प्रमुख राष्ट्रहरूमा जस्तो मौलिक हक् छ हामीले पनि उस्तै गरेका छौं. हाम्रो ऐनमा रहेको यस विषयको कम्ति पूरा गराइएको छ. धर्ममा खल्वल नपर्ने गरी हिन्दुस्थान र अरु उन्नत देश सरह गराइएको छ. मन्त्रीमण्डल खडा गरी त्यसमा निर्वाचित प्रतिनिधिलाई समेत स्थान दिएकोछ. शासन समिति समेत खडा गरीएको छ. केन्द्रीय सभाको लागि हाम्रो मौलिक योजना छ. पाश्चात्य चुनावलाई

---

९. **न्यू प्रोभिडेन्स** हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रो परम्परा देखिको पञ्चायतमा ढालिएको छ. उमेर पुगेका सबै लाई चुनावको हक दिएको छ. तर यसमा अशान्ति मच्चाउने हुनाले दल वन्दि हुन सरकारले दिने छैन. केन्द्रमा दुई सभा हुने छन् विशेष स्वार्थको लागि यो आवश्यक छ. यसको अधिकार हिन्दुस्थानको विक्रम संवत् १९९२ को विधान वमोजिमको छ. मुलुकको आम्दानिमा धेरैलाई भ्रम परेको छ. अव व्यवस्थापक सभाको भित्रमा पर्न गएकोले सो भ्रम हट्ला. स्थितिमा खल्वल पर्न जाने भएमा नया विधान खिच्ने अधिकार प्राइम्मिनिष्टरमा रहनेछ. हाम्रो पुरानो पञ्चायतलाई न्यायको जग वाँधिएकोछ. कार्य कारणी देखि न्याय विभाग छुट्टै राखिएकोछ. न्यायाधीशहरु हदको उमेर सम्म व्यवस्थापकसभाले दोषी नठहराउञ्जेल आफ्नो पदमा वहाल रहने र उनको तलवमा पनि जथाभावि घटबढ न हुने भएकोछ. यस विधानको फल हेरि पछि यसमा फेर फार गर्नुपर्ने देखिए फेर फार पनि गरिने छ. थुनामा परेकाहरूमा कम दोष देखिएका छुटे. अरुका हकमा उनका सह योगी हरूले भारतको १९९९ सालको विद्रोह जस्तै गरुला भन्ने धमकि दिएकाले भाइहरूको सल्लाहले छोड्न सकिंन. यो विधान राम्ररी चल्न अलि वर्ष लाग्ला मेरो त उमेर पनि पुग्यो रोगी पनि भयें भाईहरू वाट यसको विकाश समेत हुनेछ.

केसरशमशेर (वि.सं. १९४८-२०२१) अमेरिकामा राजदूत नियुक्त

बेलायतमा नेपाली राजदूत भई बसेका पू.क.ज. केशर फाल्गुनमा अमेरीकामा नेपाली राजदूत भई जाने

सवा लाख भारतीय रुपियाँको भाग्ययुद्ध चिठ्ठा

२००४ साल माघ १५ गते कंरु १२५००० को भाग्य युद्ध चिठ्ठा खुल्यो ।

भारतबाट नेपालखाल्डोमा आउने नूनको परिमाण

भारतवाट नेपाल खाल्डो भित्र २००४ सालमा आउने नून मन १२२०००

मोहनदास करमचन्द गान्धी (वि.सं. १९२६-२००४)को वधको नेपालमा प्रभाव

२००४ मा १७ गते बेलुका ५ बजे प्रार्थनाको वेलामा गोली लागि मरेका महात्मा भनि प्रख्यात भएका मोहनदास करमचन्द गांधिको विछोडको दुःखमा काठमाडौं पाटन [10]का वजारमा प्रायः हडताल रह्यो । सम्भवत: यो हडताल नेपालमा भएको सबभन्दा पहिलो हडताल हो. बेलुका ३ वजे हिन्द दूतावासवाट मारवाडी व्यापारीहरूले खटमा गांधिको तसवीर राखि पशुपति तिर जुलुसको रुपमा लगे. यस जुलुसमा मुशलमानहरू सरिक थिएनन्. नेपालि पुलिस र सिंपाहिहरू खटिएका थिए.

श्री ३ पद्मबाट हिन्द दूतावासमा गई मजिठासंग गांधिको मृत्युमा अपशोच र २५ वर्ष देखि लागेको गांधिलाई भेट्ने मेरो इच्छा पूर्ण भएन भन्ने कुरा भयो. हिन्द सरकारमा सहानुभूतिको तार पनि गयो.

गांधिको मृत्यु शोक वीरगञ्जमा पनि मनाए.

माघ १८ गते शनिवार परेकोले १९ गते बिदा भयो.

---

१०. काठमाडौँ र पाटनबाहेक अन्त पनि हडताल भएकोले त्यस ठाउँको नाउँ खुलाउन ठाउँ छोडिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ३ जुद्ध (वि.सं. १९३२-२००९, शासनकाल वि.सं. १९८९-२००२) पाल्पा आए

माघ ३ गते श्री जुद्ध अर्गेली दरवारबाट पाल्पा आए.

गान्धीहत्या हुँदा श्री ३ पद्मले पठाएको समवेदना जवाहरलाल नेहरू(वि.सं. १९४६-२०२१, शासनकाल वि.सं. २००४-२०२१)द्वारा ग्रहण

हिन्दका प्रधानमन्त्री नेहरूले माघ २३ गते हाम्रो दुःखमा हाम्रा सहयोगी छिमेकी राष्ट्रले समेत दुःख मनाएकोले हाम्रो दुःख केही हलुको भएको छ. भन्ने भावको तार श्री ३ पद्म कहां पठाए.

गान्धीको शुद्धशान्तिमा भारतीय दूतावासले गरीबगुरुवालाई भोजन गराउने कार्यमा श्री ३ पद्मको चन्दा

माघ २९ गते गांधिको शुद्ध शान्तिको दिन हिन्द दूतावासमा मजिठियाको रेखदेखमा गरीव भोज दिनालाई चन्दा उठाइयो.

श्री ३ पद्म, रानी, पुत्र मेज नरेन्द[११], छोरी १ नातिनी ३ बाट समेत चन्दा जम्मा मोरु ९०५।

श्रीलङ्का स्वतन्त्र हुँदा भएको उत्सवको निम्तो मान्न दिल्लीको दूतावासका काउन्सेलर गेहेन्द्रशमशेर थापा गए

२००४ साल माघ २३ गते सिंहल (लङ्का)ले वृटीश राष्ट्रसङ्घ भित्र रहि स्वतन्त्रता पाएकोले सो उत्सवमा नेपाललाई निम्तो आएको थियो. श्री ३ पद्मबाट हाम्रो सांस्कृतिक सम्वन्ध झन् बलियो हुंदै जानेछ. भन्ने भावको तार सिंहलका प्रधानमन्त्री सेना नायके कहां गयो. डिल्लीका नेपाली दूतावासका काउन्सेलर पदमा रहेका ले.क. गेहेन्द्र संसेरथापा एन्भ्वायका हैसियतमा सो उत्सवमा सामेल हुन माघ २६ गते सिंहल गए.

बौद्ध तीर्थको दर्शन गर्न सोह्रौँ अवतारी लामाको काठमाडौँयात्रा

सोह्रौ अवतारि लामा आफना ४० जना अनुयायीहरूका साथमा चिसा पानी गढीको वाटो काठमाडौ उत्रि, वौद्ध तीर्थहरूको दर्शन गरी २००४ साल माघ १६ गते चिसापानीको बाटो फर्के.

सुखीमका राजाका भाइको काठमाडौँयात्रा

सुखिमका राजाका भाई पनि २००४ साल माघमा नेपाल कांठमाडौं उत्री घुमी फर्के.

गान्धीको शुद्धशान्तिमा भारतीय दूतावासद्वारा १३३८६ गरीबगुरुवालाई भोजन

गांधिको शुद्ध शान्तिको दिन गरीव लाई भोजन गराउने भनेकोमा सो दिन नगरी भोलिपल्ट माघ ३० गते अस्थु सेलाएको दिन लैनभित्र पट्टि हिन्द दूतावास कार्यालयमा आए जति १३३८६ गरीवलाई चिउरा शखर,

---

११. नरेन्द्र हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आलु अलिकता मिठाइ पेट भरि खुवाइयो । वहाँ होम भजन पनि भएको थियो । सपरिवार क.इ.बाट ८०० । सपरिवार प.क.ज.बाट ८०० । यस्तै गरीनिकै नेपालीहरूबाट चन्दा गएको थियो भोज खुवाउने प्रवन्ध गर्न २०० पुलिस खटिएका थिए. शहरमा गान्धि जिन्नावाद कराउँदै १ हुल हिंडेको थियो

लर्ड माउन्टबेटन (वि.सं १९५७-२०३६)की छोरीको नेपालयात्रा

हिन्दका गवर्नर जनरल लर्ड माउण्ट वेटनकी कान्छी छोरी माघ ३० गते नेपाल घुम्न काठमाडौं उत्रिन्.

नेपालखाल्डोमा नगरप्रतिनिधिको चुनाब

२१ वर्ष नाघेका लोग्नेमानिसले छन्दक (वोट) दिन पाउने २५ वर्ष नाघेको प्रतिनिधि हुन खडा हुन पाउने । काठमाडौंमा २१ कुली पाटनमा १० भादगाउंमा ७ । श्री ३ को २००४ साल ज्येष्ठ ३ गतेको भाषण वमोजिम २००४ साल ज्येष्ठ २४ गतेको इस्तिहार वमोजिम काठमाडौंको नगर (म्युनिसिपल) चुनाव भयो । २००४ साल फाल्गुन ६ गते पाटन र भादगाऊंको भयो ।

पाटनको सीमाना उत्तर त्रिपुरेश्वरको पुल, शङ्खमूलको पुल, च्यासल, दक्षिण ७ दोवाटो, नखु खोला, राज कुलो, पूर्व मोतिटार जाने त्यागल पुलको सिमानानेर को लुकुसी ढल, पश्चिम कीर्तिपुर जाने वाग्मतीको फलामे पुल

भादगाउँको सीमाना उत्तर कालीघाट, दक्षिण मङ्गलघाट, पूर्व व्रह्मायणी घाट, पश्चिम खासाङ् खुसुङ्को पुल,

श्री ३ पद्म भारतीय सेनाको अवैतनिक लेफटेण्ट जनरल

हिन्द सरकारवाट श्री ३ पद्मलाई भारतीय सेनाको अवैतनिक लेफटेण्ट जनरल २००४ साल फाल्गुन ३ गते आयो

श्री ३ पद्मबाट पारितोषिकवितरण

२००४ फाल्गुन ३ गते विशाल नगर दरवारमा श्री ३ पद्म वाट वांडिएको–

नेपालतारा

पहिला दर्जा

श्री मे.ज. शूर शम्सेर —— १

श्री मे.ज. मृगेन्द्र शम्सेर —— १

श्री मे.ज. शारदा शम्सेर —— १

श्री मे.ज. विजय शम्सेर —— १-चौसल्ला पनि

दोश्रा दर्जा

श्री मे.ज. शान्त शम्सेर —— १

श्री मे.ज. नरेन्द्र शम्सेर —— १

तेस्रो दर्जा

श्री ले.क सोम शम्सेर —— १

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रि-शक्ति

पहिला दर्जा

श्री ले.ज एक राज शम्सेर १ -भूकम्प तक्मा पनि.

दोस्रा दर्जा

वडा काजी रत्नमान १

तेस्रा दर्जा

स. गुञ्जमान १

स. नगेन्द्र मान १

स. सोम प्रसाद १

स. नरेन्द[१२] मणि १

स. रुद्रराज पांडे १

स. मानिक लाल १

चौथा दर्जा

ले.क. पुण्य वहादुर कार्कि १

डाक्टर सिद्ध[१३] मणि आ.दि. १

गो.द.वा.

पहिला दर्जा

श्री मे.ज. वसन्त शम्सेर १

श्री.ले.क. सुवर्ण शम्सेर १

श्री मे.ज. सुवर्ण शम्सेर १

तेस्रा दर्जा

ले.क. खड्ग नरसिङ् राणा १

श्री क. ध्रुव शम्सेर जं.वा.रा.लाई मे.ज.

चौथा दर्जा

क. मुकुन्द वहादुर बस्नेत १

ले.क. सूर्यजङ्ग थापा १

मि.सु. विश्व मणि आ.दि १

मे.क. वेद वहादुर सिलवाल १

क.प. अम्वर वहादुर थापा १

क.प. गिरिराजथापा १

दोसल्ला

प्रोफेसर रत्नवहादुर विष्टलाई मोरु २५०। को

प्रोफेसर कुलनाथलाइ मोरु २५०। को

माष्टर नेत्र वहादुरलाई मोरु १००। को

माष्टर तारामानलाई मोरु १००। को

---

१२. नरेन्द्र हुनुपर्ने ।

१३. सिद्धि हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ३ पद्मको विशालनगरभाषण

२००४ फाल्गुन ४ गतेको श्री ३ पद्मको विशाल नगरको भाषण–
पौष देखि ६६ वर्ष लागें मैले यस मुलुकको काम गरेको ४८ वर्ष भयो १७ वर्ष देखि काम गर्न थालेको हुं. कम्याण्डिङ् जनरल भई वाटो, रोप, रेल, विजुलीको काम गरेको हुं, संवत् १९७१-१९७५ को महायुद्धमा कावुलको लडाइमा गएं १९९० सालको भूकम्पमा काम गरें । त्यसपछि ११ वर्ष मुख्त्यार भएं २००२ मार्गमा प्राइम्मिनिष्टर भएं वैधानिक सुधारको घोषणा भयो वेलायतमा हाम्रो लिगेसन एम्व्यासि भयो । हिन्दुस्थानमा पनि एम्व्यासि रह्यो । अमेरिका संग मैत्रीको सन्धिपत्र भई राजदूत विनिमय भयो । चीन र लङ्का संग मैत्री सम्वन्ध भयो । गोरखा पल्टन, व्रिटिश र हिन्दुस्थानी दुवै फौजमा रहने भई हाम्रा जवानले कमिशन समेत पाउने भए । गएका लडाइमा हिन्दुस्थान गएका हाम्रा जवानलाई हिन्दुस्थान सरकारबाट पारितोषिक आउने भएको छ । आएपछि वांडिने छ । मेरो पालामा जङ्गि निजामतिमा रु १३८७५५२। थप भयो । राष्ट्रको अरु काममा मैले मोरु २२५००००। थप दिएं । खर्च गरी आम्दानिमा धेरै वचत रहदैंन । नयां विधान अनुसार प्रकाश हुने आय व्यय विवर्णवाट यो कुरो थाहा पाइनेछ । निजामति जङ्गि दुवै विभागको सर्वोच्च अधिकारी श्री ३ को पद पुरानो स्थिति वमोजिम चल्दछ । यसमा कुनै उमेरको हदको कुरो छैन । मलाइ रोग लागेको छ. । पोहोर त साह्रै पनि भएं । रक्त चाप बढेको छ. महात्मा गांधिको हत्या सुन्दा रोग झन् बढ्यो । उनि प्रति मैले श्रद्धा गर्न लागेको २५ वर्ष पनि नाघ्यो । ४,५ महीना यता देखि केही खास काम देखि वाहेक अरु सवै मेरो काम भाइ कम्याण्डर इनचिफले हेरी रहेका छन् । नयां विधान भाईहरूको सल्लह समेत लिवनेको हो । मेरा भाईहरू योग्य छन् । उनीहरू वाट देशको उन्नति हुंदै जाने छ. । म हिन्दुस्थान गई. ५,६ महीना औषधि गराउंछु. । ५,६ महीनाभित्र निको भए फेरि भेट होला । नभए राज्यको अभिभारा छोडि ईश्वरको भजन गर्ने मेरो विचार छ । यसमा तिमीहरूले मलाई आशीर्वाद दिए ।

भाषण पछि. पोहोर जेलमा परेका अस्पृश्योद्धारकहरू र श्रावण ३१ गते भारत स्वातन्त्र्यको उत्सवमा परेका तुलसीमेहर हरू पनि नसीहद दि छोडिए । सर्दार मजिठिया पनि त्यहां उपस्थित थिए ।

नेपाल एशियाई परिषत्को स्थापना

फाल्गुन ६ गते नेपाल व्याङ्क घरमा नेपाल एशियाई परिषद् भयो । आएका सदस्य–

मे.ज. विजय शमशेर (अध्यक्ष)

ले.क खड्ग नरसिंह राणा (अध्यक्ष अवैतनिक

सरदार नरेन्द्रमणि आ.दी (सेक्रेटरी कोशाध्यक्ष)

ले.क शोभा जङ्ग थापा

सरदार मानिक लाल

सरदार गुञ्जमानसिह[१४]

---

१४. सिंह हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सरदार नगेन्द्रमान सिंह

मि.सु जनकराज

पं. लेखनाथ

डा. सिद्धिमणि आ.दी

कुमारदास श्रेष्ठ. सेक्रेटरी

अध्यक्षको भाषण

पोहोर दिल्लीमा संसारको काम कारवाईहरूको भारतीय परिषद्को देखरेखमा भएको अन्तर एशियाई संमेलनमा हाम्रो देशका ८ जना सदस्य मेरो मातहतमा गएका । त्यहाँ गएका सवैले आफ्नो देशमा पनि एशियाई सम्वन्ध परिषद् स्थापना गर्नुपर्छ भन्ने निधो भएको ले यो परिषद् स्थापना भई आज खोलियो । श्री ५, श्री ३ संरक्षक, क.इ., मान्य सभापति, प क.ज. मान्य उपसभापति, भइबक्सेका ले हाम्रो काम राम्रोसँग चल्ला

सपरिवार श्री ३ पद्मको भारतप्रस्थान

फाल्गुन ८ गते वेहान ८।३१ मा श्री ३ पद्मको सपरिवार भारत सवारी । औषधिनिमित्त
टुडिखेलमा सुवेदार, नायव राइटार सम्म सामेल । टुडिखेलमा प.क.ज. आदि सवैले जय जयकार
सवारी अगाडि ४ लहरी हतियार वन्द सिपाही सवारी पछाडि ४ लहरी हतियार वन्द सिपाही
रुँदै श्री ३ को प्रस्थान ।

श्री ३ का हजुरियाहरू

२००२ मार्ग १४ गतेदेखि २००४ श्रावण तक द क.ज वहादुर बा उनका पुत्र मे.ज. नर हजुरिया.
२००४ श्रावण देखि. ऐ. मार्ग तक. ले.ज कृष्ण हजुरिया
मार्ग देखि ले.ज. एक राज हजुरिया

श्री ३ पद्मसँग भारत जाने जर्नेलहरू

सवारी साथ

ले.ज. एक राज

मे.ज शूर.

मे.ज मृगेन्द्र

मे.ज नर

मे.ज. विजय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मे.ज. शान्त (जुद्धका कान्छा महारानी तर्फ का पुत्र)

मे.ज नरेन्द्र (पद्मका अविवाहिता तर्फका पुत्र)

श्री ३ बाट तक्मावितरण

यसै दिन श्री ३ पद्मबाट

ले.ज शङ्करलाई पहिला दर्जाको त्रिशक्तिपट्ट

ले.ज. मदनलाई पहिला दर्जाको गो.द.वा.

श्री ५ त्रिभुवनकी जेठी छोरी त्रैलोक्यराज्यलक्ष्मी (वि.सं. १९७९-२०४६)को विवाह

फाल्गुन ११ गते राजपूताना सिकरका राजकुमार हरदयाल आफ्ना सानवान २०० जवान तथा

का[१५] साथ काठमाडौ उत्रे ।

१३-१४ गते श्री ५ त्रिभुवनका जेठा छोरी (२६ वर्षकी) राजकुमारीसँग राजकुमारको बिहे भयो ।

सिंह दरवारमा दुलहा, नारायणहिटीमा दुलही

नौसिन्दा सम्म र २४ पल्टन सामेल । घ्याम्पो आतस बाजी, नौ घोळे वग्गी, ७ जति हाती । ४ ढोका बनेका ।

दुलही पुऱ्याउन श्री ५ पर्यन्त गए । हिन्द व्रिटिश दूत पनि ।

बेलुका ५ बजे जन्ती आएको दुलही लगेको ।

रातको ३ बजे करिव धनुलग्नको विहे ।

आफ्ना नोकर चाकर लाई लुगा दोसल्ला । गल्लीमा तमासा हेर्नेको घुइँचो । धूलो र पुलिसका दुर्वाच्यको वर्षा ।

पौषमा तिलक दिन नेपाली दूत सिकरमा गएका । डेढ लाख जति तिलक खर्च ।

३४-३५ का जुँगा कट्टू ४ हात अग्ला । काला दुलहा । निज को दोस्रो विहे रे ।

दुलहाका साथ प्रतापगढका महाराज पनि आएका थिए । निज १७ गते गए । निजको सलामी १५ तोप ।

१५ गते राती आतसबाजी ।

भारततिर लागेका श्री ३ पद्मबाट

क.इ. मोहन (वि.सं. १९४२-२०२३, शासनकाल वि.सं. २००५-२००७)लाई वीरगञ्जबाट फोन

वीरगञ्जमा ४ दिन बसी श्री ३ पद्मको हिन्दुस्थान प्रस्थान गर्ने फोन फा. १४ गते क.इ. मोहनलाई । हजुरको परमार्थ सप्रियोस् भन्ने जवाफ मोहनको ।

१५. **तथा** र **का** को बीचमा ठाउँ छोडिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बेलायतमा नेपालका राजदूत केसरशमशेर (वि.सं. १९४८-२०२१)

अमेरिकामा पनि राजदूत नियुक्त

फाल्गुन ९ गते वाशिंगटनमा पू.क.ज केसर । वेलायत र अमेरिका दुवैमा मैले काम चलाउने विचार गरेको छु । हामी दुवै राष्ट्रले मानव स्वतन्त्रताको रक्षाको लागि राज्य वाहिर गई लळी मित्रता बढायौँ भन्ने केसरको भाषण ।

हामी दुवैले लडाइँमा जस्तै शान्तिमा पनि काम गर्नुपरेको छ भन्ने ट्रुम्यानको भाषण ।

वीरगञ्ज कटन मिलको हडताल शाम्य पार्न श्री ३ पद्मको प्रयास

वीरगञ्ज कटन मिलमा श्री ३ पद्म गई मजदूर(ज्यामी)हरुलाई हळताल असल होइन भनी भोजलाई २५३ बकस ।

वीरगञ्जको जेलमा परेका कैदीमध्ये ६३ जनालाई श्री ३ पद्मबाट फुक्का

श्री ३ पद्मले वीरगञ्ज झ्यालखानाबाट ६३ कैदी छाडी हिन्दूले रामको मुसलमानले अल्ला को नाम लिनू भन्ने उपदेश

वीरगञ्जमा श्री ३ पद्मको भाषण

श्री ३ पद्मले वीरगञ्जमा दुनिया र पल्टनलाई दिएको भाषण– मैले स्वदेश छाड्न लाग्दा भाइहरुले नछाड्नुहोस् भने तर हजु रिया पल्टनले भनेनन् । ब्राह्मण क्षत्री नेवार मगर भोटे मधिसे मुसलमान सवै एक हुन् । म पनि तिमीहरू जस्तै हुँ । अब सवै छोडी आएको छु । रोगी पनि भएँ । उमेर पनि पुग्यो । जुन देशमा राजा भएँ उही देशमा फेरि बस्न मलाई असल लागेन ।

कलकत्तामा गभर्नर चक्रवर्ती राजगोपालाचारी (वि.सं. १९३५-२०२९)सँग श्री ३ पद्मको भेट

कलकत्तामा वङ्गाल गवर्नर राजगोपालाचारीसँग श्री ३ पद्मले भेट गरे ।

श्री ३ पद्मको पत्रकारसम्मेलन

फाल्गुन २० गते पत्रप्रतिनिधिसँग भेट गरी अव म प्राइम्मिनिष्टरी छोड्छु । मोहनले सो पद पाउँछन् भन्ने कुरो गरे ।

दिल्लीमा श्री ३ पद्मको जवाहरलाल नेहरूसँग भेट

डिल्लीमा नेहरू हरू सँग भेट गरे श्री ३ पद्मले ।

जवाहरलाल नेहरू, माउन्टबेटनहरूलाई दिल्लीको नेपाली दूतावासमा भोज

नेपाली दूतावासमा नेहरू, माउन्टवेटन, वलदेव आदिलाई वोलाई भोज दिइयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लखनौमा गभर्नर सरोजिनी नायडू (वि.सं. १९३५-२००५)द्वारा श्री ३ पद्मको स्वागत

पद्मको आगमनमा चैत्र ९ गते लख्नौमा लख्नौकी गवर्नर सरोजिनी ले श्री ३ पद्मको स्वागत गरिन् ।

श्री ३ चन्द्रकी कान्छी महारानी बालकुमारी (वि.सं. १९४५-२००८) र श्री ३ भीम (वि.सं. १९२२-१९८९, शासनकाल १९८६-१९८९)की महारानी (सीता महारानी ?)सँग काशीमा श्री ३ पद्मको भेट

११ गते काशी उत्रे । काशीमा वसेका श्री ३ चन्द्र, भीमका रानीसँग भेट गरे ।

काशीको विद्याप्रचारिणी नेपाली समितिले श्री ३ पद्मलाई भक्तशिरोमणिको पदवीप्रदान

चैत्र १३ गते विद्याप्रचारिणी नेपाली समितिले श्री ३ पद्मलाई भक्त शिरोमणिको पदवी दियो ।

आफ्नो गन्तव्य राँचीमा श्री ३ पद्म पुगे

चैत्रमा राची पुगे ।

श्री ३ पद्मलाई भारत पुऱ्याउन गएका विजयशमशेर (वि.सं. १९७१-२०१०) फर्किए

वैशाख २ गते मे.ज विजय फर्के ।

राजर्षि जुद्ध (वि.सं. १९३२-२००९, शासनकाल वि.सं. १९८९-२००२)को काशीयात्रामा बिडला संस्कृतपाठशालालाई रु. एक लाख दान

श्री राजर्षि जुद्ध २००४ फागुनमा निकै वेरामी भएको काशीमा ।

काशीविश्वविद्यालयमा गई जुद्धले विडला संस्कृत पाठशाला लाई १००००० रू दिई संस्कृत उन्नतिको इच्छा गरी भाषण दिए ।

सिकरका राजकुमार दुलही लिई स्वदेशप्रस्थान

फाल्गुन २० गते सिकर राजकुमार नेपाली राजकुमारी (दुलही) साथ स्वदेश हिळे ।

काशी विश्वनाथमा राजर्षि जुद्धबाट भारी भेटी

जुद्धले काशी विश्वनाथहरू देवतालाई निकै भेटी चढाए ।

युक्तप्रान्तका मन्त्री गोविन्दवल्लभ पन्त (वि.सं. १९४४-२०१७)सँग राजर्षि जुद्धको भेट

युक्तप्रान्तका मन्त्री गोविन्द वल्लभ पन्त सँग भेट गरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काशीको नेपाली धर्मशालालाई राजर्षि जुद्धबाट रु. पाँच हजार प्रदान

काशीका नेपाली धर्मशाला लाई ५००० रू दिए ।

भैरहवाको चिलियादरबारमा राजर्षि जुद्धको फिर्ती सवारी

चैत्र ६ गते नेपाल (भैरहवा) चिलिया दरवार फर्के ।

नेपालमा रहेका ब्रिटिश राजदूतको अतिथि भई भारतमा रहेका फ्रेञ्च राजदूत काठमाडौँ आए

भारतस्थित फ्रेञ्च राजदूत मोसिए रेने क्रोल्चवर्नर्ड सपत्नीक, नेपालस्थित व्रिटिश राजदूतको अतिथि भई चैत्र को सुरूमा आई ९ दिन काठमाडौ वसी गए ।

ब्रह्मशमशेर (वि.सं. १९६६-२०४४)को प्रबन्धबाट ठाउँठाउँमा खेती सिँचाइ आदिको व्यवस्था

चितौनको बाफो १५००० विगाहा ट्राक्टरवाट खेती हुने. मे.ज ब्रह्मको प्रबन्ध ।

पश्चिम. ३ नं. विजैपुर आवादी गरी ७००० रोपनी जग्गा बनाउन १२५००० खर्च ।

वन विभागको रक्षाको लागि सालवसाली ६४००० रू खर्च (चै २० गते)

वीरगञ्जका सिर्सिया, दुधोरा, कियासोत नदी बाट नहर बनाउन ४४०००० रू निकासा भई काम हुने । चै. २० गते ।

नेपाली राष्ट्रिय काङ्ग्रेसलाई प्रतिबन्ध लाग्यो
नयाँ ऐनअनुसार वाक्-सङ्घ-सभास्वातन्त्र्य

नेपाल राष्ट्रिय कांग्रेसले हत्याकाण्डहरू मचाउने विचार गरेकोले त्यस लाई नेपाल राज्य भर हद भएको छ । नयाँ जारी भएको ऐन वमोजिम वाक्स्वतन्त्रता, संघ स्वतन्त्रता, सभा स्वतन्त्रता दिइएको छ ।

चैत्र ३१ गते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पण्डित महानन्द र चिरञ्जीवी पाँडे

-डाकुरनाथ पाँडे

[कश्यपगोत्रका, सिमल्त्य पाँडे रामेश्वरका छोरा पण्डित महानन्द र महानन्दका कान्छा छोरा पण्डित चिरञ्जीवीको विषयमा महानन्दका जेठा छोरा रामशर्माका पनाति धर्मशास्त्राचार्य पण्डित डाकुरनाथ पाँडे (वि.सं.१९६३-२०१८)ले संस्कृतमा रचेको यो लेख उनका नाति, मेरा भानिज प्रकाशराज पाँडेबाट मैले पाएको हुँ। यस लेखको माथि दिइएको शीर्षक लेखका रचयिताको होइन, मैले राखेको हो।

तनहुँका राजा त्रिविक्रम सेनबाट तनहुँचोकमा जग्गाजमीन पाई त्यहीँ बसोबास गरेका रामेश्वर पाँडेका छोरा महानन्दले बनारस गई व्याकरण पढे; त्यहीँ न्यायशास्त्र पढिरहेको समयमा नेपालबाट आएका सरकारिया मानिसले भनेकोले यिनी त्यहाँबाट काठमाडौँ आई पचलीभैरवनिर बसे; पछि राजसभामा यिनको प्रवेश भयो; नेपालसरकारले यिनलाई फेरि काशीमै फर्काएर यिनबाट भारतको तात्कालिक राजनीतिको अवस्था बुझ्ने काम लियो; दुइ तीन वर्षपछि यिनलाई नेपालमै फर्काई जग्गाजमीन दिएर राजकुमारलाई पढाउन लगाइयो; उमेर घर्कँदै गएपछि यिनी काशीवास गए; त्यहीँ यिनले *वैयाकरणभूषणसार*को विवृति अर्थात् टीका र अरू ग्रन्थ रचे; ९४ वर्षको उमेरमा काशीमा यिनी परलोक भए भनी यस निबन्धमा लेखिएको छ। यिनले रचेको *वैयाकरणभूषणसार* भनेको कौण्डभट्टले आफ्नो ग्रन्थ *वैयाकरणसिद्धान्तभूषण*को आफैँले तयार गरेको संक्षिप्त रूप अर्थात् *वैयाकरणसिद्धान्तभूषणसार* हुनुपर्छ।

महानन्दको दुइ विवाह भएको थियो। जेठी आनन्दमञ्जरीबाट रामशर्मा र टीकाराम भन्ने दुइ छोरा जन्मे। कान्छी आनन्दवतीबाट पनि दुइ छोरा जन्मे। तिनीहरूको नाउँ चिरञ्जीवी र गणेश हो। जन्मक्रमअनुसार जेठीपट्टिका रामशर्मा जेठा, जेठीपट्टिकै टीकाराम माहिला, कान्छीपट्टिका चिरञ्जीवी र गणेश क्रमशः साहिँला र कान्छा हुन्। धुनीबेसीमा चिरञ्जीवीले राखेको शिलालेखबाट यस लेखमा उद्धृत अंशबाट यी कुरा थाहा हुन्छ।

महानन्दको जन्म र मरण कहिले भयो भन्ने थाहा नभए पनि तनहुँका राजा त्रिविक्रम सेन[1]को आश्रयमा महानन्दका बाबु रामेश्वर रहेको र ९४ वर्षको उमेरमा महानन्द परलोक भएको कुरा यस लेखबाट बुझिएकोले यिनको मोटामोटी समय हाम्रो मनमा आउँछ। १४ वर्षको उमेरमै बाबुआमा दुवै गुमाइसकेका महानन्द जूवा खेल्ने कुलतमा फसेकाले यिनका बाबुका साथी कुलनिधिले हप्काइदप्काइ गरेपछि यिनी बनारसतिर लागे भनी यहाँ लेखिएको छ।

यी कुलनिधि तनहुँका, गौतमगोत्रका पलेउ पाँडे पण्डित कुलनिधि हुनुपर्छ। कुलनिधिका कान्छा छोरा तारानिधि उर्फ मणिरामले संस्कृतपद्यमा रचेको *पतिव्रताधर्म* राजीवलोचन जोशी (वि.सं. १९०५-

---

१. त्रिविक्रम सेनको राज्यकाल वि.सं. १८००-१८२६ (सूर्यमणि अधिकारी २०५५:४८-४९)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१९८६)को भाषाश्लोकसहित प्रकाशित छ (तारानिधि १९५२) । तारानिधिले लेखेअनुसार यिनका बाबु कुलनिधिले *नित्यकर्मविधिप्रकाशिका, सूत्रार्थदर्पण, अमरदीपिका* (*अमरकोष*को टीका), *श्रीमद्भागवत*को टीका, *दशकर्मपद्धति, श्राद्धदर्पण, श्राद्धपद्धति* र *अन्त्यपद्धति* गरी यी ८ ग्रन्थ रचेका थिए (उही:५५-५६) ।[२] काठमाडौँका राजा जगज्जय मल्ल (वि.सं. ?-१७९२, राज्यकाल वि.सं. १७७९-१७९२)कहाँ आश्रय खोजी कुलनिधिका जेठा छोरा रामनारायणले संस्कृतमा राजालाई लेखेको चिठी वाणीविलास पण्डितकी जेठी ब्राह्मणी तारालक्ष्मीतर्फका माहिला छोरा उज्ज्वलविलासका दौहित्र खिलशर्म पन्तका पनाति निरञ्जनवल्लभ पन्त र निर्मलवल्लभ पन्तको पुर्ख्यौली सङ्ग्रहमा मैले देखेको थिएँ । यी रामनारायण भीमसेन थापा (वि.सं. १८३२-१८९६, शासनकाल वि.सं. १८६३-१८९४)का आश्रित, नेपाली भाषामा *मुद्राराक्षस*को उल्था गर्ने भवानीदत्त पाँडे (वि.सं. १८५८-?)का बाबु हुन् ।[३]

महानन्दका साहिँला छोरा चिरञ्जीवीको चरित यस लेखमा यिनका बाबुको चरितभन्दा बढी विस्तीर्ण ढङ्गले लेखिएको छ । यिनको जन्म वि.सं. १८६० मा र मरण वि.सं. १९१७ मा काशीमा भएको रहेछ । बाबु महानन्द वि.सं. १८७२ मा काशीमा हुँदा यिनी पनि त्यहीँ थिए । त्यस वेला चिरञ्जीवीले *सिद्धान्तकौमुदी* समासाश्रयसम्मको पुस्तक सार्दा लेखेको पुष्पिका डाकुरनाथको यस लेखमा उद्धृत छ । बालविवाहको चलन भएकोले त्यसैताका यिनको विवाह नागेश्वर पण्डित[४]की छोरी अब्जकुमारीसँग भयो । काशीमै केही समय बाबुसँग पढेर अनि सदाशिव दीक्षितसँग व्याकरण पढी यिनी पारङ्गत भए । काशीमा कुनै शास्त्रीसँग यिनको शास्त्रार्थ हुँदा यिनले जितेकाले यिनलाई भट्टवंशका कुनै शास्त्रीले दोसल्ला ओढाएर यिनको सम्मान गरे भनी डाकुरनाथले लेखेका छन्, तर दुवै शास्त्रीको अर्थात् शास्त्रार्थमा हार्ने र चिरञ्जीवीलाई सम्मान गर्नेको नाउँ दिन नसक्दा दुवैको नाउँ थप्न केही ठाउँ उनले छोडेका छन् ।

बाबु महानन्द बितेपछि चिरञ्जीवीका दाजुभाइहरूमा अंशबण्डा हुँदा यिनको भागमा मच्छेनारायणको जग्गा पऱ्यो । वि.सं. १९०० मा यिनले नेपालसरकारबाट महीनाको ६० रुपैयाँको वृत्ति पाए । महेशखोलाको किनारमा रहेको धुनीबेसी पाँडेचौरमा वि.सं. १९०२ मा धर्मशालासहित शिवमन्दिर यिनले बनाए । त्यस अवसरमा त्यहाँ राखिएको शिलालेखमा न्याय, मीमांसा, साङ्ख्य, *महाभाष्य* र वेदान्तका चूडान्त पण्डित भन्ने भावले यिनको प्रशंसा गरिए पनि यिनका व्याकरणसम्बन्धी कृति अर्थात् कैयटको *महाभाष्यप्रदीप*को विवृति (टीका) र नागेशका *लघुशब्देन्दुशेखर* र *परिभाषेन्दुशेखर*का क्रोडपत्रको मात्र डाकुरनाथले चर्चा गरेका छन् । चिरञ्जीवीले रचेको *अष्टाध्यायी*सम्बन्धी ग्रन्थ निरञ्जनवल्लभ पन्त र निर्मलवल्लभ पन्तको पुर्ख्यौली सङ्ग्रहमा मैले देखेको कुरा पनि यहाँनिर गर्नुपर्छ ।

---

२. महेशराज पन्त २०७२:७८-७९ पनि हेर्नु ।

३. नयराज पन्त २०१८:१७-१९ ।

४. बडागुरुज्यू विजयराज पण्डित (वि.सं. १८६२-१९३५)का बाबु । वि.सं. १९०२ देखि १९२१ सम्म विजयराज बडागुरुज्यू थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १९०३ मा जङ्गबहादुर (वि.सं. १८७४-१९३३, शासनकाल वि.सं. १९०३-१९१३, १९१४-१९३३) को हातमा अधिकार जाँदा श्री ५ राजेन्द्र (वि.सं. १८७०-१९३८, राज्यकाल वि.सं. १८७३-१९०४)की कान्छी बडामहारानी राज्यलक्ष्मी (वि.सं. १८७४-१९५६) र उनीका दुइ छोरा[५] निकालिँदा श्री ५ राजेन्द्र पनि पछि लागेर बनारस गए । त्यसै वेला चिरञ्जीवी पनि विरक्तिएर नेपाल छोडी बनारसतिर लागे । त्यहाँ गई यिनले पढाउने र ग्रन्थरचना गर्ने काम गरे । यिनले रचेका भनी माथि भरखरै चर्चा गरिएका पुस्तक पनि बनारसमै बसेर यिनले तयार पारेको हो । भारतमा रहँदा बस्दा अङ्ग्रेज सरकारले यिनलाई आगराको प्रधानविद्यालयमा अध्यापकमा नियुक्त गऱ्यो । अङ्ग्रेज सरकारले आफ्ना भारतीय हिन्दू प्रजाको मुद्दा धर्मशास्त्रअनुसार छिन्ने व्यवस्था गरेकोले अदालतका न्यायाधीशहरूलाई त्यस विषयमा निर्णय दिने काम केही पण्डितले पाएका थिए ।[६] त्यस्तो काम हाम्रा चिरञ्जीवी पनि आगराको अदालतबाट समयसमयमा पाउँथे । उमेर ढल्कँदै गएपछि यिनले आगराको शिक्षाविभागका हाकिमहरूसँग काशीवास गर्ने इच्छा प्रकट गरे । अनि यिनी आगराको जागीर छोडी काशिकराजकीयप्रधानविद्यालयमा अध्यापक हुन पुगे । काशी आएपछि त्यहाँका कुनै सेठले विश्वनाथको मन्दिरसँगै ७ चोक भएको घरमध्येबाट एउटा ठूलो घर यिनलाई दिए ।

चिरञ्जीवीको सम्मानको लागि हतियार भिरेका दुइ जना अङ्गरक्षक चिरञ्जीवीसँगसँगै काशीमा हिंड्ने व्यवस्था अङ्ग्रेज सरकारले गऱ्यो । अङ्ग्रेज सरकारले यिनको अर्को सम्मान के गऱ्यो भने, यिनको देहावसान भएपछि मणिकर्णिकाको किनारमा रहेको विष्णुपादुकानजीकै यिनको दाहसंस्कार गर्न पाउने व्यवस्थाको लागि अधिकारपत्र दियो ।

चिरञ्जीवीको दुइ विवाह भए पनि सन्तान नभएकोले जेठा दाजु रामशर्माका छोरा रामानन्दलाई नै यिनले छोरा मानेका थिए । यसैले रामानन्दका छोरा प्रेमानन्दलाई यिनले नेपालबाट झिकाएर प्रेमानन्दको पढाइलेखाइ काशीमै गराएका थिए ।

जङ्गबहादुरको नेपालमा रजगज भएपछि काशीमा धपाइएकी, श्री ५ राजेन्द्रकी कान्छा बडामहारानीसँगै हाम्रा चिरञ्जीवी पण्डित पनि काशीतिर लागेकाले यिनी ती महारानीका सैनामैनामा पर्थे भन्ने देखिन्छ । प्रवासमा पनि आफ्नो विद्वत्ता आदि गुणले अङ्ग्रेज अधिकारीलाई रिझाउन र उचित वृत्ति पाउन उनी सफल भए भन्ने कुरा यिनका वंशजले रचेको यिनको यो सानो चरितबाट बुझिन्छ ।

डाकुरनाथले वंशगौरववश रचेको यस लेखबाट नेपालको संस्कृतविद्याको इतिहासमा केही प्रकाश पर्ने हुनाले उनको मूल संस्कृत जस्ताकोतस्तो राखी, कहीँ कहीँ आफ्नो टिप्पणी थपी, आफूले गरेको नेपाली उल्थासहित त्यसलाई यहाँ प्रकाश गरेको छु ।

---

५. रणेन्द्र र वीरेन्द्र (वि.सं. १८९३-?) ।

६. पण्डितहरूले त्यस्ता मुद्दामा दिएका निर्णयका दृष्यन्तको लागि सुभद्र शर्मा २०१४ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

तारानिधि १९५२

= वि.सं. १९५२ मा काठमाडौँबाट मोतीकृष्ण धीरेन्द्रद्वारा पाशुपत छापाखानामा प्रकाशित, तारानिधिको *पतिव्रता धर्म*, राजीवलोचनको *भाषाश्लोक*सहित ।

नयराज पन्त २०१८

= वि.सं. २०१८ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा सम्पादित *गल्लीमा फ्याँकिएका कसिंगर- मुद्राराक्षसहरूका नेपाली अनुवाद*का १-१६५ पृष्ठमा छापिएको, नयराज पन्तको *उपोद्घात* ।

महेशराज पन्त २०७२

= वि.सं. २०७२ मा प्रकाशित *पूर्णिमा* १४२ पूर्णाङ्कका ६९-९८ पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. १८६६ देखि १८७४ भित्रका ८ वटा लालमोहर* ।

सुभद्र शर्मा २०१४

= ई.सं. १९५७ (वि.सं. २०१४)मा इलाहाबादबाट उत्तरप्रदेशशासकीयमुद्रणालयाध्यक्षद्वारा प्रकाशित, सुभद्र शर्माद्वारा सम्पादित *धर्मशास्त्रीयव्यवस्थासंग्रह* ।

सूर्यमणि अधिकारी २०५५

= वि.सं. २०५५ मा चितवनबाट चन्द्रप्रभा प्रकाशनद्वारा प्रकाशित, सूर्यमणि अधिकारीको *तनहूँ राज्यको इतिहास* ।

– महेशराज पन्त]

मूल संस्कृत

पिता महानन्दपण्डितः

पाण्डेयोपनामा सदाचारनिरतो रामेश्वरनामा पण्डितवर आसीत् । स च तनहुँनृपतेः त्रिविक्रमदेवस्य सकाशात् तनहुँचोकग्रामे भूमिमुपलभ्य तत्रैव निवासमकरोत् । तस्य च एक एव पुत्रो महानन्दो नामा[१] बभूव । स च दिवङ्गते पितरि मातरि च १४ वयस्कः संरक्षकाभावेन व्यसनिनां सङ्गत्या अक्षक्रीडनाद्यासक्तो बभूव । तस्य तादृशीं दुरवस्थां विलोक्य तत्पितुः सुहृदा कुलनिधिनाम्ना विद्वद्वरेण बहुधा निर्भर्त्सितो गृहोपकरणादीनि विक्रीय मार्गव्ययं संपाद्य केनचित् स्वजातीयेन सह वाराणसीं प्रति प्रस्थितो मार्गे लुण्ठकैर्हृतसर्वस्वो भिक्षा-मटन् वाराणसीमुपेत्य पुस्तकलेखनवृत्त्या जीविकामाचरन्नध्येतुमारब्धवान् । कियता कालेन व्याकरणमधीत्य न्यायशास्त्रमध्येतुं प्रवृत्त आसीत् । तस्मिन्नेव समये नेपालदेशागतेन केनचिद् राजपुरुषेण संगतस्तदीयानुमत्या नेपालदेशमुपेत्य वाङ्मतीतीरे पचलीभैरवसन्निधौ निवासमकरोत् । अनन्तरं च राजपुरुषैस्तस्य विद्वत्तामनुभूय राजसभामनुप्रवेशितः सभापण्डितो बभूव । अनन्तरं राजानुज्ञया काशीमुपेत्य तात्कालिकीं भारतीयराज्यपरि-

१. **महानन्दनामा** इति साधु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्थितिं सम्यगुपलभ्य समुचितपत्रप्रेषणेन नेपालेश्वरसन्निधौ प्रवृत्तिं प्रापयन् द्वित्रवर्षपर्यन्तं काश्यामेवोषित्वा तदनु राजाज्ञया प्रतिनिवृत्तो मुहुर्मुहुर्वृत्त्यर्थं भूमिमुपलभ्य राजपुत्रमनुशिक्षयन् कालमतिवाहयामास । तदनु चान्तिमे वयसि श्रीकाश्यां निवासमाचरन् वैयाकरणभूषणसारविवृतिप्रभृतीन् निबन्धान् विरच्य[२] ९४ वर्षसम्मिते वयसि मुक्तिमवाप । तस्य च चत्वारः पुत्राः रामशर्मटीकारामचिरञ्जीविगणेशदत्तनामानः समभूवन् ।

पुत्रः चिरञ्जीविपण्डितः

तेषां मध्ये तृतीयः चिरञ्जीविनामा १८६० वैक्रमाब्दे समुत्पन्नो बाल्यत एवाध्ययनैकचित्तोऽतिशयमेधावी चासीत् । कालेनोपनीतः सन् काशीवासमाचरिष्णुना पित्रा सह वाराणसीमुपेत्याध्ययनशीलः १२ वर्षमितावस्थायां सिद्धान्तकौमुद्याः समासाश्रयपर्यन्तखण्डं स्वहस्तेन विलिख्याधीतवान् । तत्पुस्तकान्ते श्लोकोयमुपलभ्यते ।।

अद्रिरामाद्रिभूशाके १७३७ शुक्रस्य शुद्धपक्षके ।।
अष्टम्यां भौमवारे च लिखितं चिरजीविना ।।

अस्मिन्नेव समये नागेश्वरपण्डितवरस्य पुत्र्याब्जकुमारीदेव्या सह विवाहः समजायत । कियन्तं कालं पितुः सकाशादेवाधीत्य पश्चात् सदाशिवदीक्षिताभिधानाद् गुरोः सकाशादधीत्य व्याकरणशास्त्रपारावारीणो बभूव । अध्ययनसमये च कदाचित् कार्तिके मासि पञ्चगङ्गातीरे प्रवर्तमाने शास्त्रार्थे – – –शास्त्रिणं विजित्य भट्टकुलावतंसेन – – –शास्त्रिणा और्णवस्त्रद्वयप्रदानेन पुरस्कृतो बभूव । ९४ वर्षमितावस्थायां काश्यां मुक्तिमुपगते पितरि विभक्तदायेषु भ्रातृषु मत्स्यनारायणसन्निधौ भूमिमुपलभ्य पुन १९०० मितविक्रमवत्सरे ६० रुप्यकमितां मासिकवृत्तिं च लब्धवान् । १९०२ मितविक्रमवत्सरे महेशनदीतीरस्थे धुनिबेसीपाँडेचौरग्रामे धर्मशालासमन्वितं शिवस्थापनं व्यदधात् । यदीयशिलालेखे-

श्रीहेरम्बो जयति ।। ।।

पाँडे इत्युपनाम्नि कश्यपकुले कूर्माद्रिराजार्चिते
श्रीरामेश्वरनन्दनोजनि महानन्दः स विद्वद्वरः ।।
गोरक्षेशविदत्तवृत्तिरनिशं वाराणसीमावसन्
विश्वेशार्चनतत्परो व्यरचयत् स्फीतान् प्रबन्धान् बहून् ।।१।।

तस्य शीलनिधेर्भर्तृप्रेमहेमविभूषिते ।।
आनन्दमञ्जर्यानन्दवत्यौ पत्न्यौ बभूवतुः ।।२।।

तस्याद्यायामौरसो रामशर्मा टीकारामश्च परस्यां तृतीयः ।।
पत्न्यां पुत्रः श्रीचिरञ्जीविशर्मा विद्वांस्तुर्यः श्रीगणेशो बभूव ।।३।।

तर्के गौतम एव जैमिनिनये श्रीजैमिनिः कापिले
विख्यातः कपिलः पतञ्जलिकृतौ भाष्ये च नागेश्वरः ।।

---

२. **विरचय्य** इति साधु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वेदान्ते शुकतात एव स कला बिभ्रत्कलाशङ्करः[३] ।।
भक्तोन्वत्र[४] **चतुर्षु पण्डितवरः श्रेयांश्चिरंजीव्यभूत्** ।।४।।

इत्यादि वर्तते ।।

अनन्तरञ्च राजप्रासादे विविधराजनैतिकपरिवर्तने जायमाने महामात्यपदवीमुपगते जङ्गबाहादूरवर्मणि निष्कासितायां पुत्रद्वितययुतायां कनिष्ठराजमहिष्यां राज्यलक्ष्मीदेव्यां तामनुसृत्य वाराणसीं प्रति प्रस्थिते राजेन्द्रविक्रमदेवे नितरां विरक्तो नेपालदेशं परित्यज्य वाराणसीमुपेत्य शिष्यगणमध्यापयितुमारब्धवान् । अस्मिन्नेवावसरे कैयटप्रणीतभाष्यप्रदीपस्य विवृतिं विरच्य[५] लघुशब्देन्दुशेखरस्य परिभाषेन्दुशेखरस्य च क्रोडपत्रं संग्रहं च संपादितवान् । अनन्तरं तस्य विद्वत्तामुपलभ्य भारतीयशासकैः आगरानगरस्थप्रधानविद्यालये प्राध्यापकमितायां नियुक्तः शिष्यगणमध्यापयन् काले काले च न्यायालये भारतीयानां दायभागसम्बन्धिनि विवादे स्मृतिशास्त्रानुसारिपरामर्शदानेन न्यायाधीशस्य साहाय्यं चाकरोत् । अनन्तरमात्मनः प्रवयस्कतामवलोक्य काशीनिवासमाचरिष्णुना शिक्षाविभागाध्यक्षैः सह संमन्त्र्य काशिकराजकीयप्रधानविद्यालये प्राध्यापकतां स्वीकृत्य कस्यचिच्छ्रेष्ठिनः सकाशाद् विश्वनाथसन्निधौ चतुःशालासप्तकगृहमध्ये महत्तरं गृहं समुपलभ्य विश्वनाथसेवनपुरःसरं शिष्यगणमध्यापयामास ।

अस्य च मानरक्षायै सशस्त्राङ्गरक्षकद्वययुतस्य मार्गसंचरणानुज्ञापत्रं देहावसाने च सति मणिकर्णिकातीरस्थविष्णुपादुकासन्निधौ दाहसंस्काराधिकारपत्रं च शासकैः प्रदत्तमासीत् । पत्नीद्वितययुतस्याप्यात्मनोनपत्यतया ज्येष्ठभ्रातृपुत्रं रामानन्दशर्माणमेव पुत्रं मन्यमानः तदीय पुत्रं प्रेमानन्दशास्त्रिणं नेपालदेशात् समाहूयानुशिक्षयन् १९१७ मितविक्रमवत्सरे नश्वरदेहं परित्यज्य श्रीविश्वेश्वरसायुज्यतामभजत् ।

तदात्वे बहुभिर्विशिष्टविपश्चिद्भिर्विभूषितवाराणसेयविद्यापीठं समलङ्कृत्य तद्देशाधिपतेरपि प्राप्तसम्मानः शिष्यजनान् बहूनध्याप्य लब्धप्रतिष्ठोऽयं नेपालाभिजनो महाविद्वान् वाराणस्यां विभूषणायमानो नेपालदेशस्य महत्तरं वैदुष्यगौरवं लोके चिराय प्रतिष्ठापयामास ।

लेखकः
तद्भ्रातृकुलजः
डाकुरनाथशर्मा
धर्मशास्त्राचार्यः

नेपाली उल्था

बाबु महानन्द पण्डित

सदाचारी, पाण्डेय थर भएका, रामेश्वर नाउँ भएका, पण्डितवर हुनुहुन्थ्यो । तनहुँका राजा त्रिविक्रमदेवबाट तनहुँचोक गाउँमा जग्गा पाएर उहाँ त्यहीं बस्नुभयो । उहाँका महानन्द नाउँ भएका एक जना मात्र छोरा

---

३. **कला बिभ्रत्कलाशङ्करः** इत्यस्य भावो मया न ज्ञातः । ४. **भक्तोन्वत्र** इत्यस्यार्थोऽस्फुटः । ५. **विरचय्य** इति साधु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुनुहुन्थ्यो । बाबुआमा परलोक भएपछि १४ वर्षका उहाँ संरक्षक नहुनाले दुर्व्यसनीहरूको सङ्गतले जूवा आदि खेल्न आदिमा आसक्त हुनुभयो । उहाँको त्यस्तो दुरवस्था देखेर उहाँका बुबाका साथी कुलनिधि नाउँ भएका विद्वद्वरले धेरै किसिमले उहाँलाई हप्काउँदा घरका मालसामान आदि बेची बाटोखर्च जम्मा पारेर आफ्नै जातका कुनै मानिससँग उहाँ बनारसतिर हिँड्दा बाटोमा लुटाहाहरूले सबै थोक हरेकाले भिक्षा माग्दै बनारस पुगेर पुस्तक सार्ने कामले जीविका चलाउँदै पढ्न थाल्नुभयो । केही समय व्याकरण पढी न्यायशास्त्र पढ्न लाग्नुभएको थियो । त्यसै समयमा नेपाल देशबाट आएका कुनै सरकारिया मानिससँग उहाँको भेट भयो । यिनले भनेकाले नेपाल देश पुगेर वाग्वतीको किनारमा पचलीभैरवनिर उहाँ बस्नुभयो । पछि सरकारिया मानिसहरूले उहाँको विद्वत्ताको अनुभव गरेर राजसभामा उहाँलाई भित्र्याउँदा उहाँ सभापण्डित हुनुभयो । पछि राजाको हुकूमले काशी पुगेर भारतको तात्कालिक राज्यपरिस्थिति राम्ररी बुझी उचित चिठी पठाएर नेपालका राजाकहाँ खबर पुऱ्याउँदै दुइ तीन वर्षसम्म काशीमै बसी त्यसपछि राजाको हुकूमले फर्कँदा वृत्तिको लागि पटकपटक जग्गा पाई राजकुमारलाई पढाएर समय बिताउनुभयो । त्यसपछि अन्तिम उमेरमा श्रीकाशीवास गर्दा *वैयाकरणभूषणसारविवृति* आदि निबन्ध रचेर ९४ वर्षको उमेरमा उहाँ मुक्त हुनुभयो । उहाँका रामशर्मा, टीकाराम, चिरञ्जीवी र गणेशदत्त नाउँ भएका चार जना छोरा हुनुभयो ।

छोरा चिरञ्जीवी पण्डित

उहाँहरूमध्ये साहिँला चिरञ्जीवीको जन्म वि.सं. १८६० मा भएको हो । बाल्यावस्थादेखि पढ्नमा एकचित्त उहाँ ज्यादै मेधावी हुनुहुन्थ्यो । उहाँको ठीक समयमा व्रतबन्ध भयो । काशीमा बस्ने बाबुसँग बनारस पुगेर उहाँ पढाइमा लाग्दा १२ वर्षको उमेरमा *सिद्धान्तकौमुदी*को समासाश्रयसम्मको खण्ड आफैँले सारेर पढ्नुभयो । त्यस पुस्तकको अन्तमा यो श्लोक पाइन्छ–

शाके १७३७ ज्येष्ठशुक्लपक्ष अष्टमी मङ्गलवारमा चिरञ्जीवीले सारे ।

यसै समयमा पण्डितवर नागेश्वरकी छोरी अब्जकुमारीदेवीसँग उहाँको विवाह भयो । केही समय बाबुसँगै पढी पछि सदाशिव दीक्षित नाउँ भएका गुरुसँग पढेर व्याकरणशास्त्रमा पारङ्गत हुनुभयो । पढिरहेको समयमा कुनै कार्तिक महीनामा पञ्चगङ्गाको किनारमा चलिरहेको शास्त्रार्थमा --- शास्त्रीलाई जित्दा भट्टवंशका --- शास्त्रीले दोसल्ला दिएर उहाँलाई पुरस्कृत गर्नुभयो । ९४ वर्षको उमेरमा काशीमा बाबु मुक्त भएपछि दाजुभाइमा अंशबण्डा हुँदा मच्छेनारायणनिर जग्गा पाई फेरि वि.सं. १९०० मा महीनाको ६० रुपैयाँको वृत्ति पाउनुभयो । वि.सं. १९०२ मा महेशखोलाको किनारमा धुनीबेसी पाँडेचौर गाउँमा धर्मशालासहित शिवको स्थापना गर्नुभयो । त्यहाँको शिलालेखमा–

श्रीगणेशको जय ।

> **कुमाउका राजाले पुजिएको, पाँडे थर भएको कश्यपवंशमा श्रीरामेश्वरका छोरा उहाँ विद्वद्वर महानन्द जन्मनुभयो । गोरखाका राजाले वृत्ति दिइएका, सधैं बनारसमा बस्ने, विश्वनाथको पूजामा लागेका उहाँले ठूलठूला धेरै प्रबन्ध रच्नुभयो । ।।१।।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राम्रो शीलस्वभाव भएका उहाँका पतिको प्रेमरूपी सुनले सिँगारिएका आनन्दमञ्जरी र आनन्दवती दुइ जना पत्नी हुनुहुन्थ्यो ।।२।।

उहाँकी पहिली पत्नीमा रामशर्मा र टीकाराम, अर्की पत्नीमा साहिँला विद्वान् श्रीचिरञ्जीविशर्मा र कान्छा श्रीगणेश हुनुभयो ।।३।।

तर्क (न्याय)मा गौतम नै, जैमिनिको नीति (मीमांसा)मा श्रीजैमिनि, कापिल (साङ्ख्य)मा प्रख्यात कपिल, पतञ्जलिको कृति भाष्यमा नागेश, वेदान्तमा शुकका बाबु (व्यास) नै, कला धारण गरेका शङ्कर[६], भक्त[७], ४ जनामध्ये पण्डितवर, कल्याणकारी चिरञ्जीवी हुनुभयो ।।४।।

इत्यादि छ ।

पछि राजदरबारमा राजनीतिसम्बन्धी नानाथरी परिवर्तन हुँदा, जङ्गबाहादूरवर्मा प्रधानमन्त्रीको पदमा पुग्दा दुवै छोरासमेत कान्छा बडामहारानी राज्यलक्ष्मीदेवी निकालिँदा उहाँको पछि लागेर राजेन्द्रविक्रमदेव बनारसतिर हिंड्दा ज्यादै विरक्त भई नेपाल छोडेर बनारस पुगी चिरञ्जीवीले विद्यार्थीहरूलाई पढाउन थाल्नुभयो । यसै अवसरमा कैयटले बनाएको *भाष्यप्रदीप*को विवृति रचेर, *लघुशब्देन्दुशेखर* र *परिभाषेन्दुशेखर*को क्रोडपत्रको सङ्ग्रह गर्नुभयो । पछि उहाँको विद्वत्ता थाहा पाएर भारतीय शासकहरूले आगरा शहरको प्रधानविद्यालयमा प्राध्यापकमा नियुक्त गर्दा विद्यार्थीहरूलाई पढाउँदै समयसमयमा न्यायालयमा भारतीयहरूको अंशबण्डाको मुद्दामा धर्मशास्त्रअनुसारको सल्लाह दिएर न्यायाधीशलाई सहयोग पनि गर्नुभयो । पछि आफ्नो उमेर ढल्केको देखेर काशीवास गर्न खोज्दै शिक्षाविभागका अध्यक्षहरूसँग सल्लाह गरेर काशिकराजकीयप्रधानविद्यालयमा प्राध्यापकको पद स्वीकार गरेर कुनै सेठबाट विश्वनाथको नजीकै सात चोक भएको घरमध्ये ठूलो घर पाएर विश्वनाथको सेवा गर्दै विद्यार्थीहरूलाई पढाउनुभयो ।

हतियारबन्द दुइ जना अङ्गरक्षक भएका उहाँको मानको लागि बाटोमा हिंड्ने आज्ञापत्र र देहावसान भएपछि मणिकर्णिकाको किनारको विष्णुपादुकानजीकै दाहसंस्कार गर्न पाउने अधिकारपत्र शासकहरूले दिएका थिए । दुइटी पत्नी भए पनि आफ्नो सन्तान नभएकोले जेठा दाजुका छोरा रामानन्द शर्मालाई नै छोरा ठानेर उहाँका छोरा प्रेमानन्द शास्त्रीलाई नेपाल देशबाट बोलाएर पढाउँदै वि.सं. १९१७ मा नश्वर देह छोडेर श्रीविश्वनाथको सायुज्य पाउनुभयो ।

त्यस वेला धेरै, विशिष्ट विद्वान्हरूद्वारा विभूषित वाराणसेय विद्यापीठलाई अलङ्कृत गर्दै त्यस देशका अधिपतिबाट पनि सम्मान पाई धेरै विद्यार्थीहरूलाई पढाएर प्रतिष्ठा पाएका, नेपालका महाविद्वान्, बनारसका अलङ्कार भएका उहाँले नेपाल देशको विद्वत्ताको ठूलो गौरव लोकमा धेरै काल प्रतिष्ठित गर्नुभयो ।

लेखक
उहाँका दाजुको वंशमा जन्मेका
डाकुरनाथ शर्मा
धर्मशास्त्राचार्य

---

६. मूलमा ३ टिप्पणी हेर्नू । ७. मूलमा ४ टिप्पणी हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कस्तो सम्पादन !

-**महेशराज पन्त**

आजभोलि हामीकहाँ पुस्तक छाप्ने लहड झन् झन् बढ्दै गइरहेको छ । पढ्ने मान्छे बढेरै पुस्तकको छपाइ पनि बढेर गएको होला । एक हिसाबले यो राम्रो लक्षण हो भनी भन्नैपर्छ । अर्कोतर्फ, पुस्तक लेख्न र त्यसको सम्पादन गर्न जति परिश्रम गर्नुपर्थ्यो, त्यति नगरी धेरैजसो पुस्तक बजारमा पठाइएकाले गम्भीर पाठकले सन्तुष्टि लिने ठाउँ छैन ।

अहिले मैले यहाँ उठाउन लागेको कुरा पुस्तकसम्बन्धी नै भए पनि त्यसको प्रकृतिचाहिँ अलि फरक छ । कुरा के भने, बितिसकेका मान्छेको पुस्तकको सम्पादन कसरी गर्नुपर्छ भन्ने ।

अरूले लेखी छोडेर गएका कृतिको सम्पादन गर्दा कर्ताले आफ्नो कृति जसरी छोडेर गएका थिए, त्यसलाई नखलबल्याई जस्ताकोतस्तो प्रस्तुत गर्ने, मूल लेखमा नचली त्यसका गुणदोषको विषयमा आफ्नो तर्फबाट भन्नुपर्ने जति सम्पादकले भिन्नै लेख्ने परिपाटी पन्ध्रौँ शताब्दीमा यूरोपमा भएको विद्यासम्बन्धी पुनर्जागरणपछि बिस्तारै बस्दै गयो । यस्तो पद्धतिलाई अङ्ग्रेजीमा ***टेक्स्ट्युअल क्रिटिसिज्म*** भन्ने चलन छ, त्यसलाई हाम्रो भाषामा **मूलपाठको परीक्षा** भन्न सकिन्छ । तर त्यस धर्मको पालना हामीकहाँबाट छापिएका कृतिमा खास भएको छैन । यसको विरोधमा म बोल्दै आएको छु । विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९)का ग्रन्थको सम्पादन विद्वद्ग्राह्य पद्धतिअनुसार नभएको विषयमा ३५ महीनाअगाडि सिङ्गै लेख प्रकाश गरेको थिएँ (वि.सं. २०७८।४।९।७ मा काठमाडौँबाट कान्तिपुर पब्लिकेशन्सद्वारा प्रकाशित *कान्तिपुर* दैनिकको *कोसेली*को क पृष्ठमा छापिएको *बी.पी.को कलम फेर्दै सम्पादक !*)। ६ महीना मात्र अगाडि पूस ७ गते शनिवार लोकार्पित एउटा लेखसङ्ग्रहमा पनि प्रसङ्गवश यही कुरा उठाएको थिएँ (वि.सं. २०८० मा काठमाडौँबाट नीरज भारीद्वारा प्रकाशित, रविन गिरीद्वारा सम्पादित *संकथन*का १७७-१८३ पृष्ठमा छापिएको *नपढ्ने नेपाली*) । **काग कराउँदैछ, पीना सुक्दैछ** भने जस्तै स्थितिमा फरक आएको छैन । ख्यातनामा दिवङ्गत ग्रन्थकारको ग्रन्थसम्पादन गर्दा मनपरी हुने गरेको एउटा दृष्यन्त हालै छापिएको एउटा किताबबाट यहाँ अब दिन्छु ।

कमलप्रकाश मल्ल (वि.सं. १९९३-२०७५)को *क्ल्यासिकल् नेवारी लिट्अरेचर्: अ स्केच्* पहिलेपटक ४४ वर्षअगाडि निजी तवरले प्रकाशित भयो (ई.सं. १९८१ तदनुसार वि.सं. २०३७ मा काठमाडौँबाट नेपाल स्टड्ड सेन्टरद्वारा) । दोस्रोपटक त्यही पुस्तक २ वर्षपछि एउटा प्रकाशनसंस्थाले छपायो (ई.सं. १९८२ तदनुसार वि.सं. २०३९ मा काठमाडौँबाट एड्युकेशनल इन्टरप्राइजद्वारा) । दोस्रोपटक त्यो पुस्तक छाप्ने संस्थाबाट फुटेको अर्को प्रकाशनसंस्थाले ग्रन्थकार परलोक भएको झण्डै ५ वर्षपछि त्यो पुस्तक फेरि छपायो (ई.सं. २०२३ तदनुसार वि.सं. २०८० मा काठमाडौँबाट एड्युकेशनल पब्लिशिङ हाउसद्वारा प्रकाशित, निर्मलमान तुलाधरद्वारा सम्पादित) । नेवारी वाङ्मयको त्यो इतिहास आएपछि संशोधन-मण्डलद्वारा यसमा रहेका अतथ्य कुराको संशोधन वारंवार भएको छ । मूल ग्रन्थमा नछोई अन्त कतै तिनको विषयमा लेखिएको भए सम्पादकको कौशल देखिन्थ्यो । अरू त अरू, अघिल्लो संस्करणमा भएका वर्णविन्यास-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम्बन्धी धेरैजसो गल्तीको पनि पुनरावृत्ति कायम छ । त्यस्ता गल्ती ग्रन्थसम्पादनको सिलसिलामा सच्च्याई त्यसको सूचना आफ्नो तर्फबाट सम्पादकले दिएको भए निकै राम्रो हुन्थ्यो । ग्रन्थकार हुँदै छापिएका दुवै संस्करणमा ग्रन्थको नाम *क्ल्यासूइकल् नेवारी लिट्अर्इचर्: अ स्केच्* हुँदा हुँदै अहिले *क्ल्यासूइकल् नेवार् लिट्अर्इचर्: अ स्केच्* बनाई छापिएको छ । पुस्तकभर अन्त अन्त पनि जहाँ जहाँ **नेवारी** लेखिएको थियो, त्यहाँ त्यहाँ **नेवार्** बनाइएको छ । कुन मकसद पूरा गर्न यस्तो गरिएको हो, त्यो त थाहा भएन । जे भए पनि, यसले गर्दा दिवङ्गत ग्रन्थकारको छविमै धक्का लागेको छ भनी दु:खसाथ भन्नुपर्छ ।

* * *

सूर्य्यविक्रम ज्ञवाली (वि.सं. १९५५-२०४२)को *अमरसिंह थापा* दार्जीलिङ्गबाट नेपाली साहित्यसम्मेलनद्वारा अहिलेभन्दा ८२ वर्षअगाडि वि.सं. २००० मा पहिलोपटक छापिएको हो । उनको *पृथ्वीनारायण शाह*चाहिँ त्यही संस्थाद्वारा पहिलोपटक वि.सं. १९९२ मा, दोस्रोपटक दार्जीलिङ्गबाट श्याम ब्रदर्सद्वारा वि.सं. २०३३ मा र तेस्रोपटक काठमाडौँबाट मञ्जरीप्रकाशकगृहद्वारा वि.सं. २०७७ मा छापिए पनि *अमरसिंह थापा*को पुन:प्रकाशनतर्फ भने कसैको दृष्टि गएको थिएन । भरखरैजसो वि.सं. २०८० मा मात्र *अमरसिंह थापा* काठमाडौँबाट फाइनप्रिन्ट्द्वारा फेरि प्रकाश भएको छ । तर अचम्म लाग्ने कुरा के छ भने, नयाँ कलेवरमा त्यो पुस्तक आउँदा त्यसको नाउँ बदली *नेपालको इतिहासमा अमरसिंह थापा* राखिएको छ । अर्को गर्न नहुने काम के भएको छ भने, वर्णविन्यासको आफ्नै पद्धतिअनुसार सूर्य्यविक्रम ज्ञवालीका कृति गैरसरकारी र सरकारी संस्थाबाट प्रकाशित हुँदै आएकोमा अहिले त्यस पुस्तकलाई बहुप्रचलित पद्धतिमा ढालिई प्रकाश गरिएको छ । एकेडेमीले सुद्धा उनको पुस्तक (वि.सं. २०१९ मा काठमाडौँबाट रायल नेपाल एकेडमीद्वारा प्रकाशित *नेपाल उपत्यकाको मध्यकालीन इतिहास*) उनकै वर्णविन्यासअनुसार छपाएकोमा अहिले बहुप्रचलित पद्धतिमा परिवर्तन गरी किन छाप्नुपर्‍यो । फेरि, यस्तो परिवर्तनको सूचना त्यस पुन:प्रकाशित पुस्तकमा कतै खुलाइएको छैन ।

*अमरसिंह थापा*को पहिलो संस्करण (१८ पृ.)मा **गीर्वाणयुद्धविक्रम शाहको जन्म सन् १७९५ ई. मा भयेको हो । तेह्रौंतेनीका प्रेममा अन्धा भयेका रणबहादुर शाहले उनलाई आफ्नो उत्तराधिकारी तुल्याउने निश्चय गरे ।** भनी लेखिएको थियो । अहिलेको संस्करण (१४ पृ.)मा चाहिँ त्यसको ठाउँमा **गीर्वाणयुद्धविक्रम शाहको जन्म विसं १८५४ असोज १९ गते भएको हो । (पूर्णिमा, पूर्णाङ्क ५) गीर्वाणको राज्याभिषेक १८५५ फागुन २८ गते (सन् १७४६) मा भएको हो (ऐ) । तेह्रौंतेनीका प्रेममा अन्धा भएका रणबहादुर शाहले उनलाई आफ्नो उत्तराधिकारी तुल्याउने निश्चय गरे ।** भनी छापिएकोले वि.सं. २०२२ मा प्रकाशित खोजीको आधारमा यहाँनिर संशोधन गरिएको स्पष्ट छ । त्यस पुस्तकको पहिलो संस्करण छापिएदेखिका यी ८१ वर्षभित्र धेरै खोजी भइसकेकोले त्यस्तो संशोधन त्यस *अमरसिंह थापा*मा अन्त अन्त पनि हुनुपर्थ्यो । तर अन्त कतै संशोधन गरेको नदेखिएकोले त्यस संस्करणलाई संशोधित संस्करण भन्ने कि यथारूप संस्करण भन्ने दोधार पुस्तकालयशास्त्रज्ञहरूलाई परेको छ ।

ऊर्ध्वबाहुर्विरौम्येष न च कश्चिच्छृणोति मे (*महाभारत* १८।५।४९)

अर्थात् **हात माथि लगेर म कराइरहेछु, तर कोही पनि मेरो कुरा सुन्दैन ।**

*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्रीमा भएका हाम्रा कृति

१. अभिलेख-संग्रह (१-१२ भाग)	३८५।००
२. इतिहास-संशोधन	९५०।००
३. इतिहास-संशोधनको प्रमाण-प्रमेय	५४०।००
४. ऐतिहासिक पत्रसंग्रह	३३०।००
५. को हुन् त नयराज मन्त	७५०।००
६. कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या	८५।००
७. गल्लीमा फ्याँकिएका कसिंगर	३२०।००
८. गोरखाली विजययात्रा	२२५।००
९. जयरत्नाकरनाटक	३१५।००
१०. त्रिकोणमिति (ज्योत्पत्ति)	२५५।००
११. त्रिरत्न-सौन्दर्य-गाथा	३५५।००
१२. धादिङमा फेला परेका नेपाली कविता	७५।००
१३. नयराज पन्तका गणितीय कृति	४५०।००
१४. नयराज पन्तका ज्यौतिषीय चिन्तन	५३०।००
१५. नयराज पन्तको दृष्टिमा श्री ३ जङ्गबहादुर राणा	३७५।००
१६. नयराज पन्तको दृष्टिमा श्री ५ पृथ्वीनारायण शाह	४००।००
१७. नयराजपन्तश्रद्धाञ्जलि	१२५।००
१८. नेपालको संक्षिप्त इतिहास	४००।००
१९. नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य	५।००
२०. नेपाली इतिहासको परिवेश	३९९।००
२१. पञ्चाङ्ग-संशोधन	३००।००
२२. पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति	१७।००
२३. पूर्णिमा (१-१४७ पूर्णाङ्क)	१७५४४।००
२४. प्रसिद्ध ज्योतिषी भगीरथ जैसी	२००।००
२५. प्राचीन गणित र नवीन गणितको तुलना	१५।००
२६. बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू	५२५।००
२७. बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर	५०।००
२८. महामण्डलदेखि काँगडासम्म	१७५।००
२९. यो काम किन भइरहेको छ ?	३२५।००
३०. रत्नदीप (मूल मात्र)	३।००
३१. रत्नदीप १ भाग	१०५।००
३२. रत्नदीप २ भाग	९२।००
३३. राजज्योतिषी लीलानाथ पाँडेले तयार पारेको तिथ्यावली	१५०।००
३४. राजा, राणा र काङ्ग्रेस	५७५।००
३५. राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी	१५०।००
३६. विद्या-रक्षा	३५०।००
३७. विद्वच्छिरोमणि हेमराजको गोरखासम्बन्धी अनुसन्धान	१५०।००
३८. विश्रान्ति	८२।००
३९. व्याकरण-संशोधन	२००।००
४०. श्री ३ महाराज पद्मशमशेरका कुरा	१२।००
४१. श्री ३ वीरशमशेरको जीवनचरित्र	२००।००
४२. श्री ५ त्रिभुवनको राज्यारोहण	२५।००
४३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश	१५५०।००
४४. साधनमाला	१०००।००
४५. सावधान-पत्र	२००।००
४६. सिद्धान्तज्यौतिषे नयराजपन्तस्य योगदानम्	२२५।००
४७. हनूमान्ढोकादरबार मनमोहनचोकको दलानको शिलापट्ट र त्यहाँका शिलामूर्ति	५००।००
४८. हाम्रो उद्देश्य र कार्यप्रणाली	२२५।००
४९. हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना	२६०।००
५०. Adarsha (A supplement to Purnima)	५५०।००
५१. Inept Specimen ?	१६५।००
५२. ... krit Education	२६०।००
५३. ... Earlisest Copperplate Inscriptions	९०।००
५४. What did Amsuvarman write?	११०।००

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग, काठमाडौँ, नेपाल

फोन नं. ५६७०३८०

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल

फोन नं. ४५३५७४९, ९८४९२२१६४२

ई-मेल– samshodhanamandala@gmail.com

पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल